# पहिलो परिच्छेद

# शोधपत्रको परिचय

## १.१ विषय परिचय

लोकसाहित्यका विविध विधामध्ये एक महत्वपूर्ण विधाको रूपमा परिचित गाउँखाने कथाले नेपाली लोकसाहित्य फाँटमा महत्वपूर्ण स्थान ओगटेको छ । प्राचीनकालदेखि नेपाली जनमानसमा यस विधाले जरो गाडेको पाइन्छ । नेपाली ग्रामीण बस्तीका मानिसहरू आफ्नो कामको थकाइ मेटाउन होस् या केटाकेटीलाई भुलाउन होस् वा बौद्धिक खुराक दिन होस् गाउँखाने कथा भन्ने र सुन्ने गर्दछन् । दुईचार जना मानिसहरू भेटघाट भई प्रतीकात्मक रूपमा एकले अर्कोलाई प्रश्न सोध्ने र अर्कोले त्यसको उत्तर भन्ने यदि उत्तर भन्न नसकेमा प्रश्नकर्तालाई गाउँ दिएपछि प्रश्नकर्ताले अड्को फुकाउने वा उत्तर भन्ने भएकाले यस विधालाई गाउँखाने कथा भनिएको । यसमा प्रश्नकर्ताले अड्को थापी प्रश्न सोध्ने र उत्तरकर्ताले अड्को फुकाउँदै जाने हुनाले यसलाई अड्को पनि भनिन्छ ।

दिनभरको काम सकेर घरमा आएपछि अगेनाको छेउछेउमा वा मझेरीमा बसेर एकले अर्कालाई प्रश्न सोध्ने र त्यसको उत्तर भन्ने यदि उत्तर भन्न नसके गाउँ दिएपछि मात्र प्रश्नकर्ताले उत्तर भनिदिने गाउँखाने कथा नेपाली समाजमा आजसम्म पनि विद्यमान छ । यसलाई परिस्कृत र परिमार्जित बनाउने क्रममा सुख दुःख रमाइलो वा मनोरन्जनको साधनको रूपमा पनि आजभोलि गाउँखाने कथा प्रचलनमा आएको छ । हुँदाहुँदा आजभोली प्रतियोगितात्मक रूपमा पनि गाउँखाने कथा प्रयोग गर्न थालिएको पाइन्छ ।

डाँडाकाँडा, नदी, पहाड, खोला, जीवजन्तु, किराफट्याङ्ग्रा मानिसले प्रयोग गर्ने विभिन्न सामग्रीहरू, मानिसका अङ्गप्रत्यङ्ग आदिलाई विषयवस्तु बनाई बिम्बात्मक र प्रतीकात्मक रूपमा उत्तरहरू खोज्न अड्को थापी गाउँखाने कथाहरू भन्ने र सुन्ने गरेको पाइन्छ । यसले मानिसको बौद्धिक विकास गराउँछ ।  आजभोलि गाउँखाने कथामा मानिसको आकर्षण बढ्न थालेकाले लोक साहित्य अन्तर्गत रेडियो पत्रपत्रिकाहरूले पनि गाउँखाने कथालाई स्थान दिन थालेका छन् ।

गाउँखानेकथामा आफ्नैपन हुन्छ । कुनै पनि वस्तु चिनाउन र बुझाउन कठिन हुनेगरी प्रतीकात्मक रूपमा प्रश्नात्मक वाक्यहरू राखिएको हुन्छ । यसमा विभिन्न वस्तुहरूको माझमा प्रतिकात्मक रूपमा उत्तर खोज्ने गरिन्छ । समग्रमा नेपाली समाजमा सबै मानिसको बोलीमा रहेको प्रश्न र उत्तरको छोटो गद्यात्मक र पद्यात्मक रूप नै गाउँखाने कथा हो ।

## १.२ समस्या कथन

लोकसाहित्यको एउटा महत्पूर्ण विधा गाउँखाने कथा हो । यसले समाजका विविध पक्षलाई आफ्नो विषयवस्तु बनाएको छ । मानिसको जीवनमा सधैँ समान परिस्थिति रहँदैन । कहिलेकाहीँ समय बिताउन कठिन हुन्छ त कहिले ज्यादै थकित भइन्छ । त्यसै परिवेशमा रहेर श्रुति परम्पराबाट अड्को फुकाउँदै ल्याइएको गाउँखाने कथाको अति नै महत्वपूर्ण स्थान छ । धादिङ जिल्ला लोकसाहित्यको क्षेत्रमा निकै समृद्ध भएर पनि यहाँका विद्वान वर्गबाट यस क्षेत्रमा कलम नचलाउनु अनि यस क्षेत्रमा लागेर कुनै शोधखोज एवम् अध्ययन अनुसन्धान नगर्नु वा हुन नसक्नु नै एउटा प्रमुख समस्या हो । गाउँखाने कथाको प्रचलन र परम्परा धादिङ जिल्लामा निकै पुरानो भए तापनि त्यसका बारेमा विशेष रूपमा अध्ययन गर्ने कार्य यस अघि हुन सकेको छैन । यस स्थितिमा प्रस्तुत अध्ययनका निम्न लिखित समस्या रहेका छन् ।

क) धादिङ जिल्लाको मुरलीभञ्ज्याङ र नीलकण्ठ गाउँ विकास समितिमा के कस्ता गाउँखाने कथाहरू प्रचलनमा छन् ?

ख) सङ्कलित गाउँखाने कथाहरू के कसरी वर्गिकृत हुन सक्छन् ?

ग) सङ्कलित गाउँखाने कथामा के कस्तो समाज र संस्कृतिको चित्रण गरिएको छ ?

## १.३ शोधकार्यका उद्देश्यहरू

धादिङ जिल्लाको ग्रामीण भेगका विद्यार्थी किसान श्रमिक तथा साना बालबालिकालाई मनोरञ्जन प्रदान गर्न र बौद्धिक खुराक दिन गाउँखाने कथाहरूका बारेमा परिचर्चा गर्ने उल्लेखनीय कार्य अझै कतैबट नभएको वर्तमान सर्न्दभमा प्रस्तुत शोधकार्यका निम्न लिखित उद्देश्यहरू रहेका छन् ।

क) धादिङ जिल्लाको मुरलीभञ्ज्याङ र नीलकण्ठ गा.वि.स.मा प्रचलित गाउँखाने कथाको सङ्कलन गर्ने ।

ख) सङ्कलित गाउँखाने कथाको विविध आधारमा वर्गीकरण गर्ने ।

ग) प्रचलित गाउँखाने कथामा प्रतिबिम्बित समाज र संस्कृतिको विश्लेषण गर्ने । प्रस्तुत शोधकार्यको उद्देश्य रहेको छ ।

## १.४ पूर्वकार्य समिक्षा :

नेपाली गाउँखाने कथाको वर्तमान सन्दर्भमा हेर्दा राष्ट्रिय रूपमा नै अध्ययन अनुसन्धान भइरहेको पाइन्छ । कुनै क्षेत्र भूगोलाको सीमा परिधिभित्र रही गाउँखाने कथा अध्ययन गर्ने क्रम अहिले बढी रहेको पाइन्छ । त्रिभुवन विश्वविद्लायल नेपाली केन्द्रीय विभाग अन्तर्गतको नेपाली

लोकसाहित्यको खोज अनुसनधान गरी सोधपत्र तयार गर्नेक्रममा नेपाली गाउँखाने कथालाई पनि अध्ययनको विषय क्षेत्र बनाई सोधपत्र तयार पार्ने क्रम धेरै पहिले देखि हुँदै आएको छ । यस क्रममा नेपालका विभिन्न क्षेत्रलाई आधारमानी गाउँखाने कथा संकलन र अध्ययन गर्ने काम भइरहेको पाइन्छ ।

गाउँखाने कथाको प्रचलन पूर्विय साहित्य वा सस्कृति साहित्यका आचार्यहरू दण्डी, भामह, विश्वनाथ, धर्मदासले आ-आफ्ना कृतिहरूमा गरे । त्यसै गरी पश्चात्य साहित्यमा अरिष्टोटल जस्ता दार्शनिकले प्रयोग गरे । यसरी विकास हुँदै आएको गाउँखाने कथा नेपाली लोकसाहित्यमा लिखित रूपमा प्रवेश पाएको धेरै समय भएको छैन ।

मोतिराम भट्टको वि.सं. १९५२ को बधुशिक्षा दोस्रो संस्करणको भूमिकामा उखानको बखान र जान्ने कथा नामक कृतिमा गाउँखानेकथाको सामान्य छनक देखिएको छ । जसमा गाउँखाने कथाको झल्को दिएको पाइन्छ ।

सिद्धराज ओझाको सचित्र बालबोध वि.सं. १९९९ मा ४० भन्दा बढी गाउँखाने कथाहरू समावेश भएका छन् । सो बालबालिकाको लागि पाठय सामग्रीको रुपमा तयार पारिएको हो । जसमा विस्तृत अध्ययन र अनुसन्धान भएको पाइँदैन ।

गाउँखाने कथालाई नेपालको भूगोल अनुसार विभिन्न रूपमा चिनाउँदै धर्मराज थापा र हंसपुरे सुवेदीले झ्याँगा र टुक्का भनेका छन् । त्यसमा धर्मराज थापाको वि.सं. २०१४ सालमा प्रकाशित कृति गाउँखाने कथामा ६४ वटा गाउँखाने कथाका उदाहारण प्रस्तुत गरेका छन् । यसमा धादिङ जिल्लामा प्रचलित गाउँखाने कथाहरू केही मिले पनि क्षेत्रगत रूपमा धादिङ र धादिङ्गे परिवेशलाई छोएको छैन । बरु गाउँखाने कथाको अध्ययन परम्पारमा नयाँ आयम थप्दै गाउँखाने कथालाई उखान भन्न पुगेका छन् ।

सत्यमोहन जोशीले वि.सं. २०१४ सालमा लोक संस्कृतिसम्बन्धी १७ वटा लेखहरू लेखेका छन् । जसमा गाउँखाने कथा र उखानलाई एउटा लेखको रूपमा समावेश गराइएको छ । त्यस लेखमा गाउँखाने कथाको परिचय दिँदै १५ वटा गाउँखाने कथाको उदाहरण प्रस्तुत गरेका छन् । ती गाउँखाने कथाले धादिङ जिल्लाको परिवेशलाई छोएको भए पनि धादिङ जिल्लालाई नै अध्ययन क्षेत्र बनाई विस्तृत अध्ययन गरेको पाइँदैन ।

गाउँखाने कथा २०२८ मा रामकुमार पाँडेले १० वटा गाउँखाने कथा संकलन गरेका छन् । समाजमा प्रचलनमा रहेका गाउँखाने कथाहरूलाई संकलनमात्र गरेका छन् । त्यसको विस्तृत अध्ययन भने गरेको पाइँदैन ।

कालिभक्त पन्तको हाम्रो सांस्कृति इतिहास २०२८ कृतिमा नेपाली लोक गीतका विभिन्न पक्षलाई समेट्दै न्याउले खेलगीत शीर्षकमा न्याउले खेल अर्थात् देउडा गीतको चर्चा गरिएको छ । देउडा गीतामा पश्चिम नेपालमा प्रचलित गाउँखाने कथा भ्याँगको बारेमा वर्णन गरेका छन् ।

रत्नबहादुर तमटोले गाउँखाने कथा (२०३३) मा ३०० वटा गाउँखाने कथाहरू संकलन गरेका छन् । सो गाउँखाने कथा धादिङ जिल्लाको गाउँखानेसँग केही मिल्दा जुल्दा छन् तर धादिङ जिल्लालाई आधार मानी विस्तृत अध्ययन भएको पाइँदैन ।

यसरी अहिले राष्ट्रिय रूपमा नै नेपाली गाउँखाने कथाको अध्ययन विभिन्न क्षेत्रबाट भएको पाइन्छ । तर धादिङ जिल्लालाई क्षेत्रगत रूपमा नै केन्द्रविन्दु बनाएर गाउँखाने कथाको बारेमा छुट्टै अध्ययन अनुसन्धान नभएको भए तापनि गाउँखाने कथा सङ्कलन र अध्ययन गर्ने सर्न्दभमा विभिन्न सङ्कलनकर्ता लेखक तथा अन्वेषकहरूले समग्ररूपमा गरेको पूर्वकार्यको समिक्षा तल प्रस्तुत गरिएको छ ।

क) लोकनाथ रिजालले “धादिङ जिल्लामा प्रचलित नेपाली लोक कथाको सङ्कलन, वर्गीकरण र विश्लेषण नामक” शोधपत्रमा नेपाली लोककथाको सङ्कलन गरेका छन् । त्यसमा गाउँखाने कथा र लोककथाको सम्बन्ध लोकसाहित्यको विभिन्न विधाहरुको सम्बन्धलाई दर्शाइएको भए पनि धादिङ जिल्लाको गाउँखाने कथाको विश्लेषाणात्मक अध्ययन भएको पाइदैन ।

ख) चुडामणि बन्धुले नेपाली लोकसाहित्य (२०५८) नामक कृतिमा लोकसाहित्यका लोकसाहित्यका विभिन्न विधाहरूको वर्गीकरण र विश्लेषण गरेका छन् । गाउँखाने कथाको नमूना, अन्य लोकसाहित्यको विधाहरूको नमूना उल्लेख गरेका छन् तर स्पष्ट रूपमा धादिङ जिल्लामा प्रचलित गाउँखाने कथाको अध्ययन, संकलन र विश्लेषण भनी तोकिएको पाइदैन ।

ग) मोतिलाल पराजुली रूपरेखा र जीवेन्द्रदेव गिरिले नेपाली लोक साहित्यको रूपरेखा (२०६८) नामक कृतिमा नेपाली गाउँखाने कथाको वर्गीकरण त्यसको अध्ययन परम्पार उल्लेख गरेका छन् । तर त्यसमा धादिङ जिल्लाको परिवेशसँग मिल्दा मिले गाउँखाने कथा उल्लेख गरिएपनि धादिङ जिल्लालाई नै अध्ययन क्षेत्र मानी स्पष्ट रूपमा धादिङ जिल्लाको क्षेत्रगत अध्ययन भने भएको पाइदैन ।

घ) कपिलदेव लामिछानेले नेपाली गाउँखाने कथा (२०६८) नामक कृतिमा ८६६ वटा गाउँखाने कथा सङ्कलन गरी त्यसको अध्ययन गरेका छन् तर त्यसमा संकलित गाउँखाने कथाहरू धादिङ जिल्लामा प्रचलनमा रहेका गाउँ खानेकथाहरू हुनसक्छन् तर धादिङ जिल्लाको गाउँखाने कथाको संकलन, अध्ययन र वर्गीकरण भनी तोकिएको पाइदैन ।

ङ. कृष्णप्रसाद पराजुलीले नेपाली उखान र गाउँखाने कथा (२०३९) नामक कृतिमा गाउँखाने कथाको सङ्कलन र त्यसको अध्ययन विश्लेषण गरेका छन् । सङ्कलित गाउँखाने कथाहरू धादिङको परिवेशमा पनि केही मिलेका छन् तर गाउँखाने कथाको अध्ययनमा क्षेत्रगत रूपमा गाउँखाने कथाको नमूना उदाहरणहरूमा एकरुपता देखिए पनि स्पष्ट रूपमा धादिङ जिल्ला भनी तोकिएको  पाइदैन ।

च) शिवप्रसाद पौड्यालले नेपाली गाउँखाने कथा कोश (२०६१) नामक कृतिमा थुप्रै गाउँखाने कथाहरू संकलन गरी अध्ययन, वर्गीकरण र विश्लेषण गरेका छन् । केही गाउँखाने कथाहरू धादिङ जिल्लामा संकलित गाउँखाने कथासँग मिल्दाजुल्दा छन् । तर त्यस कृतिमा धादिङको परिवेश र धादिङ जिल्लाको कुनै नाम लेखिएको छैन ।

छ) नेपाली विषयको स्नातकोत्तर दोस्रो वर्षको शोधपत्र लेख्ने क्रममा विभिन्न शोधार्थीहरूले नेपाली लोकसाहित्य सम्बन्धि शोधपत्र तयार गरी पेश गरेका छन् । ती शोधपत्रहरूले धादिङ जिल्लाको गाउँखाने कथाहरूको सङ्गालो तयार पार्ने क्रममा निर्देशन दिनुका साथै प्रेरणा समेत प्रधान गरेका छन् ।

माथिका सबै कार्यहरू नेपाली लोकसाहित्यका क्षेत्रमा भएका सतप्रयास हुन् जसले नेपाली लोकसाहित्यमा जिज्ञासा राख्नेहरूलाई मार्ग निर्देशन गरेका छन् र यसले शोधार्थीलाई पनि निकै सकरात्मक सहयोग पुऱ्याएको छ ।

अत : नेपाली लोकसाहित्यमा त्रि.वि. नेपाली विभाग स्नातकोत्तर तहमा थुप्रै सोधपत्रहरू तयार भएका छन् । यसमा गाउँखाने कथाको औपचारिक रूपमा सोधखोज अध्ययन अनुन्धान २०५५ मा देवदत्त भट्टबाट सुरु भएको पाइन्छ । उनले बैतडेली गाउँखाने कथाको अध्ययन २०५५ शीर्षकमा बैतडी जिल्लामा प्रचतिलत गाउँखाने कथालाई समावेश गरी त्यसको विस्तृत अध्ययन अनुसन्धधान भएको पाइन्छ । यसै समयमा केशव सुवेदीको नेपाली लोकसाहित्यको अध्ययन अनुन्धान र परम्परा शीर्षकमा गाउँ खाने कथाको सैद्धान्तिक कुराहरू लेखिए पनि त्यसको छुट्टै अध्ययन भएको पाइँदैन ।

यसरी नेपाली गाउँखाने कथाको अध्ययन अनुसन्धानको क्रममा २०५५ सालदेखि हालसम्म थुप्रै अनुसन्धाताहरूले थुप्रै विधा र क्षेत्रभित्र रहेर अनुसन्धान गरेका छन् । देविप्रसाद वनवासे, शम्भु प्रसाद कोइराला, भरतकुमार प्रसाइँ, इश्वरी प्रसाद भण्डारी, कपिल अनन्त, जीवेन्द्रदेव गिरि लगायतका अनुसन्धानकर्ताहरूले गाउँखाने कथाको बारेमा अध्ययन गरेपनि सो अध्ययन अनुसन्धानमा धादिङ जिल्लाको कहि कतै परिवेश जानेडिएको पाइँदैन ।

## १.५ शोधकार्यको औचित्य

धादिङ जिल्लामा आधिकारिक रूपमा गाउँखाने कथा सम्बन्धी शोधकार्य नभएको वर्तमान अवस्थालाई मध्यनजर गर्दा प्रस्तुत शोधकार्य स्वतः औचित्यपूर्ण छ । यस शोधकार्यले धादिङ जिल्लाका विभिन्न परिवेशमा प्रचलनमा रहेका गाउँखाने कथाको वर्तमान अवस्थाको चित्रण गरेको छ । यसरी अलिखित रूपमा जनश्रुतिमा मात्र सीमित रहेको गाउँखाने कथालाई संकलन वर्गीकरणका साथ लिपिबद्ध हुनु विशेष महत्वको कुरा हो । यस कार्यले गाउँखाने कथाको अध्ययनमा अभिरुचि जगाउनुको साथै लोकसाहित्य अनुरागीहरू सबैलाई बौद्धिक खुराक प्रदान गर्नेछ । र नेपाली गाउँखाने कथाको अध्ययनमा पनि केही थप योगदान पुऱ्याउने हुनाले यस शोधपत्रको औचित्य बझ बढ्ता देखिन आएको छ ।

## १.६ शोधकार्यको सिमाङ्कन

नेपाली गाउँखाने कथा नेपाली लोकजीवनको प्राचीन सम्पदा हो । नेपाली लोकसाहित्यमा गाउँखाने कथाको क्षेत्र व्यापक छ । क्षेत्रीय रूपमा यसले व्यापक स्थान ओगटेको भए पनि प्रस्तुत शोधपत्रको शीर्षक अनुसार नै धादिङ जिल्लालाई मुख्य आधार बनाई विशेषताः जिल्लाहरूको मध्य क्षेत्रमा पर्ने नीलकण्ठ र मुरलीभञ्ज्याङ गा.वि.स. मा प्रचलित नेपाली गाउँखाने कथाको सङ्कलन वर्गीकरण र विश्लेषण गरिएको छ । यसका साथै प्रस्तुत शोधपत्रमा गाउाखाने कथाको सिद्धान्त एवं आवश्यक अङ्गको समेत अध्ययन गरिएको छ ।

## १.७ शोध विधि

प्रस्तुत शोधपत्रलाई मूर्तरूप दिनको लागि विभिन्न किसिमका सैद्धान्तिक एवं प्रायोगिक विधिहरू अवलम्बन गरिएका छन् । विशेषगरी शोधपत्रका लागि आवश्यक सामग्री संकलनका क्रममा क्षेत्रीय अनुसन्धान विधिका साथै गाउँखाने कथाका पुराना मान्यतालाई स्थापित गर्न र सैद्धान्तिक कुराको खोज गर्न पुस्तकालयीय विधि पनि प्रयोग गरिएको छ । यसका साथै गाउँखाने कथाको सम्बन्धमा लेखिएका पुस्तक पत्रपत्रिकाको साथै प्रत्यक्ष रूपमा धादिङ

जिल्लामा क्रियाशील स्थानीय रेडियोको कार्यक्रम संचालक र विभिन्न क्षेत्रको प्रत्यक्ष अवलोकन भ्रमण गरी गाउँखाने कथाको सैद्धान्तिक र प्रायोगिक पक्षको तालमेल मिलाउने प्रयास गरिएको छ ।

यसका अतिरिक्त विभिन्न विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूबाट विभिन्न पुस्तक लेख रचनाहरूको अध्ययनबाट पनि शोधपत्र लेखनका लागि चाहिने आवश्यक सामग्री संकलन गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

शोधकार्यका निमित्त लिइएको समस्या र त्यससँग सम्बन्ध विषयहरूलाई दृष्तिगत गरी प्रस्तुत शोधपत्रको रूपरेखालाई विस्तृत रूपमा अध्याय विभाजन गरिएको छ । अतः मोटामोटी रूपमा प्रस्तुत शोधपत्रको रूपरेखा यस प्रकार रहेको छ ।

क) पहिलो परिच्छेद : शोधपत्रको परिचय

ख) दोस्रो परिच्छेद : गाउाखाने कथाको सैद्धान्तिक पृष्ठभूमि

ग) तेस्रो परिच्छेद : धादिङ जिल्लामा प्रचलित गाउँखाने कथाको संकलन

घ) चौथो परिच्छेद : धादिङ जिल्लामा प्रचलित गाउँखाने कथामा समाज र संस्कृतिको चित्रण

ङ) पाँचौ परिच्छेद : उपसंहार

परिच्छेद : दुई

१. गाउँखाने कथाको परिचय

नेपाली लोकसाहित्यको फाँटमा गाउँखाने कथाको महत्वपूर्ण स्थान रहेको छ । प्राचीन कालदेखि नेपाली जनमानसमा यस विधाले जरो गाडेको पाइन्छ । नेपाली ग्रामीण बस्तिका मानिसहरू आफ्नो कामको थकान मेटाउन होस या केटाकेटीलाई भुलाउन होस वा बौद्धिक खुराक दिन होस गाउँखाने कथा भन्ने र सुन्ने गर्दछ । कतै ठट्यौली पाराले त कतै पद्यात्मक तवरले गाउँखाने कथालाई सबैले आफ्नो साथी बनाएकै थिए । दुई चार जना मानिसहरू भेटघाट भई प्रतीकात्मकरूपले एकले अर्कोलाई प्रश्न सोध्ने र उत्तर भन्ने भएकोले यसले लामो कथाको अपेक्षा नराखी उत्तरको मात्र अपेक्षा गरकोले यसलाई गाउँखाने कथा भनिएको हो । यसमा प्रश्नकर्ताले विभिन्न अड्को थापी प्रश्न सोध्दै जाने र उत्तर दिनेले अड्को फुकाउदै जाने भएकोले यसलाई अड्को पनि भनिन्छ । सुख दुःख रमाईलो वा मनोरञ्जनका साधनको रूपमा पनि आजभोलि गाउँखाने कथा प्रचलनमा आएको छ । हुँदाहुँदा आजभोलि प्रतियोगितात्मक रूपमा पनि गाउँखाने कथा प्रयोग गर्न थालिएको छ । बिम्वात्मक र प्रतीकात्मकरूपमा विभिन्न शब्दहरूको प्रयोग गर्दा समस्या उत्पन्न गरी उत्तर दिनेलाई अप्ट्यारो बनाई प्रश्न सोधिन्छ । अन्तमा उत्तर दिन नजाने प्रश्नकर्तालाई कुनै एउटा गाउँ दिएपछि प्रश्नकर्ताले ‘वरिपरि सेरोफेरो मेरो, दिसा गर्ने शौचालय तेरो’ भन्दै उत्तर दिने भएकाले यसलाई गाउँखाने कथा भनिएको हो ।

डाँडाकाँडा नदी पहाड खोला जीवजन्तु किराफट्याङग्रा आदिलाई जनाउने गरी गाउँखाने कथाको उत्तर आउने गर्दछ । आजभोलि लोक साहित्यतर्फ पाठकहरूको आर्कषण बढ्न थालेकाले लोक साहित्य अन्तर्गत रेडियो पत्रपत्रिकाहरूले पनि गाउँखाने कथालाई स्थान दिने थालेका छन् ।

नेपाली भाषाका विभिन्न भाषिकागत क्षेत्रको आधारमा र भूगोलको आधारमा गाउँखाने कथालाई विभिन्न नामले पुकारिन्छ । नेपालीमा यसलाई अड्को थाप्नु कथा हाल्नु पनि भनिन्छ । पश्चिम नेपालका कर्णाली अञ्चलमा यसलाई साइतर भनिन्छ । यसलाई पश्चिम नेपालको जुम्लातिर कठ्यौरा हाल्नु पनि भनिन्छ ।

लोकसाहित्यको फाँटमा गाउँखाने कथा निकै लोकप्रिय विषय हो । यसको प्रचलन विभिन्न विधामा भएको देखिन्छ । हिन्दीमा गाउँखाने कथालाई पहेली नामले चिनिन्छ भने यसलाई संस्कृतिमा प्रहेलिका भनिन्छ । संस्कृतिको कल्पसूत्रमा प्रवल्लिकालाई स्वास्नी मानिसको एक

कला भनिएको छ । अङ्ग्रेजीमा गाउँखाने कथालाई रिडल्स र जर्मनमा ऱ्याक्टसेल भनिन्छ । जापानीमा गाउँखाने कथाको समानार्थी रूप नाजो नाजो शब्द हो । पहेली र नेपाली भाषामा चलेको गाउँखाने कथा उस्तै हुन् । अवधि भाषामा यसलाई बुझौवल भनिन्छ । कतै कतै ह्याली पनि भन्ने गरेको पाइन्छ ।

गाउँखाने कथामा आफ्नैपन हुन्छ । कुनै पनि वस्तुलाई चिनाउन र बुझाउन कठिन हुनेगरी प्रतीकात्मकरूपमा प्रश्नात्मक वाक्यहरू राखिएको हुन्छ । यसमा विभिन्न वस्तुहरूको माझमा प्रतीकात्मकरूपमा उत्तर खोज्ने गरिन्छ । समग्रमा नेपाली समाजमा सबै मानिसको बोलीमा र प्रश्न र उत्तरको छोटो गद्यात्मक र पद्यात्मक रूप नै गाउँखाने कथा हो ।

२. गाउँखाने कथाको परिभाषा :-

नेपाली जनजिब्रोमा प्रचलित लोकप्रिय लोककण्ठमा आधारित पद्यात्मक गद्यात्मक कुटकथन नै गाउँखाने कथा हो । यसमा एकातिर बौद्धिक परीक्षण हुन्छ भने अर्कोतिर तर्कशक्ति पनि हुन्छ । यसमा मनोरञ्जनका साथै बौद्धिक कसरत बढी हुन्छ । गाउँखाने कथामा गद्य-पद्य दुवै रूपमा हुन्छन् भने केही अनुप्रास मिलेका पनि हुन्छन् । यसलाई विभिन्न विद्वानहरूले विभिन्न रूपमा परिभाषा दिएका छन् । ती यस प्रकार छन् :

१.२.१ : प्रहेलिका तु सा ज्ञेय वच संवृति कारियत् ।
(मुख्य रहस्य लुकाउने रमाइलो रचना प्रहेलिका हो ।)

-दण्डी

१.२.२ : गोष्ठया कुतुहलाध्यायी वाग्वधश्चित्रमुच्यते
प्रश्न प्रहेलिका गुप्त च्युदतेतयोभयम्
समस्या सप्तसद्भेष नानार्थस्यानुयोगत

-भामह काव्यालङ्कार

अर्थ:(अनेक भेद भएको कौतुहलपूर्ण यमकरञ्जित उक्तिको चमत्कारलाई प्रहेलिका भनिन्छ ।)

१.२.३ : रसस्य परिपन्थित्वान्नालङ्कार प्रहेलिका
उक्त वैचुयमात्रं साच्युतदताक्षरादिका

-आचार्य विश्वनाथ -साहित्य दपर्ण

अर्थ -(रसमा बाधा नपर्ने हुदा प्रहेलिका अलंकार होइन् प्रश्न प्रहेलिमा च्युतादाताक्षरादि उक्ति वैचित्य मात्र हुन् ।)

१.२.४ व्यक्तिकृत्य कमायार्थ स्वरूपार्थस्य गोपनाथ
यत्र वाहयनतरावर्थी कथ्यते सा प्रहेलिका

-आचार्य धर्मदास

(नेपाली गाउँखाने कथाको अध्ययन कपिलदेव लामिछाने पृष्ठ २३ र २४)

१.२.५ : "वार्तालापको क्रममा जब बारबम्बार रूपकको प्रयोग गरिन्छ भने तब ती गाउँखाने कथा बन्न जान्छन् ।" -अरिस्टोटल

१.२.६ : गाउँखाने कथामा मानिसको चित्रण र विश्लेषण छिपेको हुन्छ । - कुन्दनलाल उप्रेती

१.२.७ : "गाउँखाने कथा यथार्थमा कुनै पनि वस्तुको वर्णन हो त्यस वर्णनमा अप्रकृतद्वारा प्रकृतिको संकेत हुन्छ ।" -सत्यन्द्र

१.२.८ :"गाउँखाने कथा विशेष कला हो जसद्वारा बौद्धिकताको स्वरूप चम्कन्छ र त्यसमा एक प्रकारको तीव्रता आउँछ । त्यो सोद्देश्य रचना हो त्यसको सम्बन्ध बुद्धीको समाहार शक्तिसँग छ "। -सरोजनी रोहगती

१.२.९ : गाउँखाने कथाहरू वाग्विलासका वस्तु हुन । ती बुद्धी परीक्षाका अन्यतम् साधन हुन् । जुन प्रकारले, आधुनिक मनोवैज्ञानिक प्रश्नद्वारा कुनै बालकका बुद्धीको परिक्षण गरिन्छ त्यस्तै प्रकारले प्राचीनकालमा मानिसहरूको बुद्धी परीक्षणको लागि यिनको रचना गरिएको हुनुपर्दछ ।

-कृष्णदेव उपाध्यय

१.२.१० : "गाउँखाने कथा बुद्धी परीक्षा र बुद्धी विकासका वस्तु हुन् । यिनमा अर्थको योजना बनाउनुपर्छ । जसको लागि बुद्धीको बल लगाउनुपर्छ । बुद्धीवल हुने कारणले नै सहानुभूतिमा बाधा पर्दछ ।" - श्रीराम शर्मा

१.२.११ : गाउँखाने कथाले आभिव्यक्तिलाई प्रतीकात्मक माध्यम बनाउने हुँदा ती मानिसहरूको बौद्धिक क्षमता र ज्ञानलाई जागृत गर्ने महत्वपूर्ण साधन हुन् ।

-श्री विक्रमादित्य मिश्र

१.२.१२ : "यस्ता वाक्य वा वाक्य रचनाहरूलाई गाउँखाने कथा भनिन्छ जसलाई जानि बुझिकन द्वयर्थक बनाइएको हुन्छ । अथवा जसका अभिष्टलाई सभिप्राय प्रश्न राखिएको हुन्छ । जब कि अरू तिनको विषयमा अन्वेषण गरुन् ।" - इन्साइक्लोपिडिया

१.२.१३ : वक्ताले प्रश्नको रूपमा अड्को हाल्ने र श्रोताले नाउँमात्रको गाउँ दिएपछि सो अड्को फुकाइदिन कथा जान्नेकथा कुटकथन पहेली नै गाउँखाने कथा हो । - नेपाली वृहत शब्दकोश

१.२.१४ :"पहेलीहरू मूल रूपमा प्रश्न हुन् यसका सबै प्रकारमा केही न केही सोधिएको हुन्छ।"

- चुडामणि बन्धु

१.२.१५ : "गाउँखाने कथापनि एकथरीको अड्को नै हो । अड्कोको गाँठो खोल्न नसक्दा गाउँ दिनैपर्ने हुनाले यही अड्कको थरीको अड्कोको नाउँ गाउँखाने कथा रहन गयो ।"

- शिवकुमार राई

१.२.१६ : "गाउँखाने कथामा गाउँघरे मानिसको हृदयको उद्गारमा तिखारिएको बुद्धीको देन पनि देखापर्दछ । जुन मामुली भए पनि अर्थपूर्ण हुन्छ र समस्यापूर्तिको रूपमा प्रश्न बनेर सबैको सामुन्ने खडा हुन्छ ।" - सत्यमोहन जोशी

१.२.१७ : "गाउँखाने कथा दुई समूहमा बाँडिएको पक्षमा-विपक्ष बनेको दौतरीबीच परस्पर प्रश्न रूपमा अड्को हाल्ने र फुकाउने प्रश्नोत्तरात्मक रमाइलो वाग्विनोद हो । यहाँ अड्को फुकाउन नसके नसक्ने पक्षले नाउँमात्रको गाउँदिने र अड्को फुकाई दिने प्रचलन छ यही अड्को वा प्रश्नात्मक जान्ने कथाहरू नै गाउँखाने कथा हुन् ।" - हंसपुरे सुवेदी

१.२.१८ :"गाउँखाने कथामा बौद्धिक विकास वा मनोरञ्नका निमित तार्किक तथा प्रतीकात्मक अड्को र तिनका वस्तुगत उत्तर हुन्छन् । - कृष्णप्रसाद पराजुली

१.२.१९ : "गाउखाने कथा गाउँलेले मनोरञ्जनका लागि भन्ने छोटो समयमा गरिने ठट्टा र रमाइलो हो यो छोटो हुन्छ तर मीठो र साधारण हुन्छ अनि मार्मिक पद्यात्मक र लयात्मक पनि हुन्छ । " - तुलसीमान श्रेष्ठ

१०.२.२० : "बसिबियालोको समयमा लोक मनोरञ्जनको रूपमा केटाकेटीहरूको बुद्धी तिखार्नमा र समस्या पूर्तिको रूपमा पनि गाउँखाने कथा झिक्ने र भन्न लगाउने चलन छ । यसको प्रयोगमा आफ्नै एउटा शैली छ । जंगलमा दाउरा खोज्न जाँदा र मेलापातमा जाँदा चौतारीमा थकाइ मार्दा घरका आगन र पेटीमा जम्मा हुँदा तथा हिउँदे यममा घरभित्र अगेनुको वरिपरी आगो ताप्न लाग्दा कथाको प्रश्न स्वतः उठ्न थाल्छ ।" - नेपाली साहित्य कोश

१.२.२१ : गाउँखाने कथा लोकसाहित्यको अमूल्य निधि हो हेर्दा मामुली प्रश्न झैं देखिने गाउँखाने कथा समस्या पूर्तिका रूपमा प्रश्न बनेर सबैको सामु खडा हुन्छन् । यस्ता साधारण झैं देखिने गाउँखाने कथाभित्र गूढार्थ लुकेको हुन्छ ।" - विजय चालिसे

यसरी गाउँखाने, कथा, लोककथाका बारेमा विभिन्न विद्वानहरूले दिएको परिभाषालाई अध्ययन गर्दा यो निष्कर्षमा पुग्न सकिन्छ ।

गाउँखाने कथा, लोकसाहित्यको यस्तो विद्या हो यसमा बौद्धिकताको परीक्षण हुनुको साथै लयात्मक पद्यात्मक र गद्यात्मक शैली प्रयोग भएको रचिएको हुन्छ । प्रतीकात्मक अर्थ बोकेको गाउँखाने कथामा अड्को थाप्ने छोटा प्रश्नहरू समावेश गरी पक्ष र विपक्षमा प्रश्न सोध्ने गरिन्छ । विपक्षले उत्तर नदिए नाममात्रको गाउँ दिए पछि पक्षले उत्तर भन्ने प्रचलन छ त्यसैले यसलाई गाउँ खाने कथा भनिन्छ ।

२. गाउँखाने कथाका विशेषताहरू

नेपाली गाउँखाने कथाहरूको अध्ययन परम्परा र परिभाषाहरूलाई हेर्दा यसले छुट्टै विशेषता बोकेको पाइन्छ । यो मानिसको बौद्धिक परीक्षण गर्ने लघुतम स्वरूप भएको मनोरञ्नात्मक र प्रतीकात्मक विधा हो । यसले मानिसको बौद्धिक क्षमताको समेत विकास गर्ने भएकोले यसको विशेषता थुप्रै रहेका छन् । विभिन्न विद्वानहरूले गाउँखाने कथाको विशेषतालाई आ-आफ्नो ढङ्गले प्रस्तुत गरेको पाइन्छ तर समग्रमा गाउँखाने कथाको विशेषता यस प्रकार छ ।

**२.१ बौद्धिकता**

गाउँखाने कथा लोक जीवनका बुद्धी विकासका माध्यम हुन् । प्राचीन समयदेखि नै मानिसको बुद्धीको पारख गर्ने र तीक्ष्ण मनस्थितिबाट कुनै वस्तुप्रतिको ज्ञानको क्षमता जाँच्ने लोक प्रचलन पाइन्छ । गाउँखाने कथा बौद्धिक कसरतबाट सिर्जिएको विधा हो । यसले मानिसको बौद्धिक क्षमताको जाँच गर्ने गर्दछ र प्रश्न आँफैमा पनि बौद्धिकता भरिएको हुन्छ । हिजो आज प्रतियोगिताहरू सञ्चालन गर्दा हाजिरजवाफमा प्रश्न सोध्दा गाउँखाने कथालाई महत्व दिइन्छ । यसले विद्यार्थीहरूमा कूट प्रश्नका परिवेश छिटो बुझ्न र त्यसको गहिराइसम्म पुगी उत्तर पत्ता लगाउन सजिलो भई विद्यार्थीको बौद्धिक शक्ति तिख्खर हुनुका साथै छिटो र छरितो उत्तर दिन सक्ने भएकोले कथामा बौद्धिकता भरिएको हुन्छ ।

**२.२ प्रतीकात्मक**

गाउँखाने कथा अभिधामूलक नभई व्यञ्जना र लक्षणा जस्ता शब्द शक्तिले भरिएको हुन्छ । यसले कुनैपनि वस्तुको सोझो अर्थ नदिइ बक्र वा घुमाउरो अर्थ प्रदान गर्दछ जस्तै "धर्तीमुनी जगल्टे घर्ती" यसमा पिँडालुको प्रतीकको रूपमा जगल्टे घर्तीलाई प्रयोग गरिएको हुन्छ । त्यसैले गाउँखाने कथाभित्र प्रतीकात्मकशब्दहरूको प्रयोग भएको हुन्छ ।

**२.३ संक्षिप्तता**

गाउँखाने कथा संक्षिप्त रूपमा रचिन्छ । सामान्यतः वाक्यदेखि पदावलिसम्मका आयामहरू यसमा हुन्छ । कविताको रूपमा लेखिएपनि मुक्तकका आकारमा हुन्छ । लघुतम वाक्यहरू वा छोटा वाक्य र पदावलीहरूमा गाउँखाने कथा तयार हुन्छ । जस्तैः डोब आउँछ किलो बसिरहन्छ -(एँसेलु) । उडक्यौलो-मुडक्यौलो चामलको पिठो म्वाइँ खान जाँदा चिच्याएर उठ्यो - (शङ्ख) यस्तै छोटा छोटा पदावली र वाक्यहरू समेटिने भएकाले यसमा संक्षिप्तता रहेको हुन्छ ।

## २.४ मनोरञ्जनात्मकता

बालबालिकालाई मनोरञ्जन प्रदान गरी बौद्धिक ज्ञान दिन गाउँखाने कथा भन्ने गरिन्छ । घरायसी कामकाज तथा मेलापातको काम सिध्याएर एकै ठाउँमा भेला भई गाउँखाने कथा भन्ने गर्दा यसले एकातिर थकान मेटाउँछ भने अर्कोतिर मनोरञ्जन पनि दिन्छ त्यसैले गाउँखाने कथामा मनोरञ्जन पक्ष ज्यादै सबल देखिन्छ । (मोति र जीवन्द्रन्देव २०६८: ३२५)

## २.५ खिरिलोपन

गाउँखाने कथाको रूप सानो भएकोले कथा भन्ने र अर्थ फुकाउन समय धेरै चाहिदैन । एक बसाइमा थुप्रै गाउँखाने कथाहरू भन्न सकिन्छ । यसमा लामा लामा प्रश्नहरू र लामा उत्तर समेत नहुने भएकोले प्रश्न पनि छोटो र उत्तर पनि एक शब्दमा र छोटा पदावलीमा दिन सकिन्छ । त्यसैले यसमा खिरिलोपन हुन्छ । (कृष्णप्रसाद पराजुली २०६९:१९२)

## २.६ पारम्परिकता

पारम्परिकता गाउँखाने कथाको अर्को विशेषता हो । वर्षौंदेखि नेपालीमा लोक साहित्यमा चल्दै आएको विद्या गाउँखाने कथा हो । नेपाली समाजमा धेरै पहिलेदेखि नै गाउँखान कथाको परम्परा बसेको र त्यहि परम्परा एक पछि अर्को पुस्तामा सर्दैआएको हो हालसम्म पनि परम्परागत रूपमा नै गाउँखाने कथा भन्ने चलन छ ।

## २.७ परिवर्तनशीलता र गतिशीलता

निरन्तर परिवर्तन भइरहनु र गतिशील भइरहनु गाउँखाने कथाको अर्को विशेषता हो । गाउँखाने कथा कथन, श्रवण र पुनर्कथन चक्रमा घुमिरहँदा गतिमान हुन्छ । गाउँखाने कथा प्रस्तुतकर्ताले सुनाउँछ र त्यसलाई अर्कोले सुनेर सम्झन्छ अनि उसले फेरि प्रस्तुत गर्दछ । यसो गर्दा सुनेको जस्ताको तस्तै सुनाउन सम्भव नभएपछि उसले केहि फेरबदल गर्दै परिवर्तन गर्दै अर्को मानिसमा सुनाउन पुग्छ । एक पुस्ताले सुनेका कथा अर्को पुस्ताले परिवर्तन गरि सुनाउँछ यसरी गाउँखाने कथा परिवर्तनशील र गतिशील भएको हो ।

## २.९ सरलता र सहजता

भाषिक रूपमा अल्मल्याउने भएपनि सामान्यतया गाउँखाने कथा सरल हुन्छ । यसमा विभिन्न बिम्ब अलङ्कार र प्रतीकको प्रयोग भए पनि सहज रूपमा आएको छ । केहि गोपनियता भएपनि सबै परिधिमा गोपनियता हुँदैन र उत्तर सहज र सरल रूपमा पाउन सकिन्छ । एक मुखबाट निस्कनासाथ अर्काको स्मृतिमा स्थिर हुन्छ र अर्कोले पुनःप्रस्तुत गर्न

थाल्छ । यसको अभिव्यक्तिलाई अत्याधिक दुर्बोध्य र जटिल पारिएको हुँदैन यो गाउँखाने कथाको उल्लेखनीय वैशिष्ठ्य हो ।

## २.१० रचनाकारको अज्ञातता

रचनाकारको अज्ञातता गाउँखाने कथाको अर्को विशेषता हो । यसको सुरुमा रचनाकार को हो ? कथा प्रस्तुत गर्ने व्यक्ति को हो ? भन्ने बारेमा कुनै जानकारी पनि छैन र कुनै तथ्य पनि भेटिदैन । यसलाई एक व्यक्तिबाट सुनिन्छ र अर्को व्यक्तिले त्यसलाई स्मरण गर्दै अर्को व्यक्तिमा सुनाइन्छ यसरी एक पुस्ताबाट अर्को पुस्तामा रूपान्तरण हुँदै आएको गाउँखाने कथामा कुनै लिखित सामाग्री पाइँदैन र पाए पनि रचनाकार वा लेखकको नाम उल्लेख नहुने हुँदा यसमा रचनाकार अज्ञात रहन्छ ।

## २.११ प्रश्नोतरात्मक अभिव्यक्ति

गाउँखाने कथाको अर्को विशेषता प्रश्नोत्तरात्मक अभिव्यक्ति हो । यसमा एक व्यक्तिले अड्को थाप्ने वा प्रश्न गर्ने र अर्कोले त्यस प्रश्नको उत्तर दिई अड्को फुकाउने काम गरिन्छ साथै काव्यात्मक रूपमा प्रश्न सोधेपछि काव्यात्मक रूपमै त्यसको उत्तर दिइने भएकोले यसमा प्रश्नोतरात्मक अभिव्यक्ति रहन्छ ।

## २.१२ रूपकात्मकता/उपमानमूलकता

एक वस्तुको वर्णनद्वारा त्यस्तै अर्को वस्तुलाई देखाउनु रूपकात्मकता हो गाउँखाने कथामा विभिन्न उपमान र उपमेयको शब्द देखाई वर्णन गर्दा रूपक अलङ्कार हुन्छ । जस्तैः एउटा कबेलीका सातवटा प्वाल के हो ? फर्सीको उपमानद्वारा मानिसको टाउकोको वर्णन गरिएको छ त्यसैले गाउँखाने कथामा रूपकात्मकता र उपमान मूलकता रहेको हुन्छ ।

## २.१३ निरर्थक शब्दको समावेश

गाउँखाने कथा छोटो छरितो वा लघु आकारको विधा भएकोले यसमा विषय वर्णनको लागि धेरै शब्द -शब्दावली लगाउने स्थान हुँदैन । अनुप्रास र तुक मिलाउन अन्य विभिन्न प्रयोजनबाट गाउँखाने कथामा अनावश्यक र निरर्थक शब्द र शब्दावली प्रयोग गर्नु गाउँखाने कथाको अर्को विशेषता हो ।

## २.१४ उत्तरको रुढता

गाउँखाने कथाले प्रश्न वा समस्या तेर्स्याउँछ त्यो समस्यालाई दोस्रो पक्षले सोचेर गमेर बताउनुपर्ने हुन्छ । यसलाई अत्तो वा अर्थ फुकाउने भनिन्छ । यस्तो अर्थ निश्चित परम्परादेखि

प्रचलित वा रूढ हुन्छ । श्रोता वा दोस्रो पक्षले पहिले जुन उत्तर दिए त्यहि उत्तर वा अर्थ लगाउनुपर्छ जुन परम्परादेखि लगाइएको हुन्छ ।

**२.१५ प्रश्तोताको हाँक**

प्रश्तोताको हाँक गाउँखाने कथाको अर्को विशेषता हो । यसमा प्रस्तुतीको क्रममा प्रस्तोताले श्रोतालाई हाँक दिन्छ । प्रस्तोताले श्रोतालाई गाउँखाने कथाको उत्तर भन्न नसके यसो होला भनि होच्याउँछ । यस्तो गाउँखाने कथाको संरचना यस प्रकार छ :

- कथा न कुथुङ्ग्री कन्डापट्टि गाँड, यो कथा नजान्ने बोक्सीको राड के हो?

- पुरानो ढोका

- एउटा ठुटामा दुइवटा च्याउ, यो कथा नजान्ने मुसा पोली खाउ । -कान

यस्ता गाउँखाने कथाको उत्तर भन्न नजाने बोक्सीका राड भइस, मुसा पोलेर खा भन्ने जस्ता कुरा गरेर प्रश्नकर्ताले श्रोतालाई होच्याउने हुनाले यसमा प्रश्नकर्ताले श्रोतालाई हाँक दिन्छ ।

**२.१६ कल्पनाशीलता**

कल्पनाशीलता गाउँखाने कथाको अर्को विशेषता हो यसमा गाउँखाने कथा प्रस्तुत गर्नेले कल्पना गरी-गरी नयाँ-नयाँ विषयलाई अफट्यारो पारी-पारी प्रश्न सोध्ने गरिन्छ । यस्तो अवस्थामा उत्तर दिनेले पनि गाउँखाने कथाले यो भन्न खोजेका हो भनि कल्पनाकै आधारमा उत्तर दिने गरिन्छ त्यसैले गाउँखाने कथामा कल्पनाशीलता बढी देखिन्छ ।

- कपिलदेव लामिछाने २०६८ : ५०

३. गाउँखाने कथाका तत्वहरू

गाउँखाने कथा नेपाली लोक साहित्यमा छिटो र छरितो रूपमा आउने विधा हो । यसको रचना र निमार्णमा विभिन्न तत्वहरू रहेका हुन्छन् । गाउँखाने कथा कुन सन्दर्भमा आएको हो त्यहि सन्दर्भको अर्थ वा तात्पर्यलाई तत्वको मुख्य घटककै रूपमा लिईन्छ । गाउँखाने कथालाई बनाउने वा अस्तित्वमा ल्याउने मूल कारक वा तत्व नै गाउँखाने कथाका तत्वहरू हुन् गाउँखाने कथाको कारक तत्व, घटक अवयव आदि नामले तत्वलाई चिनिन्छ । त्यसैले गाउँखाने कथामा निम्न तत्वहरू रहेको पाइन्छ । (डा. कपिलदेव लामिछाने २०६८:३१) मा गाउँखाने कथालाई ६ वटा तत्वमा उल्लेख गरेको पाइन्छ, ति मध्य केहि यस प्रकार छन् ।

### ३.१ कथ्य वा वर्ण्यविषय

गाउँखाने कथामा कुनै न कुनै वस्तु वा विषयको वर्णन विवरण वा लक्षण प्रस्तुत गरिन्छ । ती विषयका आधारमा श्रोताले अर्थ लगाउनु वा उत्तर दिनु पर्ने हुन्छ । कुनै पनि विषयको वर्णन वा कथन नै गाउँखाने कथाको कथ्य वा वर्ण्यविषय कहलाउँछ गाउँखाने कथाका कथ्य विषय परम्परागत घरेलु र दैनिक प्रयोगमा आउने वस्तुहरू तथा पहाड नदीनाला जीवजन्तु चराचुरुङगी आदि विषयवस्तु कथ्य वा वर्ण्यविषयको रूपमा आउँछ । त्यसैले गाउँखाने कथाको मुख्य तत्व कथ्य वा वर्ण्यविषय पनि हो ।

### ३.२ अड्को वा प्रश्न

अड्को वा व्यवधान ल्याउनु गाउँखाने कथाको अर्को मुख्य तत्व हो । यसलाई प्रश्न वा समस्या पनि भन्न सकिन्छ । कुनै पनि वस्तु विषय वा कार्यव्यपारको वर्णन हुन्छ त्यो सोझो र सतही अर्थ लाग्ने खालको हुँदैन । सोझो अर्थ लाउन वा अड्को वा बाधा प्रस्तुत गरिएको हुन्छ । श्रोताले त्यस्ता अड्को वा बाधालाई फुकाएर अपेक्षित उत्तर वा समाधान गनुपर्ने हुन्छ ।

यसमा उत्तर प्राप्तिको लागि विभिन्न बाधा वा अड्को पार्ने खालका शब्द र पदावलीका प्रयोग गरिन्छ । कहिँ विपरित अर्थको प्रयोग गरिन्छ भने कहि श्रुति समभिन्नार्थी शब्द प्रयोग र अलङ्कारहरूको प्रयोग गदै प्रश्नकर्ताले श्रोतालाई अड्को थाप्ने काम गरिन्छ ।

जस्तै : हात न खुट्टा उखेल्छ बुटा के हो ? –पहिरो

ताउली पाक्यो, जाउली पाकेन के हो ? -अम्बा

काठकी बाच्छी ढुङगाकी गाई, जति दुह्यो उत्ति आई के हो ? -चन्दन घोटेको

यसरी गाउँखाने कथामा विभिन्न शब्द र शब्दाबली प्रयोग गदै अड्को थापी प्रश्न गर्ने गरिन्छ ।

### ३.३ उत्तर वा अर्थ

उत्तर वा अर्थ गाउँखाने कथाको अर्को तत्व हो । यसलाई समाधान गर्न उत्तर वा अर्थ फुकाउ पनि भनिन्छ । गाउँखाने कथा उत्तारापेक्षी प्रश्न भएकोले यसमा अड्को वा समस्या हुन्छ । निश्चित समाधान वा उत्तर हुन्छ । अर्थ र उत्तर नभएको गाउँखाने कथा हुदैन । त्यसैले उत्तर वा अर्थ कथाको आवश्यक र अनिवार्य तत्व हो ।

### ३.४ भाषा

गाउँखाने कथाको अर्को माध्यम भाषा हो । यसले नेपालीका सबै भूगोलहरू ओगटेकोले गाउँखाने कथाको माध्यम विभिन्न भाषिकालाई पनि बनाएको छ । एकभन्दा बढि शब्दको

प्रयोग गाउँखाने कथामा हुने भएकाले यसमा नेपाली बोलीचालीका मौलिक भाषा र झर्रा शब्दलाई पनि गाउँखाने कथामा समेटिएको छ । त्यसले गर्दा गाउँखाने कथाको भाषा सरल र सबैले बुझ्ने खालको हुन्छ ।

**३.५ कथन ढाँचा शैली**

गाउँखाने कथाको प्रमुख संरचक तत्व कथन ढाँचा र शैली हो । कुनै पनि रचनाको अभिव्यक्ति तौरतरिका वा ढंगलाई त्यसको कथन ढाँचा वा शैली भनिन्छ । गाउँखाने कथा सरल र स्पष्ट देखिए पनि यसको शैली श्रोतालाई अल्मल्याउने वर्णनबाट भ्रम उत्पन्न गरी उत्तरमा कठिनाई ल्याउने काम गरिन्छ ।

गाउँखाने कथाको ढाँचा प्रश्नोत्तरात्मक शैलीको हुन्छ । यसमा पहिले प्रश्न राखिन्छ र श्रोताले गमेर उत्तर दिन्छन् । यसको शैली सिधा प्रश्नबाट र काव्यात्मक तरिकाबाट प्रश्न सोधि काव्यात्मक तरिकाबाट उत्तर पनि भन्ने शैली र कथन ढाँचा गाउँखाने कथामा रहेको छ ।

**३.६ उद्देश्य**

गाउँखाने कथाको अर्को तत्व उद्देश्य हो । गाउँखाने कथाको भन्नुको उद्देश्य के हो, यो के का लागि भनिन्छ त्यो नै गाउँखाने कथाको उद्देश्य हो, यसलाई प्रयोजन पनि भनिन्छ । सामान्यतया गाउँखाने कथाको उद्देश्य यसको रचना र प्रकृतिभित्र रहेको हुन्छ । कुनै गाउँखाने कथा बसिवियाँलो वा समयको खर्च गर्न प्रयोग गरिन्छ त कुनै गाउँखाने कथा बौद्धिक व्यक्तिहरूको बौद्धिक क्षमता जाँच्न प्रयोग गरिन्छ । कति गाउँखाने कथाहरू बालबालिकालाई मनोरञ्जन दिन पनि प्रयोग गरिएको हुन्छ । यसलाई ज्ञान आर्जन गर्न संस्कृति सम्पादन र शिक्षाको लागि प्रयोग गरिएको हुन्छ, त्यो नै गाउँखाने कथाको उद्देश्य हो ।

४. गाउँखाने कथाको वर्गीकरण

गाउँखाने कथाको विधागत वर्गीकरण गरेको पाईदैँन ता पनि गाउँखाने कथालाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ । धर्मराज थापा र हंसपुर सुवेदीले गाउँखाने कथालाई झ्याँगा र टुक्का भनि वर्गीकरण गरेको पाइन्छ । यसै गरी नेपाली गाउँखाने कथालाई चुडामणि बन्धुले (२०६६:३२२) ५ भागमा वर्गीकरण गरेका छन् ।

नेपाली गाउँखाने कथाको वर्गीकरण लाई धैरै क्षेत्रसँग सम्बन्धित गरिएको पाइन्छ । पराजुलीले (२०६९:१९७ र १९८) मा गाउँखाने कथालाई रूपात्मक र विषयात्मक गरी दुई भागमा वर्गीकरण गरी यी दुई आधारलाई पनि कृष्णप्रसाद पराजुली (२०६९:१९७ र १९८) ले पनि ५/५ भागमा वर्गीकरण गरिएको पाइन्छ ।

यसैगरी गाउँखाने कथालाई रूप, स्वरूप, उत्तर दिने शैली, विषय प्रकृतिको आधारमा विभिन्न भागमा वर्गीकरण  गरेको पाइन्छ। शिवप्रसाद पौड्यालले (२०६१/७४) गाउँखाने कथा कोशमा १४ प्रकारका गाउँखाने कथा छन् भनि वर्गीकरण  गरेको पाइन्छ नेपाली गाउँखाने कथामा घाउटा फिट्टा संगितात्मकता मनोरञ्न्न र प्रश्नोतर हुन्छ । यी सबै विषेश क्षेत्रका आधारमा गाउँखाने कथालाई परम्परागत र वैज्ञानिक गरी २ भागमा वर्गीकरण  गरेका छन् । पराजुली/ गिरीले गाउँखाने कथाको (२०६८: २२६, ३२७) २ भागमा पनि स-साना भाग गरी वर्गीकरण गरेका छन् । परम्परागत वर्गीकरणलाई ४ भागमा र वैज्ञानिक वर्गीकरण लाई २ भागमा वर्गीकरण गरिएको पाइन्छ (पराजुली गिरी २०६८:३२६,३२८) ।

वैज्ञानिक वर्गीकरणलाई २ वर्गमा वर्गीकरण  गरिएकोमा पहिलो संरचनात्मक र दोस्रो विषयगत रहेको छ । यसलाई पनि विभिन्न उपवर्गमा विभाजन गरिएको पाइन्छ । (पराजुली/ गिरी २०६८:३२९–३३) संरचनाको आधारमा ३ भागमा र विषयगत आधारमा ४ भागमा वर्गीकरण  गरेको पाइन्छ (पराजुली/गिरी २०६८:३३) ।

समग्रमा गाउँखाने कथालाई विषयवस्तु आयाम र प्रकृतिको आधारमा वर्गीकरण  गर्न सकिन्छ। सामान्यतया गाउँखाने कथालाई निम्न आधारमा वर्गीकरण  गरिन्छ।

## ४.१ रूप र संरचनाको आधारमा गाउँखाने कथा

भाषिक रूपले गाउँखाने कथालाई संरचनात्मक रूपमा र स्वरूपको आधारमा पनि वर्गीकरण गरिएको छ । रूप र संरचनाको आधारमा गाउँखाने कथालाई विभिन्न भागमा विभाजन गरिएको छ।

### ४.१.१ पदावलिको रूपमा गाउँखाने कथा

गाउँखाने कथामा विभिन्न पदावलिहरूको प्रयोग भएको हुन्छ। जसमा पूरा वाक्य नभएर पदावलीको रुपमा आई अड्को थाप्ने र श्रोताले त्यसको अड्को फुकाउने गरिन्छ।

जस्तै :

१. गरिवले फाल्ने धनिले राख्ने के हो ? - सिंगान

२. छउञ्जेल तातै गएपछि रातै के हो ? - घाम

३. वरिपरी डिट्ठा माझमा विचारी। - दाँत र जिब्रो

४. लामो डाँडामा दुईवटा सुरुङ के हो ? - नाक

५. जुँगा तान्दा मुसुक्क हास्ने के हो ? - थैली

६. अजुली भरी सुनका मुन्द्रा के हो ? - बोगता

७. कोठाभरी पुलिसका डफ्फा । - सलाई

८. जोइपोइको एउटै कम्मरपेटी के हो ? - तँगारो

९. ढुङ्गा न माटो स्वर्ग जाने बाटो के हो ? - भऱ्याङ

१०. जति घोच्यो उति ठुलो के हो ? - स्वीटर बुनेको

११. भित्र इनार बाहिर धारो के हो ? - करुवा

१२.आमामाथि छोरी नाच्ने के हो ? -सिलौटामा लाहोरो

१३. बाहिर बोक्रो भित्र खोक्रो के हो ? - भकुण्डो

### ४.१.२ बहुवाक्यात्मक क्रियापद युक्त गाउँखाने कथा

धेरै पदावली जोडिएर क्रियापदको प्रयोग भएको पूर्ण वाक्य युक्त गाउँखाने कथाहरू यस वर्गमा पर्दछन् यसमा छोटा छोटा दुई वा दुईभन्दा बढि वाक्यहरू पनि समावेश भएको हुन्छ । त्यस्ता गाउँखाने कथाहरू यस प्रकार छन् ।

१. हिड्दै छ धोती सुकाउदै छ के हो ? -चिप्लेकिरा

२. मरेको गोरु गाउँबेसी गर्छ के हो ? -नारा

३. बुढो भई जन्मन्छ बालक भई मर्छ के हो ? - कुचो/कपुर

४. हिड्दै छ, बुर्की छर्दै छ के हो ? -बाख्राले बड्क्यौल्याएको

५. पोलेको माछो रुख रुखै चढ्छ के हो ? -हँसिया

६. फाल्ने भए फालीदेउ नत्र झुण्डिएर मर्छु के हो ? -सिँगान

७. हात छ खुट्टा छैन जीउ छ आखा छैन गर्दन छ टाउको छैन के हो ? -कमिज

८. धमन छ कोठाभरी, धान छ न आफु खान्छ, न अरुलाई दिन्छ के हो ? -धतुरो

९. टाउको छ पुच्छर छ खुट्टा छैन, आँखा छ पेट छ कान छैन के हो ? -सर्प

१०. चादि झैँ फुल्छ सुनझैँ पाक्छ आउने जानेलाई खान्छ ,आफ्नो निभेक राख्छ के हो ?
ऐँसेलु

११. हिड्दै छ पाइला मेट्दै छ के हो ? -डुङ्गा

### ४.१.३ क्रियापद रहित गाउँखाने कथा

केहि गाउँखाने कथाहरू यस्ता छन् जसमा क्रियापदको प्रयोग भएको हुँदैन त्यस खालका गाउँखाने कथाहरू यस प्रकार छन् ।

१. यता वन उता वन बीचमा बाटो के हो ? - सिउँदो काटेको

२. रातो धुलो काम गर्छ ठुलो के हो ? - सिन्दुर

३. लामो लहराको मिठो फल के हो ? - माछा

४. आफु छ कागज, ठूलो छ तागत के हो ? -नोट पैसा

५. सुरिलो रुखमा एउटा मात्र पात के हो ? - पन्युँ

६. स्वर्गमा पानी, गर्भमा नानी के हो ? - रक्सी पारेको

७. सानो सानो रुख चढ्नलाई दुःख के हो ? -सिस्नु

८. एकखुट्टे दाई दैलामा नअटाई के हो ? -छाता

९. सानी नानीको फुर्के धोती के हो ? -सियो र धागो

१०. चिचीमाथि पापा के हो ? -नङ

११. घरभरी कपडा विरे नाङ्गै के हो ? -कपडा नाप्ने मिटर

१२. बिर्को रुखमा ठेकी हातमा के हो ? -ऐँसेलु

१३. हरियो चरीको दुईतिर पुच्छर के हो? -दुनु

## ४.१.४ कवितात्मक गाउँखाने कथा

गाउँखाने कथालाई कविताको रूपमा पनि भन्ने गरिन्छ । छन्द र लयमा बाधेर अनुप्रास मिलाई गाउँखाने कथा भन्ने गरिएको पाइन्छ जस्तैः

१. जानु त जानु, धर्तीमुनि जानु खान्छ कि राख्छ कसरी जानुँ ? -आलु

२. आकाशको आगो, पातालको पानी, म्वाइँ खान जादा जिस्काउने बानी -तमाखु खाएको

३. इलिमिली इलिमिली, सात रङको झिलिमिलि इन्द्रेणी

४. स्वर्गका लिस्नु धर्तिको आड्, आगोको कलेजो पानीको हाड - इन्द्रेणी

५. झट्ट हेर्दा हडे जैसी हिडछ घोडा चढि, कहिले बस्छ टाउको टेकि कहिले बस्छ लडि -डोको

६. जन्मन्छ वनमा त्यो मिल्छ धनमा
रुन्छ बरा बाहिरै परि
तसविर छैन खाली पगरी खुट्टा छन् वरिपरी
बस्ने बेला थुचुक्क
हिड्दा चाँहि घोडा चढि - डोको

### ४.१.५ गीतात्मक गाउँखाने कथा

गीतात्मक गाउँखाने कथामा गीतको रूपमा प्रश्नकर्ताले प्रश्न सोध्ने र श्रोताले पनि गीतकै माध्यामबाट गीत गाउँदै उत्तर भन्ने प्रचलन रहेको पाइन्छ । चुडामणी बन्धु : (२०६८ : ३२३) जस्तै :

१. एकै र मुठि जिरिको साग घिउ तेलले झान न
मरेको गोरु डुक्रँदै हिड्छ त्यो के हो जान न
उत्तर -एकै र मुठी जिरीको साग घिउ तेलले झान
मरेको गोरु डुक्रदैं हिँड्ने दमाहा जानन्

२. एकै मठि जिरिको साग घिउ तेलले झान न
मरेको गोरुगाउँबेसी गर्ने त्यो के हो जान न
उत्तर -एकै र मुठि जिरीको साग घिउ तेलले झान न
मरेको गोरु गाउँबेसी गर्ने नारा हो जानन्

### ४.१.६ अनुप्रासमुलक गाउँखाने कथा

कतिपय गाउँखाने कथाहरू यस्ता हुन्छन् जुन गाउँखाने कथाको अन्त्यमा अनुप्रास मिलाइएको हुन्छ । त्यस्ता गाउँखाने कथाहरू अनुप्रासयुक्त गाउँखाने कथाको वर्गमा पर्दछ । त्यस्ता गाउँखाने कथाहरू यस प्रकार छ ।

१. अड्कटबड्कट बाहाँ
आँखा तेरा टुलुटुलु मुन्टो तेरो कहाँ के हो ? — गंगटो

२. आइकुटी बाइकुटी कुटीकाई
आँखा तेरा टुलुटुलु मुन्टै नाइ के हो ? — गंगटो

३. घुम्टो हाली झल्लर तानी
आइ अँगाल्छिन यौटी रानी — आँखा - निन्द्रा

४. अरुबेला देखिने सूर्य आए नदेखिने — तारा

५. आई बुढि मच्चिदै गइ बुढि थच्चिदै — -पिङ

६. एक खुट्टे धामी लुगलुग कामी के हो ? — जुका

७. आगो न पानी रोटी पकाउने नानी के हो ? — मौरी

८. चिल्सिङ मिल्सिङ ठाडी गाईका तीन सिंग के हो ? — चुत्रो

९. आइगुजी पाइगुजी पानीदेखि डराइगुजी के हो ? — जुत्ता

१०. उर्लुक्क चरी बुर्लुक्क, पुच्छर छैन ङ्च्याच्चै के हो ? ढिकी कुटेको

११. मरेको गोरु कहिले डुक्रन थाल्यो अहिले के हो ? दमाहा

### ४.१.७ मिश्र वाक्यात्मक गाउँखाने कथा

सापेक्ष संयोजकले जोडिएको वाक्य मिश्र वाक्य हुन्छ । गाउँखाने कथामा त्यस्ता मिश्र वाक्यको प्रयोग भएको छ जसले, त्यसले, जहिले, तहिले, जता, त्यता, जसरी, त्यसरी जस्ता संयोजकको प्रयोग गाउँखाने कथामा आइ मिश्र वाक्यको रूप प्रकट गर्दछ । जस्तै :

१. जति ताछ्यो उति ठुलो हुने के हो ? खाल्टो

२. घण्टौ हिड्छ जहाँको त्याँहि के हो ? जाँतो /कोल

३. जत्रो भाडो उत्रो बिर्को के हो ? भ्रातो

४. जति हान्यो उति रमायो के हो ? मादल बजाएको/घण्टी बजाएको

५. जति धेरै मासु खान्छ उति दुप्लाउदै जान्छ के हो अचानो

६. जति भित्र तान्यो उति बाहिर जाने के हो हावा

७. जता पर्यो ओराली उतै मन बराली के हो ? पानी भरेको

८. जति पर सर्छ उति लिखा पार्छ के हो ? सिलाएको

९. जति खर्च्यो उति बढ्ने के हो ? विद्या

### ४.१.८ वाक्यात्मक रूपमा गाउँखाने कथा

कतिपय गाउँखाने कथामा पूर्ण वाक्य पनि हुन्छ । पूर्ण वाक्यहरूलाई गाउँखाने कथाको रूपमा प्रयोग गरिएको पाइन्छ । त्यस्ता गाउँखाने कथाहरू यस किसिमका गाउँखाने कथाभित्र पर्दछ । जस्तै :

१. मरेको गोरु गाउँबेसी गर्छ के हो ? नारा

२. तँ थाप म हाल्छु के हो ? जुत्ता मोजा लगाएको

३. आमा छोरीलाई जीउ गर्छिन् के हो ? गाग्री र लोटा

४. आमाका पेटमा छोरी चलिरहन्छिन के हो ? मकै भुटेको

५. एउटा खम्बाले टाउको थेग्छ के हो ? छाता

६. एउटा साढेको सबैतिर सिंङ के हो ? तितेकरेला

७. एक भाइका सय आखाँ के हो ? डोको

८. एक सिङ्गो गोरुले दाइँ गर्छ के हो ? जाँतो

९. पहिलो वेतमा माउ नै मर्ने के हो ? केराको बोट

### ४.१.९ प्रश्नमूलक गाउँखाने कथा

प्रश्नकर्ताले प्रश्नात्मक वाक्यको रूपमा गाउँखाने कथालाई प्रयोग गरिन्छ । प्रश्नकर्ताले प्रश्न गर्दा प्रश्न बनाउने वाक्य नै प्रयोग गरिएको पाइन्छ । यसले श्रोतालाई उत्तर दिन पनि अड्को थाप्ने गरिन्छ । जस्तैः

१. नुनिलो फल फल्ने रुखको कल्याङ्कुलुङ पात, नदुनु बन्ने न टपरी बन्ने के हो यसको जात ? अमिलो/सल्लो

२. एक डल्ले धन पोली खाउँ कि पकाइ खाउँ ? आलु /पिडालु

३. गग्रको जस्तो तामाको मानु, कुकुरको जस्तो कान, भित्र हेर्दा ताँती यो कथा केहो? दारिम

४. भन्दाखेरी छ गन्न लागे सात पढ्दा लेख्दा काम लाग्ने के हो त्यसको जात ? छ अक्षर

५. आज मैले अचम्म देखे लामा लामा पात
काटीकुटी कुड्का खाएँ के हो त्यसको जात ? ऊखु

६. एकादेशमा अचम्म सुनियो नाङ्ला जस्ता पात
त्यहि दिन सुत्ने त्यहि दिन उठ्ने के हो ? सूर्य

### ४.१.१० अनेकपदिय गाउँखाने कथा

गाउँखाने कथा एक वा एकभन्दा बढि वाक्यहरू वा पदहरू प्रयोग गरिन्छ । एकभन्दा बढि पदहरूको प्रयोग भएको गाउँखाने कथाहरू अनेकपदीय गाउँखाने कथा हुन् । यस्ता गाउँखाने कथाहरू यस प्रकार छन् ।

१. गजुर छ मन्दिर होइन, पखेटा छ चरा होइन, करङ छ मान्छे होइन, घुम्रिएको पुच्छर छ कुकुर होइन के हो ? छाता

२. गुनगुनाउदै हिड्ने मेरो बानी चड्यम्म हिर्काउने मानिसको बानी, एकाछिन नआए किरिया गरेस है नानी । लामखुट्टे

३. घरमा मेरो नानी छन् हेर्दा मान्छे सानी छन्, खानु पिउनु क्यै छैन दिनभरि गीत गाउँछिन् के हो ? रेडियो

४. जन्मन्छ वनमा त्यो मिल्छ धनमा, रुन्छ छैन खाली पगरी खुट्टा छन् वरिपरी, बस्ने बेला थुचुक्क हिड्न चाँहि घोडाचढी के हो ?  डोको

५. वरिपरी केरा पाक्यो देख्ने भाइ गएन, अर्को भाइ गयो उसले टिपेन, जुन भाइले टिप्यो उसले खाएन, अर्को भाइले खायो के हो?  आँखा, खुट्टा, हात र मुख

**४.१.११ कवितात्मक गाउँखाने कथा**

प्रश्नकर्ताले प्रश्नलाई कविताको रूपमा श्रोतालाई सोधिसकेपछि श्रोताले पनि कविताकै रूपमा उत्तर दिने शैली भएको गाउँखाने कथाहरू कवितात्मक गाउँखाने कथा हुन् । जस्तै :

१. बाँसको लिङ्गो नौ ठाउँ बाङ्गो
चरी लाए नौ ठाउँ गुँड
ती ती चरीका के हुन् नाउँ
लाउँछौ अर्थ कि छोडछौ ठाउँ

उत्तर : बाँसको लिङ्गो नौ ठाउँ बाङ्गो
चरी लाए नौ ठाउँ गुँड
ती ती चरीमा हिरामोती नाउँ
लाउँछौ अर्थ छोड्दैनौ ठाउँ

२. सर्वत्र खान दिँदा लिनु कसरी हो ? दुई पक्ष कुन भयो ?
लुगा कुन छ पवित्र वैरिकन कथा गर्नु भनि सोध्नु यो ?
खानु छैन कउन् कुरो संगिनले कुन सूर्यको नाम लिइन्
यस्तो प्रश्न सुनेर भन्द्रमुखिले छाती उघारी दिइन्

उत्तर :छाती उघारी दिइन् का छ अक्षरबाट एक
एक उत्तर छानेर तीन उन घात रिन र दिवाकर
भन्ने जवाफ निस्कन्छ ।

३. छैनन् पयर तर दगुर्छ छ लोक चर्चा
मुख छैन बोल्दछ सबका नजरमा
देखिन्न पनि तर प्राण सरी बाच्छ मारी
कुन वस्तु हो भन्न सके बहुतै विचारी

उत्तर : गोडा हुँदैन तर सक्दछ पुग्न टाढा

बाल्ने नभै मुख सुनाउँछ बात गोडा

खत चिठी लेखेर भनि बुझिलेऊ हाँ

### ४.१.१२ अश्लील र श्लील भावबोधक गाउँखाने कथा

समाजमा गोप्य रूपमा राखिने र खुल्ला समाजमा भन्न नमिल्ने कुराहरू अश्लील हुन् । त्यस्ता गाउँखाने कथाहरू सानासाना केटाकेटीहरू र मान्यजनको अगाडि भन्न मिल्दैन् । केहि गाउँखाने कथामा उत्तर श्लील भएपनि प्रश्न अश्लील र भावार्थ अश्लील व्यक्त गर्ने गाउँखाने कथाहरू पनि छन् । केहि प्रश्न श्लील र उत्तर अश्लील आउँने  गाउखाने कथाहरू पनि नेपाली गाउँखाने कथाभित्र पाउँन सकिन्छ । जस्तै :

१. सुत सुत बुढी म हाल्छु के हो ?

उत्तर : जुता लगाएको

अश्लील भावार्थ : यौन क्रीडाको लागी आह्वान

२. माझको टारी उत्तानो पारी दुई घोडा मारी

ख्यासख्यास पारी दुई थापा झारी के हो ?

उत्तर : चन्दन घोटेको

अश्लील भावार्थ : यौनक्रीडाको अवस्था

३. आफू भने थाङ्ने घोडाचढि माग्ने के हो ?

उत्तर : घुम

अश्लील भावार्थ : यौन चाहाना राख्ने

**प्रश्न श्लील उत्तर अश्लील हुने गाउँखाने कथाहरू :**

१. जम्मा छ हात, लाग्यो दुई, एक जा दुई नजा के हो ?

उत्तर : यौन क्रीडाको अवस्था

२. हातखुट्टा छैनन् उभिएर बस्छ, आँखा छैनन् दुलाभित्र पस्छ?

उत्तर : उत्तेजित लिङ्ग

३. छन् पनि छ सबैसँग छ, एकान्तमा गर्नपनि हुने तर देखाउन र भन्न नहुने के हो ?

उत्तर : लिङ्ग योनी र यौन क्रीडा

४. केटाकेटीको खाना, लाग्नेमान्छेको खेलौना आइमाइको गहना के हो ?

उत्तर : स्तन

५. लाहुरे दाइको सम्पती एउटा केरा दुइवटा बेलौती के हो ?

उत्तर : शिश्न र अण्डकोष

**४.१.१३ जाती विषयक गाउँखाने कथा**

कुनै संस्कृति जातजाती आदिलाई प्रतीकात्मकरूपमा व्यक्त गर्ने गाउँखाने कथा जाती विषयक गाउँखाने कथा हुन् । यसमा प्रश्नमा जातजाती विषय बनेर आएको हुन्छ  जस्तै :

१. बाहुनको छोरो कामीको नाती
   हग्न बस्यो दैलामाथी के हो ?                    साचो र चाबी

२. छ जोगी बा र बाहुन
   तीनओटा लाँका उखु सिङ्गा सिङ्गै खाउन्  । एउटा जोगी, एउटा बाहुन र एउटा बाबु

३. पुड्के बाहुनको सुड्के चन्दन के हो ?                    मास

४. भुँ भुँ गर्छ भुमारो होइन्
   काधमा जनै बाहुन होइन् के हो ?                    चर्खा

५. बाहिर खस्याङ् खुसुङ् भित्र ताँती
   यो शास्त्र नजान्ने सुनारको नाती के हो ?                    मकै

माथिका प्रकृतिका गाउँखाने कथालाई पनि प्रकृति जगत् सम्बन्धी गाउँखाने कथाको । रूपमा पनि वर्गीकरण गरिएको पाइन्छ । यसभित्र पनि विभिन्न भागमा वर्गीकरण गरिएको छ ।

क)

१. भौगोलिक प्रकृति र सेरोफेरो सम्बन्धी गाउँखाने कथा :
२. पशुपन्क्षी र जीवजन्तु सम्बन्धी गाउँखाने कथा :
३. शरिरका अंग सम्बन्धी गाउँखाने कथा :

ख) मानव निर्मित वस्तु सम्बन्धी गाउँखाने कथा :

१. दैनिक जीवनका प्रयोग गर्ने भाँडाकुडा सम्बन्धी गाउँखाने कथा :
२. नवनिर्मित वस्तु सम्बन्धी गाउँखाने कथा :

यसरी गाउँखाने कथालाई विषयवस्तुको आधारमा वर्गीकरण  गरिएको पाइन्छ । (बन्धु २०६६: ३२४-३२८)

क) गाउँखाने कथा (अड्को थाप्नु)
ख) भ्याँगा
ग) घाउटा/ झिट्टा
घ) गौडे कविता

वैज्ञानिक वर्गीकरण को आधारमा गाउँखाने कथालाई ३ भागमा वर्गीकरण  गरि त्यसमा पनि विभिन्न उपवर्गमा विभाजन गरिएको पाइन्छ । (पराजुली/गिरी २०६८: ३२८-३२९) त्यसको आधारमा गाउँखाने कथाको वर्गीकरण  यसप्रकार छ :

क) संरचनागत आधारमा गाउँखाने कथाको वर्गीकरण

अ) वाक्यांत्मक स्तरीय गाउँखाने कथा

आ) वाक्य स्तरीय गाउँखाने कथा

ई) गीत/कविता स्तरीय गाउँखाने कथा

१. गीति गाउँखाने कथा

२. कवितात्मक गाउँखाने कथा

ख) विषयगत आधारमा गाउँखाने कथा

अ) प्रकृति सम्बन्धी गाउँखाने कथा

आ) जीवजन्तु र तिनका अंग सम्बन्धी गाउँखाने कथा

इ) पेशा व्यवसाय सम्बन्धी गाउँखाने कथा

उ) नवनिर्मित वैज्ञानिक उत्पादन सम्बन्धी गाउँखाने कथा

५. गाउँखाने कथाको अध्ययन परम्परा

नेपाली लोकसाहित्यमा गाउँखाने कथाको विकास वैदिक कालदेखि भएको पाइन्छ । नेपाली समाजमा यसको प्रचलन प्राचीन कालदेखि नै भएको हो । नेपाली समाजमा गाउँखाने कथाले मोतीराम भट्टको पालादेखि घुम्टो ओडेको पाइन्छ । यो भन्दा अघि गाउँखाने कथाको प्रचलन वैदिक कालमा भएको पाइन्छ यस सम्बन्धमा भारतीय विद्वान श्री विक्रमादित्य मिश्रले लेख्छन् "वेदमा पाइने पहेलीहरूमा शक्ति रहस्य र जीवन्तका लागि अन्त्य स्रोत (प्रकृति) बाट प्राप्त छन् । यँहा पाइने गाउँखाने कथामा विचित्र किसिमको प्रकृति र रहस्यात्मक भाषाको कारण कर्मकाण्डभन्दा भिन्न छन् । वैदिक कालमा ऋषिहरूले रूपक अलङ्कारको आश्रय लिएर यस्ता वैदिक ऋचाहरू रचना गरे जो दुर्वोध्याताको कारण न गाउँखाने कथाका रहस्यात्मक बने र न गाउँखाने कथाको रूपमा प्रचलित हुँदै आएको पाइन्छ । (पौड्याल २०६१:६) ऋग्देवको प्रसिद्ध ऋचा यस प्रकार छ :

चत्वारि श्रृङ्गास्त्रयो अस्तपादाः
द्वे शीर्षे सप्तहप्ता सो अस्य
त्रिधा बद्धो वृषयो रोखीति
महोदवो मर्त्या आविवेश (ऋग्देव)

अर्थ (जसका चारवटा सिंङ छन् तिनओटा खुट्टा छन्, दुईओटा टाउँका छन्, सात ओटा हात छन्, जो तीन ठाउँमा बाधिएको छ, त्यो मानिसको रूपमा प्रविष्ट भएको गोरुको आवाज (शब्द ) निकाल्ने महादेव हो ।

गाउँखाने कथालाई ऋग्वेदको नभई यर्जुवेदमा पनि प्रयोग गरिएको पाइन्छ । यसमा प्रश्नकर्ता होता र अध्वर्युका बिचमा अनेक प्रश्न र उत्तर भएको पाइन्छ । (पौड्याल २०६१ :७) यजुर्वेका केहि अंश यसप्रकार छन् :

प्रश्न :क) स्विदेवाकी चरति कऽउ स्विज्जायर्ते पुन : ।

किं स्विद्धिमस्य भेषजं किवावपनं महत (यर्जुवेद संहिता )

(अर्थ - को एक्लै घुम्छ ? को आँफू पटक -पटक (पुनः पुनः ) जन्मन्छ ?

जाडोको औषधि के हो ?ठूलो भारी थैली के हो ?)

उत्तर : सूर्य एकाकी चरति चन्द्रमा जायते पुन :

अग्नि हिमस्य भेषजं भूमिरावपनं महत् (यर्जुवेद संहिता)

(अर्थ :सूर्य एक्लै घुम्छ, चन्द्रमाले पुनः जन्म लिन्छ आगो जाडोको

औषधी हो भूमि अन्नको थैली हो) ।

यसरी गाउँखाने कथाको अध्ययन परम्परा बैदिक कालदेखि हुँदै आएको पुष्टि हुन्छ । गाउँखाने कथाले नेपाली समाजमा धेरै पहिलेदेखि जरो गाढ्दै आइएको पाइन्छ ।

महाभारत वेद उपनिषद हुँदै नेपाली समाजमा विकास भएको गाउँखाने कथा हाल परिष्कृत बन्दै गएको पाइन्छ । कुनै बेला मालपातको थकाई मेट्न ठट्टयौली पाराले भन्ने गरेको गाउँखाने कथा कुनै बेला मनोरञ्जन प्राप्तिको साधन र समय बिताउने साधन बन्यो । जसरी भए पनि नेपाली ग्रामीण समाजमा यो प्रचलनमा रहेको पाइन्छ । दिउँसो गाउँखाने कथा भन्न र सुन्न हुँदैन भन्ने मानिसको जमात प्रशस्तै भेटिए । उनीहरू दिउँसो गाउँखाने कथाभन्दा र सुन्दा भन्ने र सुन्ने दुवैका सन्तान लाटा जन्मिन्छन् भन्ने भनाई पनि नेपाली समाजमा चलेको पाइन्छ ।

जसले जे भनेपनि गाउँखाने कथाले हाल आएर विकसित रूप हासिल गरिसकेको पाइन्छ । गाउँखाने कथामा विभिन्न प्रतियोगिता पनि भएको पाइन्छ । कुट रचनाको रूपमा प्रचलित गाउँखाने कथा नाटकीय र संवादात्मक रूपमा विकसित हुदै अर्न्तलाप, वर्हिलापका गाउँखाने कथाहरू बने त्यसलाई नेपाली समाजमा प्रचलनमा ल्याए । पश्चिम नेपालमा गाउँखाने कथा झ्याँगाको रूपमा विकास भयो । यसलाई पश्चिम नेपालमा नै विवाहको रूपमा झिट्टाको रूपमा पनि प्रयोग गरियो । त्यसपछि घाउटा भनेर पनि पश्चिम नेपालका केहि क्षेत्रहरूमा प्रयोग गरेको पाइन्छ । (पौड्याल २०६१ : १४ ) गाउँखाने कथा कोश ।

यसै गरी गाउँखाने कथाको विकास परम्परालाई शुरुदेखि हालसम्म हेर्दा विभिन्न तीन चरणमा वर्गीकरण  गरिएको पाइन्छ । (लामिछाने २०६८:७६)

१. प्रथम चरण/सङ्कलनको चरण शुरुदेखि २०६८ सम्म

२. द्वितीय चरण/अध्ययन चरण २०३९देखि २०५४ सम्म

३. तृतीय चरण/अध्ययन अनुसन्धान चरण २०५५ देखि हालसम्म

नेपाली लोक साहित्यमा गाउँखाने कथाले वैदिक कालदेखि सुरु हुँदै हालसम्म आइपुग्दा विभिन्न चरणहरू पार गरेको पाइन्छ । यस्ता गाउँखाने कथा नेपाली समाजमा धेरै पहिलेदेखि नै सामाजिक, आर्थिक र सांस्कृतिक स्थितिलाई प्रतिविम्वित पार्दै अघि बढाएको छ । यसलाई पनि तनि चरणमा वर्गीकरण  गर्न सकिन्छ ।

१. प्रारम्भिक चरण
२. माध्यमिक चरण
३. आधुनिक चरण

## ५.१ प्रारम्भिक चरण : शुरुदेखि १९५२ सम्म

यस समयावधिमा नेपाली गाउँखाने कथाले वैदिक विषयहरूमा वर्णित गाउँखाने कथा सँग-सँगै आफू नै काल्पनिक गाउँखाने कथाहरू रचना गरेर मानिसलाई समय बिताउन र मनोञ्जन प्रदान गर्ने गरिन्थ्यो । आर्थिक, सामाजिक, सांस्कृतिक तथा घरायसी प्रयोजनमा प्रयोग हुने विभिन्न वस्तु तथा सामग्रीहरूलाई उत्तरको रूपमा समावेश गर्दै गाउँखाने कथाको प्रश्न बनाइ सोध्ने परम्पराको विकास यस चरणमा भएको पाइन्छ ।

यस समय अवधिमा विभिन्न प्रश्नहरू बनाइ मौखिक प्रश्नहरू साध्ने र उत्तर दिने गरिन्थ्यो । यस समय अवधिमा खासै लिखित रूपमा गाउँखाने कथा लेखिएको पाइदैन तर मोतीराम भट्टले नेपाली भाषामा उखान र गाउँखाने कथाका विषयमा खोज र अनुसन्धान गरेको पाइन्छ । उनको उखानको बखान र जान्ने कथा संग्रह नामक कृति नै पहिलो कृतिको रूपमा देखा परेको छ । त्यसैले नेपाली गाउँखाने कथाको प्रारम्भिक चरणमा शुरुदेखि मोतीराम भट्टको समयावधि वा १९५२ सालसम्मको समयावधिलाई समावेश गर्न सकिन्छ अर्थात मौखिक प्रचलनदेखि लिखित ग्रन्थको शुरुवातसम्मको समयावधिलाई प्रारम्भिक चरण मान्न सकिन्छ ।

## ५.२ माध्यमिक चरण १९५३ देखि २०३८ सम्म

मोतीराम भट्टको १९५२ को बधुशिक्षा दोस्रो संस्करणको भूमिकामा लेखिएको उखानको बखान र जान्ने कथा संग्रह नामक कृतिदेखि नेपाली गाउँखाने कथाको माध्यामिक चरण सुरु भई २०३८ अर्थात कृष्णप्रसाद पराजुलीका नेपाली उखान र गाउँखाने कथा (२०३९) को प्रकाशन पूर्वको समयलाई गाउँखाने कथाको माध्यामिक चरण मान्न सकिन्छ ।

यस समयावधिमा मिश्रित रूपमा गाउँखाने कथाहरू लिखित सामग्रीको रूपमा प्रसस्तै पाइन्छ । गाउँखाने कथा र उखानहरू एकैसाथ मिसिएर प्रकाशित हुने गरेकाले यस चरणमा गाउँखाने कथाको विकास तीव्र रूपमा भएको पाउन सकिन्छ ।

सिद्धराज ओझाको सचित्र बालबोध (१९९९) मा ४० भन्दाबढि गाउँखाने कथाहरू समावेश भएका छन् (बन्धु २०५८:३२१) गाउँखाने कथा बालबालिकाहरूलाई पाठ्यसामग्रीको रूपमा तयार पारिएको तर अनुसन्धान यस चरणमा भएको पाइदैन् । धर्मराज थापाको गाउँखाने कथा (२०१४) शीर्षकको रूपमा लेख (डाँफे चरी रुख ४, फूल ३ शिशिर पृ. ३२.३३) मा विभिन्न विषयको रूपमा गाउँखाने कथाको परिचय दिँदै चौसठ्ठीवटा गाउँ खाने कथाको उदाहरण प्रस्तुत गरेका छन् । यसबाट गाउँखाने कथाको अध्ययन परम्परामा एउटा नयाँ आयाम थपिएको छ । यस सन्दर्भमा थापाले गाउँखाने कथाालई उखान पनि भनेका छन् ।

सत्यमोहन जोशीले लोकसंस्कृति (२०१४ मा लोक संस्कृति सम्बन्धी १७ वटा लेखहरू लेखेका छन् । जस मध्ये गाउँखाने कथा र उखान पनि एक हो । त्यस लेखमा शरुमा २ वटा पृष्ठमा गाउँखाने कथाको परिचय दिँदै चलन चल्तीका १५ वटा गाउँखाने कथालाई उदारहणको रूपमा प्रस्तुत गरेका छन् ।

रामकुमार पाँडेको गाउँखाने कथा (२०२६) मा १० जति गाउँखाने कथा संकलित छन् यस समयमा विभिन्न समाजमा प्रचलनमा रहेका गाउँखाने कथाहरूलाई संकलन मात्र गरिएकाले यस चरणलाई संकलनको चरण पनि भन्न सकिन्छ ।

कालिभक्त पन्तको हाम्रो सांस्कृतिक इतिहास (२०२८) मा नेपाली लोक गीतका विभिन्न पक्षलाई समेट्दै ‘न्याउले खेलगीत’ शीर्षकमा न्याउले खेल अर्थात् देउडा गीतको चर्चा गरिएको छ । देउडा गीतको चर्चा गरिएको छ । देउडा गीत पश्चिम नेपालमा प्रचलित गाउँखाने कथा झ्याँगा प्रकारको हुन्छ । यस समयमा रत्नबहादुर तमाटोले (२०३३) ३०० वटा गाउँखाने कथा सङ्कलन गरेको पाइन्छ । यस समयअवधिमा कृष्णप्रसाद पराजुलीसम्म आइपुग्दा नेपाली गाउँखाने कथा जुन ग्रामीण बस्ती र ग्रामीण भेगमा मानिसहरूमा चलन चल्तीमा रहेको प्रश्नोत्तर शैलीले गाउँखाने कथालाई सङ्कलन गर्ने र लिखित रूपमा प्रकाशन गर्ने कार्यक्रम मात्र अघि बढेको पाइन्छ धादिङ जिल्लामा पनि यस समयमा गाउँखाने कथाहरू भन्ने र सुन्ने मात्र गरेको तर सङ्कलनका लिखित सामग्रीहरू नभएको पाइन्छ ।

५.३ आधुनिक चरण

नेपाली गाउँखाने कथाको अध्ययन परम्परालाई हेर्दा गाउँखाने कथाको संकलनको विश्लेषण र अनुसन्धान पनि भएको पाइन्छ । कृष्णप्रसाद पराजुलीले (२०३९) गाउँखाने कथाको सैद्धान्तिक पक्षलाई केलाउँदै विभिन्न पक्षबाट अध्ययन गरेका छन् । यस समयावधिलाई पनि दुई खण्डमा वर्गिकरण गरिएको छ ।

### ५.३.१ सङ्कलन र व्याख्या खण्ड (२०३९ देखि २०५५ सम्म )

यस खण्डमा गाउँखाने कथाको संकलन मात्र नभएर व्याख्या समेत गरिएको छ । यस खण्डमा पहिलो प्रयास कृष्णप्रसाद पराजुलीले (२०३९) तथा धर्मराज थापा र हंसपुरे (२०४१) बाट भएको हो । कपिल लामिछाने (२०४८) ले गाउँखाने कथाको सुष्म अध्ययनको संक्षिप्त प्रयास गरेका छन् भने चुडामणी बन्धू (२०५४) ले गाउँखाने कथाको सैद्धान्तिक र प्रायोगिक अध्ययन गरेका छन् । हंसपुरे सुवेदीले कुट रचनाको अध्ययन गर्ने क्रममा गाउँखाने कथाको छोटकरी अध्ययन गरेका छन् । यसै अवधिमा विजय चालिसे (२०३९), पूर्ण प्रकाश नेपाल (२०४१), तेजप्रकाश श्रेष्ठ (२०४४), रविलाल अ धिकारी (२०५१), मोतीलाल पराजुली (२०४९), वासुदेव माइसाव (२०५१), तुलसीमान श्रेष्ठ (२०५४) ले पनि गाउँखाने कथा अध्ययन र संकलन गरेको पाइन्छ । त्यसैले यस चरणलाई अध्ययन र संकलन मुखी चरणको रूपमा लिन सकिन्छ । प्रतियोगितामुखी चरण पनि भनिन्छ ।

### ५.३.२ अध्ययन र अनुसन्धन चरण २०५५ देखि हालसम्म

यो चरण अध्ययन अनुसन्धान चरण हो । देवदत्त भट्टद्वारा २०५५ मा त्रि.वि. नेपाली विभागमा स्नातकोत्तर तहको शोधपत्र प्रस्तुत भएबाट गाउँखाने कथाको औपचारिक रूपमा शोध खोज र अनुसन्धान हुन थालेको पाइन्छ । (लामिछाने २०६८:९३०) यस परम्परामा यस्तै अन्य बिधामा पनि शोध पत्रहरू देखा पर्न थालेका छन् ।

देवदत्त भट्टको नेपाली स्नाकोत्तर शोधपत्र बैतडेली गाउँखाने कथाको अध्ययन (२०५५) शीर्षकमा भएको अध्ययन र अनुसन्धान पाँच परिच्छेद रहेका छन् । यसमा सामाजिक, सास्कृतिक, धार्मिक आदि विषयमा वर्गीकरण गरेर लेखिएको पाइन्छ । त्यसै समयमा केशव सुवेदीको नेपाली लोक साहित्यको अध्ययन-अनुसन्धान र परम्परा शीर्षकको अनुसन्धान प्रतिवेदन पाँच अध्यायमा तयार पारिएको छ ।

देविप्रसाद वनवासे, शम्भुप्रसाद कोइराला, भरतकुमार प्रसाई आदिले नेपाली लोक साहित्यको अध्ययन अनुसन्धान गर्ने क्रममा गाउँखाने कथाको पनि अध्ययन अनुसन्धान गरेको पाइन्छ । यसैगरि इश्वरीप्रसाद भण्डारीले गुल्मी जिल्लामा प्रचलित गाउँखाने कथाको अध्ययन (२०५७) नेपाली केन्द्रीय विभागमा प्रस्तुत गरेको पाइन्छ । कृष्णप्रसाद पराजुलीको नेपाली लोकगीतको आलोक (२०५७) को नवौं अध्ययन लोकपद्यको विवेचना गर्ने सिलसिलामा कुट पद्य तथा प्रहेलीका उपशीर्षकमा गाउँखाने कथाको चर्चा गरेको पाइन्छ । कपिल अनन्तको गाउँखाने कथा परिचय र विश्लेषण (२०५७) मा गाउँखाने कथाको परिचय र विशेषताको चर्चा

गर्दै गाउँखाने कथाको वर्गीकरण गरिएको पाइन्छ । यस गाउँखाने कथालाई केन्द्रबिन्दु बनाएर अड्को, झ्याँगा, घाउटा र झिट्टा समेतको परिचय दिइएको पाइन्छ । अड्को, झ्याँगा, घाउटा मिलाएर ७० वटाभन्दा बढि उदाहरण प्रस्तुत गरेको पाइन्छ । यसै गरी जीवेन्द्रदेव गिरीको लोक साहित्यको अवलोकन (२०५७)मा लोक साहित्यको परिचय दिँदा नेपाली लोकसाहित्यको विभिन्न विधाहरूसँगै गाउँखाने कथाको परिचय र वर्गीकरण लाई पनि समावेश गरेको पाइन्छ ।

यसरी नेपाली गाउँखाने कथाको अध्ययन परम्परालाई हेर्दा यसको अनुसन्धान र अध्ययनमा अहिले कयौँ इटाहरू थपिइसकेका छन् । धेरै सोधार्थीहरूले लोक साहित्यको विभिन्न विधाहरूमा विभिन्न क्षेत्रगत रूपमा संकलन अध्ययन र अनुसन्धान गर्ने प्रक्रिया देखाएको छ । नेपाली लोक साहित्य र गाउँखाने कथाहरूको संख्या अझै बढ्न सक्ने अनुमान गर्न सकिन्छ ।

## ६. निष्कर्ष

नेपाली गाउँखाने कथाले नेपाली समाजमा छुट्टै अस्थित्व बोकेको छ । धेरै पहिले उकाली ओराली र भन्याङ चौतारीमा जम्मा भई थकान मेटाउन र समय बिताउन प्रयोग गरिने गाउँखाने कथा हाल आएर भाषिक प्रयोग र प्रतियोगितामा सहभागि भइ आनन्द लिने किशोर किशोरीका लागि गाउँखाने कथा रुचिको विषय बनेको छ । कविताको रूपका अनुप्रास मिलेको गाउँखाने कथा त्यस ठाउँको परिवेश सामाजिक स्थिति रीतिरिवाज र चालचलन परम्परा बाकेको पाइन्छ र विभिन्न समस्याहरू दिइ समाधानको लागि अड्को थाप्दै प्रश्नकर्ताले कुनै गाउँ मागेपछि गाउँ दिइ उत्तर भन्ने परम्पराबाट अघि बढेको गाउँखाने कथाले हाल आएर परिष्कृत र परिमार्जित रूप हासिल गरि सकेको छ । यति हुँदा हुँदै पनि यसमा अझै नयाँ नयाँ अध्यायहरू थपिने क्रम जारी छ । नेपाली भाषाका विभिन्न साहित्यिक विधाहरूमा अध्ययन अनुसन्धान र खोज गर्ने क्रममा धेरै अध्ययन अनुसन्धान अघि बढेको छ । धादिङ जिल्लाको गाउँखाने कथाको संकलन अध्ययन र वर्गीकरण गरी अध्ययन अनुसन्धान गर्नु यो सोधपत्रको प्रमुख विषय हो ।

## परिच्छेद : तीन

## धादिङ जिल्लामा प्रचलित गाउ“खाने कथाको सङ्कलन

### ३.१ कथा सङ्कलन क्षेत्रको परिचय

नेपालको राजधानी काठमाडौँसँगै जोडिएको धादिङ जिल्ला उत्तरमा गणेश हिमालदेखि दक्षिण महाभारत पर्वत श्रृङ्खलासम्म फैलिएको छ । नेपालका ६ वटा जिल्लासँग यसको सिमाना जोडिएको छ । यसको उत्तर पश्चिममा गोरखा, दक्षिण पश्चिममा चितवन र मकवानपुर, दक्षिण पूर्वमा काठमाडौँ, पूर्वमा रसुवा र नुवाकोट जिल्ला अवस्थित छन् । चिनको स्वशासित क्षेत्र तिब्बतको भोट प्रदेशसँगै पनि यसको सिमाना रहेको नागढुङ्गाबाट शुरु भई नौबिसे, गजुरी बजारको (पृथ्वी राजमार्गमा पर्ने) बीचमा पर्ने फुर्केखोला भन्ने स्थान नजिकै त्रिशुली नदीमा बनेको पक्की पुल तरेर कालुपाण्डे मार्गको १७ कि.मि. दुरी पार गरेपछि धादिङ सदरमुकाम धादिङ बेसी पुग्न सकिन्छ ।

समुन्द्री सतहदेखी ४४८ मि. अग्लो २७°४०' उत्तरदेखि २८°१४' उत्तरी अक्षांश र ८४° पूर्वदेखि ८५° पूर्वी देशान्तर बीच रहेको यस जिल्लामा ब्राह्मण, नेवार, चेपाङ आदि जातजातिको मिश्रित बसोबास रहेको छ । विविध जातजाति र बहुभाषिकता र विविधता युक्त संस्कृतिले नेपाली लोकसाहित्यमा पनि विविधता भेट्टाइन्छ ।

धादिङ जिल्ला सदरमुकाम रहेको गाउँ विकास समिति नीलकण्ठ र त्यसको पश्चिमतर्फ पर्ने थोपलखोला सिमाना पर्ने तथा थोपल खोला, आँसी खोला, च्याङु खोला र धौखोलाको बिचमा रहेको मुरलीभञ्ज्याङ गाउँ विकास समितिलाई गाउँखाने कथाको अध्ययन क्षेत्र बनाइएको छ । यस क्षेत्रभित्र प्रचलनमा रहेका गाउँखाने कथालाई चिनाउने प्रयास गरिएको छ

### ३.२ सङ्कलित गाउँ खाने कथाहरू

#### गाउँखाने कथा

- ❖ लहरे बाबुको घनटाउके छोरा के हो ? - फर्सी
- ❖ धर्तीमुनी जाउँला, छाता ओढुँला के हो ? - पिँडालु
- ❖ एकखुट्टे बोकोको तीन धार्नी बोसो के हो ? - काउली
- ❖ बाहिर छाला भित्र बोसो, बोसोभित्र काठको ठोसो के हो ? - लप्सी
- ❖ रातो नली, फलम फमी के हो ? - फापर

- ❖ तामे नल फलामे फल के हो ? - फापर
- ❖ सानो सानो ताउली, ताउलीमा २ कुड्की जाउली के हो ? - कटुस
- ❖ आजुली भरी सुनका मुन्द्रा के हो ? - बोह्रोता
- ❖ हिँड्दै छ, पाइला मेट्दै छ के हो ? - डुङ्गा
- ❖ हात छ खुट्टा छैन जिउ छ आँखा छैन, गर्दन छ टाउको छैन के हो ? - कमिज
- ❖ छ धान छ कोठाभरि छ नआफू खान्छ न आरुलाई दिन्छ के हो ? - धतुरो
- ❖ जंगबाबुका अजंग छोरा, काला नाति, सेता पनाति के हो ? - कटुस
- ❖ कहाँ न कहाँ पुग्छु भन्थ्यो यही को यही के हो ? - बाँस
- ❖ नौ तले घरको नभ्याल न ढोका के हो ? - बाँस
- ❖ डोब आउँछ किलो आउँदैन के हो ? - ऐंसेलु
- ❖ काली बूढी चुल्हामा लुटुपुटु गर्ने के हो ? - जुठो लटाएको
- ❖ एउटा सुन्दर विश्वभित्र १२ जनाको देश, १२ जनाको देशभित्र तीन जनाको रेस के हो ? - घडी
- ❖ पुड्के बाहुनको सुड्के चन्दन के हो ? - मास
- ❖ सेती गाई पानी खान गइ, पानी खाएर आउँदा राती भई के हो ? - सेल पाकाएको
- ❖ जति तान्यो त्यत्ति छोटो के हो ? - चुरोट खाएको
- ❖ आकाशमा उड्छ चरा होइन, जनै लाउँछ बाहनु हैन के हो ? - चङ्गा
- ❖ सानो सानो प्याङ, प्याङ भरी दाम के हो ? - खुर्सानी
- ❖ सानो छँदा हरियो छु, जवानीमा रातो, झुक्एिर खायो भने लिन्छु त्यसको सातो के हो ? - खुर्सानी
- ❖ लहरो तान्दा पहरो जर्गन्छ के हो ? - दही मथेको
- ❖ आमा छाद्ने छोरी खाने के हो ? - पानी सारेको
- ❖ अंकड बंकड वाहा, आँखा तेरो टुलुटुलु मुन्टो तेरो कहाँ के हो ? - गँगटो
- ❖ लामो लहराको मीठो फल के हो ? - खोलाको माछा
- ❖ खान्छ मट्याङग्रा छर्छ धुलो, घुम्दछ फनफन चक्का ठूलो के हो ? - जाँतो
- ❖ एक खुट्टे रामचन्द्र भारी बोकी ठिमठिम के हो ? - छाता
- ❖ हिँड्दै छ मस्यौरा पार्दै छ के हो ? - बाख्राले बड्कौल्याएको
- ❖ मुख चुच्चो पुच्छार बुच्चो खान्छ अन्न पानी बन्न के हो ? - घुन
- ❖ जंगलामा बस्छु सँधै खान्छु रातो पानी, मान्छे दाइले भेट्यो भने बित्छ जिन्दगी के हो ? - जुम्रा
- ❖ वनतिर जाँदा घरतिर मुख, घरतिर जाँदा वन तिर मुख के हो ? - बन्चरो
- ❖ अध्याँरो ओडारको उज्याली नानी के हो ? - घरभित्र बालेको टुकी
- ❖ एक मुठा खरले चारै खापा छाएको के हो ? - बत्ति
- ❖ वारी ट्वाङ्ग पारी ढ्वाङ्ग के हो ? - बन्दुक पड्किएको
- ❖ तीन भाईको साझा पगरी के हो ? - ओदान
- ❖ छेउछेउमा बच्चा माझमा ध्वाइ, यो कथा नचिन्ने लोर्खेकको ज्याइँ के हो ? - पिडाँलु
- ❖ थालभरि कनिका छरेको के हो ? - तारा
- ❖ राती गेडी टिप्न जाँदा कोप्री गाईले हान्यो के हो ? - बयर
- ❖ वल्लो घरको नरे, पल्लो घरमा सरे के हो ? - आग्लो लगाएको

- मरेको गोरु ढुग्रदै गाउँ बेंसी गर्छ के हो ? - दमाह
- चार चुच्चे मुख बुच्चे, पानी खान्छे घामा सुत्छे के हो ? - रुमाल
- जिउभरि नशै नशा, गालै भरि मोसै मोसो के हो ? - मादल
- एउटा ठुटामा दुई वटा च्याउ के हो ? - कान
- तीन ओटा खुट्टा दुईवटा कान, यो कथा नचिन्नेलाई लौराले हान के हो ? - कराही
- सानो सानो नानीको पेटभरि टिका के हो ? - खुर्सानी
- रातो गोरु दाउँदा दाउँदै कालो भयो के हो ? - हाँडी
- तारे भिरमा सिकै पहिरो के हो ? - सिम्रिक लगाएको
- मुख छ बोल्दैन, कान छ सुन्दैन, मान्छे हो तर ऊ हिँड्दैन चल्दैन के हो ? - मूर्ति
- माटोमुनि घर छ, मलाई के को डर छ के हो ? - बदाम
- सानी चरी आगामा परी, पुच्छारले पानी खाँदै झलमल्ल बली के हो ? - टुकीबत्ती
- भित्रहावा बाहिर छाला, बुट जुत्ताको लात खाला के हो ? - फुटवल
- जता पऱ्यो ओराली उतै मन बराली के हो ? - पानी
- धार्नी न बिसौली, दुईहातले उचाली के हो ? - टोपी
- बाउ झाँक्री, आमा थाग्री छोरा रिट्ठे छोरी पिट्ठे के हो ? - कटुस
- एउटा डोलीमा सयवटी रानी के हो ? - तोरी
- दाउँ गोरु दउन सकिदैन, खाम रोटी खान सकिदैन, टेकुँ लौरो टेक्न सकिदैन के हो ? - बाघ, सूर्य, सर्प
- दुब्ली नानीको पेटभरि आँखा, गीत गाउँछ मधुर भाका के हो ? - बाँसुरी
- आनी माथि नानी, नानीमाथि पानी के हो ? - रक्सी पारेको
- आउँछ जान्छ पर्खिदैन कसैसँग थर्किंदैन के हो ? - समय
- भित्र चाँदी बाहिर सुन के हो ? - धान
- चाँदीका बट्टा, सुनका गट्टा के हो ? - अण्डा
- मामा भन्छ आउँ आउँ, भन्जा भन्छ नाइँ नाइँ के हो ? - केराको पात बाँसको टुप्पो
- एउटा बूढाको सय ओटा आँखा के हो ? - डोको
- टिं, टिं गर्छ घण्टी होइन, उड्छ चरा होइन के हो ? - लामखुट्टे
- न हात न खुट्टा, उखेल्छ बुटा के हो ? - पहिरो
- चार भाई छोरा एउटा खाल्टोमा हाम फालेको के हो ? - दूध दुहेको
- कपाल पुरकी सानी नानी कानपुरमा झरी, कानपुरबाट नङपुरमा गई मरी के हो ? - जुम्रा
- सुँड छ हात्ती होइन, उड्छ चिल होइन के हो ? - झिँगा
- फाल्नी भए फाल नत्र म झुडिन्छु के हो ? - सिंगान
- तन्नेरी केटाको दाँत नभएको के हो ? - हसिँया
- चार खुट्टा छ जनावर होइन, मान्छे बस्छ घोडा होइन के हो ? - कुर्ची
- चारपाटे छ इट्टा होइन, कुरा गर्छ मान्छे होइन के हो ? - रेडियो
- चिम्सीको नाकमा दुई वटा रौं के हो ? - सियो धागो
- घरभित्र जाँदा नाङ्गै जाने, बाहिर आउँदा कपडा लगाएर आउने के - मकैको दाना

हो ?

- ❖ चार भाइको हेरा हेर भेट कहिल्यै नहुने के हो ? - गाई, भैसीको थुन
- ❖ तल थाल माथि झाल, त्यसमाथि हीरालाल के हो ? - खुर्सानी
- ❖ चाँदीको ठेकीमा सुनको बिर्को के हो ? - ऐसैँलु
- ❖ एक सिंगो गाई जत्ति खुवायो उती खाई के हो ? - जाँतो
- ❖ सुरिलो रुखको सिन्के पात, जन्ति आए खातै खात के हो ? - सल्ला
- ❖ जति ठटायो उति रमाइलो के हो ? - मादल
- ❖ लेकबाट भैंसी झऱ्यो लफ्याक लफ्याक कान, एक बेत व्याएपछि खुर्पाले हान के हो ? - केरा
- ❖ ठूलो वनको माझमा एउटा अग्लो रुख के हो ? - टुपी
- ❖ तनक्क तन्काएर तान दुईवटा पुच्छर ६ वटा कान के हो ? - गोरु जोतेको
- ❖ भ्वाट्ट तान्दा दुख्ने, च्वाट्ट काट्दा नदुख्ने के हो ? - कपाल
- ❖ टुप्पोमा फुल्ने फेदमा फल्ने के हो ? - आलु
- ❖ झुटो भनौं झल्झल्ती देखिन्छ, साँचो भनूँ पाऊन सकिदैन के हो ? - सपना
- ❖ जति तान्छ उत्ति खान्छ के हो ? - सास
- ❖ ढुङ्गा न माटो स्वर्ग जाने बाटो के हो ? - भऱ्याङ
- ❖ ताप छऊन्जेल रातो चिसो भएपछि कालो के हो ? - आगोको कोइला
- ❖ दुई दिदीको एउटा मुन्द्रा के हो ? - चिम्टा
- ❖ तरकारी खाने हरियो पात, पानी नअड्कने के हो यसको जात ? - कर्कलो
- ❖ कसौंडी पाक्यो भात काँचै के हो ? - अम्बा
- ❖ दिउँसो उल्टो राती सुल्टो के हो ? - चमेरो
- ❖ दिए बड्छ नदिए घट्छ के हो ? - विद्या
- ❖ माझ मझेरी उत्तानो पारी, दुई घुँडा मारी ल्यास ल्यास पारी के हो ? - मसला पिसेको
- ❖ तीन आँखा छ शिवजी होइन, दूध दिन्छ गाई होइन, जटा छ जोगी होइन के हो ? - नरिवल
- ❖ टाउको निकालेर जिउ खाने के हो ? - ल्वाङ
- ❖ घ्याम्पे पहाडको बीचमा खाडल के हो ? - नाभी
- ❖ छोरी कुट्छे आमा रुन्छे के हो ? - घण्ट
- ❖ घर भने झुप्रो मान्छेको थुप्रो के हो ? - माहुरीको घार
- ❖ एउटा जेलमा सय जना चोर, आगो पार्न मलाई कोर के हो ? - सलाई
- ❖ अँधेरीमा हराउँछु, उजेलीमा आउँछु, जता जान्छन् मेरो उनी उतैतिर छाउँछु के हो ? - छायाँ
- ❖ अक्षर छ किताब होइन, गोलो छ इनार होइन संसार डुल्छु खुट्टा छैन - पैसा
- ❖ अचम्मको चरी आगोमा परी पुच्छरले पानी खाँदै ऐया ऐया गरी - दियो
- ❖ आफू छ कागत ठूलो छ तागत - नोट
- ❖ एउटा घरका दुई वटा ढोका - नाक
- ❖ एउटा घरको एउटै कोठा, त्यहाँ छैन कुनै ढोका - मादल
- ❖ एउटा मानिसलाई ३२ पुलिसले घेरेको - जिब्रो
- ❖ ए झुण्डे के भनिस भकुण्डे म लहरामा त झाँगमा - स्कुस र फर्सी

- काट्दा काटिनेपोल्दा पोलिने पकाउँदा भने नपाक्ने - रौं
- काठको ठिनीमिनी काठको सोइला, अघि लागे रामलक्ष्मण पछि लागे पाइला - गोरु जोतेको
- गोलो घरको नझ्याल नढोका - फर्सी
- खान त खाएँ तर स्वाद पाइन - किरिया खानु
- घाँटीमा झुण्ड्याइ गालामा हाने, मीठो स्वरमा बोल्दछ साने - मादल
- चरो होइन, उड्छ, बत्ती होइन बल्छ - जुनकिरी
- चोर्छ चोर होइन गुफामा बस्छ बाघ होइन - मुसो
- जिउभरी रौं छ भालु होइन, हात खुट्टा चलाउँछ स्याल होइन, बच्चा च्यापी हिड्छ मानिस होइन रुख रुखमा चढ्छ बिरालो होइन - बाँदर
- ठ्याप्प पाइला ढ्याप्प कान, साना आँखा ठूलो ज्यान - हात्ती
- डरलाग्दा आँखा छन् चितुवा होइन, रागेपाटे छ बाघ होइन लामो पुच्छर छ बाँदर होइन - बिरालो
- पाँच भाइको एउटै बाटो - पैताला
- पिँध सुकेको घाटी लुकेको पेट फुलेको - करुवा
- फाटेको राम्रो एउटा फुटेको राम्रो अर्को के हो ? - बादल, कपास
- बत्तीस घरमा दुई थरका छन्, चार शिकारी दाउ हेर्छन् बाँकी अट्ठाइस जाल बुन्छन् - बाघचाल
- भित्र खोक्रो पनि छैन बाहिर बोक्रो पनि छैन - ढुङ्गा
- मरेको गोरु गाउँबेंसी गर्छ - जुत्ता
- रन्किन पाए जे पनि खान्छ, पानी खुवाए भुतुक्कै हुनछ - आगो
- सानी नानीको तेल खानी बानी - दियो
- सानी नानीको भान्सा मीठो - मह
- सानो छउन्जेल धोती लाउँछ, ठूलो भएपछि धोती फाल्छ - बाँस
- सुनको कचौरीमा स्याउलाको बिर्को - गाँजर
- सेतो ढेकीमा हरियो बिर्को - मुला
- कालो खाएर सेतो दिसा गरेको - कोदो पिँधेको
- टाउको तान्दा आन्द्रा निस्कने - टुकीको बिर्को तानेको
- चार खुट्टा छ गाई अहोइन झ्याल ढोका छ घर होइन - मोटर गाडी
- खाँदा अमृत छुँदा बिष - सिस्नु
- बत्तीस भाइको एउटा थाल - दाँत र जिब्रो
- आमा तरुनी छोरी बूढी - रुखको फल
- हिस्स बूढीको खिस्स दाँत - मकै भुटेको
- दिनभरि सुत्ने रातभरी उठ्ने - दाम्लो
- पानीदेखि डराउँछ, चामलदेखि रमाउँछ - घुन
- नटोके बाँची रहने, टोके मर्छ - माहुरी
- झुत्री बूढी भित्ता भित्तै हिड्यो - भित्ता पातेको
- हेर्दा देखिँदैन, कुद्दा स्वाँ, ऊ नभइ बाँचिदैन नत्र ट्वाँ - हावा
- हेर्दा सेतो फुक्दा ट्वाँ, पूजाआजामा ह्वाँ कि ह्वाँ - शंख
- दुई खुट्टे ठकुरी, पाद्दै दगुरी - मोटरसाइकल
- बृन्दावनमा तामाको लोहोटा भुण्डिएको - केरा

- अगाडि हेर्दा देखिन्छ, पछाडि हेर्दा देखिँदैन - ऐना
- चुच्चो छ चरा होइन, खुट्टा छ मान्छे होइन - चुलेसी
- नाम के हो र कहाँ बस्छ थाहा छैन एकै चोटी आएर सत्यानाश पार्छ - भूकम्प
- मेरो भैंसी पालिदे दूध जति फालिदे, दही जति तँ खा घिउजति मलाई दे - चिउरी
- दस भाइको टाउको काँटी त्यसलाई मैले पिटेको पनि छैन कुटेको पनि छैन - नङ काटेको
- काठको कन्याङकुरुङ फलामको जोड, अघिलागे राम लक्ष्मण पछि लागे चोर - गोरु जोतेको
- काली बूढी छिन्द्रिङ, छिन्द्रिङ गर्छे - मकै भुटेको
- काली बूढी धुमधुम्ती बस्छे - हाँडी
- १६ वटा गोरु आठ हल भो, ४ भाइले जोत्दा घरखेत गो - कौडा खेलेको
- खुट्टा छैन उकालो चढ्छ, पानी खाएपछि भुतुक्कै मर्छ - आगो
- छिन छिन गर्छ चुरा होइन, घरभित्र बस्छ भान्से होइन - चिम्टा
- सुरिलो रुखमा धुरिलो पात, फल्न लागे खातै खात - केरा
- सुरिलो रुखमा कुप्रो पात - डाडु
- अलिकति अचार साँधेर गाउँलेलाई पुग्ने - आगो
- काली गाईको पेटभरि पानी - नरिवलको पानी
- बाउ थाक्रे, आमा लाम्चे, छोरो डल्ले - केराउ
- सुरिलो रुखमा धुरिलो पात, पाउना आए खातै खात - मेवा
- पाँचभाइ छोरा यताउती जाँदा एउटै खाल्टामा हाम्फाल्छन् - जुत्ता लगाएको
- कुप्री बूढीको सयवटा दाँत - करौती
- दिनभरि घुमें हूइँको हुइँ - कोल चलाएको
- रातभरि लम्मतान दिनभरि घरजम - गुन्द्री
- भुँ भुँ गर्छ भमरा होइन जनै लाउँछ बाहनु होइन - चर्खा
- तिमी नी गयौ मलाई नि भयो - चुरा फुटेको
- घर छिऱ्यो म छिर्न सकिन - माछालाई जाल हानेको
- सुरिलो रुखमा तीनवटा पात, हुन्छ सधैं शिवजीको साथ - त्रिशुल
- जान्छ जान्छ तर पानीसँग डराउँछ - जुत्ता
- पाँच भाइको पाँचओटा, गुफा तर ढोका एउटा - पञ्जा
- घर त निस्क्यो म निस्किन सकिन - अण्डा
- एउटा घैटोमा दुइ रङ्गको पानी - अण्डा
- आकशको लिँगो धर्तीको बार, आगोको बोसो पानीको हार - असिना
- आकाशमा कठपौवा पातलामा दशपौवा जलचरी सुरी - गंगटा
- दुई गोठको भकारो एउटै हातले सोहोरेको - सिंगान फालेको
- भिरमा छु लड्छु भन्छ लड्नै सक्दैन - नाकको फुली
- ल्याउनेले पाउँदैन, लाउनेले देख्दैन - कात्रो
- सुरिलो रुखमा झलुङ्गो हल्लाएको - केराको घरी
- लौ लौ दाजु तिघ्रा बजाउ - ढिकी कुटेको

- जन्मदा ठूलो मर्दा सानो - कुचो
- एउटा चराको दुईवटा पुच्छर - दुना
- कालो वनमा रुवाइ, रुवाइ ध्वाँई ध्वाई - टाउको कन्याएको
- कालो कौवा गोगनघाट, बत्तीस हाँगा एउटा पात - जिब्रो
- आमा भन्छे जाम जाम छोरी भन्छे यही बसौं - फर्सी फलेको
- लामो लहराको मीठो फल - माछा
- छेउ छेउमा पर्खाल माझमा रायो, रायो टिप्न जँदा बाघले खायो - अगेनाको आगो
- म सुन्दर छु म राम्री छु म आउँदा सबै ठुस्किन्छन् - हिउँ
- अक्करको भिरमा एउटी बूढी चहै चहै - बुलाकी
- मीठो छ टोक्नु हुन्न, बाँडुभने काट्न मिल्दैन - बासना
- बाहिरा हेर्दा सिसा भित्र सुन, खिटिक्क थिच्दा तुरुन्तै जुन - विजुली बत्ती
- हेरे दुईवटा नहेरे एउटा - ऐना
- एताबाट आएँछ उताबाट जान्छ, दाँतले दार्छ तर केही खाँदैन - आरा
- बाहिर खस्याङ खस्याङभित्र लोहोरो, यो नजाने भइन्छ गोहोरो - मकै
- स्वर्गको लिस्नो धर्तीको आड, आगोको कलेजो पानीको हाड - इन्द्रेणी
- हरियो चराको थरी थरी चुच्चो स्वाद तीतो भएपनि पार्छ मुख मीठो - करेला
- पानी छ दह होइन, रुखमा बस्छ चरो होइन - नरिवाल
- पानी नभएको पोखरीमा माछा उफ्रेको - मकै भुटेको
- हावा भरिएको छालाको गानु, आफूतिर आए लात्ताले हानुँ - भकुण्डो
- हातखुट्टा नभएपनि बस्छ झोलाभित्र, सधैं प्रेम गरिराख्ने बन्न असल मित्र - किताब
- सानो सानो दह, सिन्का परे नसह - आँखा
- सधैं भरि झुण्डिएर हेर्छु महिना दिनमा रुप फेर्छु - भित्तेपात्रो
- लोग्नेले श्रीमतीको सबै कुरा देख्छ तर एक चिज देख्दैन के हो ? - विधवा भएको
- लाहाको बाकसभित्र विचित्रको डल्ला - कटहर
- लामो डाँडोमा दुईवटा सुरुङ - नाकको प्वाल
- लामो छ लट्ठी होइन, सेतो छ दूध होइन झलमल बल्छ सूर्य होइन - ट्युवलाइट
- संसारभरि फैलिएको रूपरङ्ग छ, तर म नभएर सबै मर्छ - पानी
- लाउँदा खेरि इज्जत हुन्छ, खाँदा खेरि बेइज्जत हुन्छ - जुत्ता
- लचक लचक गर्छ तान, दशवटा खुट्टा ६ वटा कान - गोरु जोतेको
- दिमाग उल्टो बनाइदिन्छ बुद्धी भ्रष्ट बनाइदिन्छ न त्यसबाट छुटकारा पाइन्छ - रीस
- गजुर छ देवल होइन, बार्दली छ घर होइन - धरहरा
- खेतको चरा ट्वार ट्वार गर्छ, पानी नभए ठहरै मर्छ - भ्यागुता
- खाइस पिइस तेरो घर, सुत्न आइस मेरो घर - आग्लो
- खान जाँदा दुब्लो, खाएर आउँदा मोटो - पुरी पकाएको
- गनगन गर्ने बूढीको भान्सा मीठो - मह
- पानी नभएको पोखरीमा सुनको माछा - सूर्य
- काली बूढी चाउरी परी - मरिच
- कि मलाई बान कि तिमीलाई बोक्छु, रिस उठ्यो भने लात्ताले ठोक्छ् - घोडा

- तीन अक्षरको मेरो नाम, विद्वान हुन मलाई छान - कलम
- तलाउ वरिपरि डाँडाकाँडाको बार आवश्यक परे झिमझाम पार - परेली
- त्यो घरको एक्ली बूढी कुम्लो छाडि रुखमा चढी - तरुलको लहरा
- यता मुख उता कान उता मुख याता कान, देख्नु नदेख्नु दुबै बीच भनाभन - टेलिफोनमा कुरा गरेको
- आफू सेतो छ कालो कोट लगाउँछ, रातो पानी खान्छ - खुकुरी
- आदेश यसको मान्नैपर्छ पुलिस त्यो होइन, घुमीघुमी उधुम गर्छ रूप देखिदैन - काल
- उसन्दिा पाक्दैन पोल्दा डढ्छ नमर्छ नलड्छ - कपाल
- घाम आउँदा नदखिने, जुन आउँदा देखिने - तारा
- एउटा हाँगामा ३ वटा पात, धेरै जसो घुम्छ जोगीको साथ - त्रिशुल
- कपाल काटी सुकाइन्छ चुल्ठो पारी बाटिन्छ - बाबियो
- कान्छी नानी साह्रै सानी, दिनरात खट्ने उसको बानी - कमिला
- आफू छ काली नाम भने राती - रात
- आकाशमा उड्ने ठूलो चरी, काखमा राखी घुमाउँछ वरिपरि - हवाइजाहाज
- चुलबुले टारमा बखुरे लाटो, हातमा लुटुपुटु मुखमा गाँठो - कसार
- पानीमा खेल्छ जलेवा होइन, आहारा टिप्छ परेवा होइन - धान रोपेको
- खस्रो भ्यागुताको भूँडी चाहीँ मीठो - लिची
- जन्मदा भुत्लै भुत्ला, ठूलो हुँदा खरानीको कत्ला - कुपिण्डो
- आँखा काट्दा मर्ने जिब्रो काट्दा सर्ने - उखु
- नदेखिने शक्तिवान, छुन पुगे लिन्छ ज्यान - विजुली/करेन्ट
- हातले छर्ने मुखले टिप्ने - लेखेको पढेको
- चार पाउ, चाक टेकाउ - पिर्का
- काम गर्न थालेपछि पोटुका बाँध्ने - मकै भुट्ने कप्टेरा
- आमा लहरे बाउ पहरे दिदी फुलमुन्टे भाइ भकुण्डे - फर्सी
- जन्मदा ठूलो मर्दा सानो - कुचो
- आँगनमुनी रायो झुल्यो नाङ्लो जत्रो पात, कहिल्यै सुक्नी कहिले फुक्ने के हो त्यसको जात - छाता
- तीन छोरा बाह्र नातिको एक सुन्दर घर क्याप्सुल व्याट्री खएपछि हिड्छ सरासर - घडी
- अंकड बंकड दश बाहा आँखा, तेरो टुलुटुलु मुन्टो तेरो कहाँ - गंगटा
- आइगुजी पाइ गुजी पानीदेखि डराइगुजी - जुत्ता
- आकाशको फल धर्तीमा झ¥यो झर्ना साथ बिलाइ गयो - असिना
- एउटै रूप आ-आफ्ना काम उही शरीरमा भिन्ना भिन्नै नाम - रौं
- घुमाउने घरको एउटै खाबो - छाता
- जति जति मासु खान्छ उति खिइँखै जान्छ - अचानो
- ठूलो थालमा बिस्कुट फिँजाएको - तारा
- डाँडावारि डाँडापारी दुईभाइ छन् भेट कहिल्यै हुँदैन - आँखा
- तँभन्दा नछोइने, म भन्दा छोइने - ओठ
- पुच्छरमा थिच्दा जुरुक्क उठेछ चटक्कै छोडे चुच्चाले टेकेछ - ढिकी
- बाखा पाठा बसी रहने, दाम्लो चर्न जाने - काँक्रो/फर्सी

- सबैको लक्ष्मी गोरुको जोइ, यो कथान नजान्ने लाटीको पोइ - गाई
- बाहिर साह्रो भित्रपट्टि पानी - काँचो नरिवल
- खान्छ मुडो बन्छ धुलो - खरानी
- छाला ताछे दाँत पलाउने - सिसाकलम
- तलाई चुस्ने तैलाई थुक्ने - उखु खाएको
- नहिड्छ नोबल्छ हेर्दा दुरुस्तै - तस्वीर
- पाँच भाइको एउटै थाल - हत्केला
- सानी नानीका दाँतैदाँत - काइयो
- कालो ओडारमा सेता जन्ती - दाँत
- हात पनि छ खुट्टा पनि छ हिँड्दै हिँड्दैन - लास
- सेतो कपडा लगाएको बूढी पहेलो मुख पारी बसेकी - मैनवत्ती बालेको
- बाहिर स्याउलाभित्र चाँदीको कसौडी - काउली
- बोल्छ मान्छे होइन, गीत गाउँछ कोइली होइन बाजा बजाउँछ दमाई होइन - रडियो
- पकाइ पोली खानलाई गर्छन सबै प्यारो, पानी बिना बाँच्न भने मलाई साह्रै गाह्रो - माछा
- फलझर्‍यो भूईभरि, रुख छैन वरिपरि - असिना
- बाह्र छोरा तेह्रा नाति, एउटा छाता सबैमाथि - पिँडालु
- पिलिपिल गर्ने सान्नानीको पेटभरि पानी - टुकी बत्ती
- दुई भाइ पालैपालो अघिपछि - खुट्टाले हिँडेको
- दुई सिंग चिप्लो गोरु, हाड छैन कसो गरुँ - चिप्लेकिरा
- दुई बूढी झ्याली बजाइ नाच्छिन - चिम्टा
- ओडारमाथि डाँडो डाँडामाथि टार, टारमाथि रानीवानमा हिँड्न थाले चोर - जुम्रा
- कपडाको छाला फलामको हाड, खुम्चदाँ लडी खुल्दा आड - छाता
- खिरिलो साँढेको जिउभरि सिँगै सिँग - तिते करेला
- गीत गाउँदै रातभरि मस्तसँग नाच्छ, एक चुम्बन लिन पाए खुसीसँग बाँच्छ - लामखुट्टे
- चाँदीजस्तो फूल हुन्छ सुनजस्तो फल, टिप्न जाँदा बगाउँछ रगतको भल - ऐंसेलु
- बाली न बिरुवा नौ मुरी तोरी - तारा
- एक भाइका दुईवटा मुन्द्रा - कराही
- खोपाभरी राता कीरा - अगेनाको आगो
- खोलामा बसेको, पगरी कसेको - निउरो
- खान त खाएँ तर चाखेको छैन - कसम
- एक डाँडामा खसी काट्यो सय डाँडामा रगत - उदाउँदो सूर्य
- खाँदा मह सुक्दा कपाल, खाने रस उकल्ने कपास - उखु आएको
- गोरु मरेको कैले कैले, डुक्रन थाल्यो ऐले - ढ्याङ्ग्रो
- घर पछाडि सर्प झुण्डिएको - कपाल बाटेको
- गोडा छैन टाढा जान्छ, मुख छैन कुरा गर्छ - चिठी
- चार खुट्टा छन् मेरा, थकाइ मार्छन सारा - खाट

- ❖ चारभाइ एकै लाममा एक भाइ छुट्टै - बूढी औंला
- ❖ टाढाबाट हेर्दा टल्कने, माघ लागे आफैं पग्लने - हिउँ
- ❖ टाउको नुहुन्छ मुख छुरा काम पाए गर्छु पूरा - चुलेसी
- ❖ घरभरि कपडा बीरे नाङ्गै - कपडा नाप्ने मिटर
- ❖ छ ऊ संसार उज्यालो, छैन ऊ दिउँसै अध्याँरो - सूर्य
- ❖ चिसो पानीको तातो पानी, तातो पानीको रातो पानी - फिक्का चियो
- ❖ सानो सानो कोसा भरि दामै दाम, स्वादमा यसको नामै नाम - खुर्सानी
- ❖ जति खाएपनि नअघाउने - तेल पेल्ने कोल
- ❖ घर मेरा छैन वनमा चाहार्छु, बच्चा काट्नुपर्दा फूल अन्त पार्छु - कोइली
- ❖ झरिल्लो बुकल्लाको पेटै तल अध्याँरो - बत्ती बलेको
- ❖ नाकमा टेकी कानमा समाउने - चश्मा
- ❖ एउटा चौरमा १ भाइ नाच्ने ४ भाई लुक्ने ५ भाई तमासा हेर्ने - सुर्ति माडेको
- ❖ खानु र पिउनु सधैं एकनासले हिडिरहन्छ - घडीको सूई
- ❖ फलामको बाटो फलामकै घर, टाढा टाढा जानुपरे पर्छु यसकै भर - रेलगाडी
- ❖ सेती बूढीको गालामा चिरै चिरा - लसुनको पोटी
- ❖ उसको टाउको फोरेपछि बाहिर आउँछ गिदी, त्यो गिदीलाई खेलाइ रहन्छिन् हाम्री सानी दिदी - कपासको बत्ति कातेको
- ❖ पहिला फुलौरा अनि झोल, माटोका लागि ठूलो मोल - असिना
- ❖ कान तान्दा मुख बाउँछ - थैली
- ❖ शरीर सानो भएपनि ठूलो छ यसको काम मूर्ख पनि विद्वान हुन्छ जपी यसको नाम - पुस्तक
- ❖ दिदी बहिनी देखादेख भेट कहिल्यै नहुने - घाम र जुन
- ❖ चरा हैन उड्छ मानिस हैन हिँड्छ - झिँगा
- ❖ रङ्ग हुन्छ रातो रूपचाहिँ धुलो, पूजाआजा गर्दाखेरि काम दिन्छ ठूलो - अबिर
- ❖ बाहिर काली कोइली भित्र तामा चोइली - मुसुरोको दाल
- ❖ भित्र खसी बाहिर दाम्लो - तरुल
- ❖ सुन साङ्ली रूप आङ्ली, पिँधबाटै पानी माङ्ली - धान
- ❖ हुम्ला तान्छ जुम्ला तन्काउँछ - लँगौटी
- ❖ अघि अघि शंख बज्छ पछि पछि ध्वजा हल्लन्छ - कुकुर भुकेको
- ❖ अगाडि छ वनको राजा बीचको पर्वमा खानेकुरा पछिल्लो खेतबारी छेक्छ यी तीनको संयोगमा एउटै शब्द बन्छ, त्यहीबाट देशको प्रशासन चल्छ - सिंहदरबार
- ❖ भाइ बोल्छ दाइ बोल्दैन, कहिल्यै पनि हल्लिदैन - घण्टाघर र धरहरा
- ❖ अघिल्लाले स्थान बुझाउँछ पछिल्लाले चिठीपात, दुबै जोड्दा हुन्छ खबर कागज बिहान हुँदा सधैं पुग्छ हातहातै - गोरखापत्र
- ❖ हेरुँ हेर्न नसकिने छोएँ छुन नसकिने - सूर्य
- ❖ बाहिर दाँत भित्र ओठ, चामल बनाउनु परे त्यसैले ठीक - मुसल
- ❖ छिपछिपे पानीमा भुकभुके रोटी - महको चाका
- ❖ बाहिर बाजाचित्र नाच - घडी
- ❖ छिर्लिङ जालीको धोतीमा जुम्रा - जालमा परेको माछा
- ❖ अघिअघि रतुवा पछि पछि कलुवा, खायो सबै पालुवा - डढेंलो

- ठूलो जंगलको बीचमा एउटामात्र रुख - टुप्पी
- छिपछिपे पानीमा मुढा लडेको - जिब्रो
- अघि अघि महादेव, पछि पछि जन्ति - मौरी
- भाटा पगरी जिउमा टम्म बस्न हुन्छ पिँधमा ह्वाङ्ग - मुढा
- माथि टुलुटुलु तल स्याउँ स्याउँ - आँखा र नाक
- माथिबाट आए फोहोरी शाही पाँच भाइले तह लगाई माथिबाट सिंगारे झर्‍यो हस्तले पछार्‍यो - सिंगान पुछेको
- आँखा हुने एकातिर हिँड्छ, आँखा नहुने दुबैतिर हिड्छ - अन्धो
- अघि बढ्दै छ पोको छाड्दै छ - अंगुर
- हात न खुट्टा घस्रेर चल्छ, अगाडि भेटे सलक्क निल्छ - अजिङ्गर
- खुट्टी पसार लट्टी मसार कालो हाल सेतो झिक - मास पिँधेको
- आँखा छ माखो रमाउँछ नहेर्छ न देख्छ - पिलो घाउ
- खुट्टा मुनि रहेछ काले दाइको बास, सँगै हिड्छ बोल्दैन पार्छ मेरै छाप - छायाँ
- आफू छ डल्ली डल्ली बीचमा छ दूलो त्यही दूलोमा सुइ लगाउँदा सुटुक्कै खुल्यो - ताल्चा र साँचो
- अध्याँरो घरमा दहीका छिट्टा - चाँदी
- चार भाइ लढे, सय भाइ बढे - मकै
- खैरो गाइको पेटैभरि कालो धामी नाच्ने - रिट्ठाको गेडो
- खेतको बार बारीको आड, वर्षमा एक दिन आउँछ चाड - नर्कट
- एक भाइ घान हाल्ने बत्तीस भाइ धान कुट्ने - जिब्रो र दाँत
- एक भाइले दुनियाँ उज्यालो पार्ने - घाम
- आधी पसे दुख्छ सबै पसे सञ्चो - चुरा लगाएको
- अगाडि हिँड्दा पछाडि थुन्दो - सियो र धागो
- चार मुख छ देवता हैन, बोल्छ मान्छे होइन - घण्टाघर
- आकाश मै हिँड्छ सधैं आकाशमै घर मानिसको जन्म मृत्यु उसैको छ भर - सूर्य
- चारैतिर मरुभूमि बीचमा कञ्चन पानी, शुभफल ठानी यसलाई खान्छन् मीठो मानी - नरिवल
- अक्षर छ पुस्तक होइन, लेख्छ कलम होइन, टुकटुक गर्छ घडी होइन - टाइप राइटर
- आँखाजस्तो भएपनि आँखा भनिदँनै, पंखा जस्तो पनि हुन्छ पंखा भनै होइन - मयुरको प्वाँख
- पानी परे पखाली जा माटो परे कुही जा झगडा परे कचहरीमा जा - कागज
- एकखुट्टे दाइको जिउभरि काँडैकाँडा - ऐसेलुको बोट
- खड्किने ताउलीको खड्किने भाग खारखुर पारी एकै गाँस - ओखर
- खड्गजी रुखको गड्गजी पात, को ल्याउँछ दुनाबोताको खान्छ भात - पानी अमला
- चुइयाँ चुइयाँ पाँच चुइयाँ, चुइयाँको पुच्छरले भूईमा छुइयाँ - रोटेपिङ्ग
- चुलबुले टारमा बुरबुर माटो, हातमा लुटपुट मुखमा गाँठो - कसार
- आकाशमा आगो पातलमा पानी, म्वाइ खान जाँदा चिच्याउने बानी - हुक्कमा तमाखु खाएको

- आदेश उसको मान्नै पर्छ पुलिस त्यो होइन, घुमी घुमी उधुम गर्छ रूप देखिँदैन - काल
- हिँड पुड्के जाँउ तेरो मुन्टो निमोठेर ल्याउँ - धोक्रो
- वरिपरि पर्खाल माझमा यात्रु - जेल र थुनुवा
- हातले समाति मुखले तानी, विगार गर्ने यिनको बानी - चुरोट खाएको
- चार थाम, दुई पुच्छर - हात्ती
- चार चोसामा थुनिएछन् कसका छोराछोरी, जता हुन्छु उतै हेर्छन कस्तो मेरोमोरी - तस्वीर
- चार पाउकी चुप्प रानी दिनहुँ उठी नुहाउँछिन दालरोटीको मर्म नबुझी काँचा रोटी बुकाउँछिन् - चकला
- चार पाउ दुई बाहाँ आँखा तेरो कुर्कुच्चामा मुन्टो तेरो कहाँ - मेच
- आमा आज मरी छोरी भोलि जन्मी - खरले छाएको फुसको घर
- आमाको पेटमा छोरी चलिरहन्छे - ताल्चा मारेको
- आमाको मुटु कलेजो छोरी पक्लक पक्लक झिक्छे - पन्यूले भातका चोइली झिकेको
- आमा झिक्रिल्ली छोरी कोरीबाटी - कुरिलो
- आमा झुत्री छोरी चुच्ची - खुर्सानी
- आलु भन्छन् खान हुन्न केही होइन हेप्न हुन्न - जिरो/शून्य
- आलुङ्गो नानीको पालुङ्गो टिप्छिन्, घामको झुल्कोमा पाताल पुग्छिन् - तुसारो
- इउँ त इउँ, इउँ टिप्नेलाई लाख रूपैया दिउँ - छायाँ
- इनारको पानी भुलभुली, आउने नपाउने न खाने - आँसु
- इन्द्रिणी खोला छिन्द्रिनी पानी, बेताले बूढीको बौलाउने बानी - घट्ट
- उँधोबाट हाँस आयो एकमुठी घाँस ल्यायो - मुला
- आफू भने थाङ्ने घोडा चढी माग्ने - धुम
- आफू भने थाङनेमाङ्ने सुनको टोपी लाउने - ऐसेंलु
- आफू भने निर्जीव हो आकार चार पाटो, हिसाब गर्न थाल्यो भने मानिस भन्दा बाठो - क्यालकुलेटर
- आफू मुढो डाँको बडो लिएर लडो - बन्दुक
- उकालो लाग्छ खुट्टा छैन, पानी खाए भुतुत्कै लड्छ - डढैंलो
- आफू डल्ली बीचमा दूलो, दूलोमा सुटुक्कै  खुल्यो - ताला
- उठे सगरसम्म बसे गजधम - कुइरो
- आकाशको मैदान रुखको बास, धर्तीको बिस्कुन चुच्चका गाँस - चरा
- आकामा फ्याँकेको बाटुलो रोटी - चन्द्रमा
- उठ्ने बित्तिकै खोपामा हात - लुगा लगाएको
- उडन्ति बुडन्ति चुडन्ति - चरो, माछो र चंगा
- उड्छ उफ्रन्छ पर्दैन पेट्रोल हाल्न, दुई खुट्टा छन् जान्दैन पाइला चाल्न - भँगेरो
- उभिन्छु दुई खुट्टाले हिड्नलाई हुन्न, कुटुकुटु खाने गर्छु निल्नलाई हुन्न - चुलेसी
- उम्रन्छ पहिले फल्दैन कहिल्यै, छोपी देउ झारपातले अहिले - ऊखु
- अड्काम बड्काम, तेरो बाबुको टुपी पड्काम - जुँगा

- ❖ लिङ्गे टिङ्गे तीन सिङ्गे - त्रिशुल
- ❖ एक बेत व्याइ, आमा मरी गइ - केराको बोट
- ❖ आकाशकी रानी पातलमा खसिन, सूर्यलाई देख्दा थुपुक्क बसिन - शीत
- ❖ आगोमा उभिएर तीन भाइ निहुरेका, घाँटीमा एउटै सिक्री पहिरिएका - ओदान
- ❖ आज रात पऱ्यो भोलि बनाउँदा घर - माकुरो
- ❖ एक भाँडो अचार सबैलाई विचार - मल
- ❖ आमा खुप्री झुप्री छोरी भर्खरको सुन्दरी - गुलाफ
- ❖ नहुने फुस्रो कालो वाना, सबैभन्दा चनाखो छैन उसको नाना - काग
- ❖ उसले दिएको खान हुने, मार्न पनि हुँदै नहुने धरै थरी काम दिने - गाई
- ❖ अत्ति न पत्ति पिँधमा बत्ति - जुनकिरी
- ❖ अनगिन्ति अम्बामाथि घुमाउने छत एक जना मात्र बस्ने के हो त्यसको जात - मुढा
- ❖ अन्न खान्छ सानो किरी झ्यालबाट फुत्त छिरी - घुन
- ❖ एउटा खाबाले घर थेग्छ - छाता
- ❖ अग्लो भिरमा रगतको थोप्लो - टीका
- ❖ काग कहनी एक सूर्य दुई रङ्ग पनि - चराको फूल
- ❖ काँधमा भिरिन्छ खकन होइन, सरसमान बोकाइन्छ गधा होइन - झोला
- ❖ आमा बोक्सी छोरी सुकुमारी - गुफालको फूल
- ❖ एक हातले सगर छेकेको, घाम र पानी मजाले रोकेको - छाता
- ❖ आँखा छैन भूइतिर हेर्छ, कान निमोठ्यो बान्ता गर्छ - कलधारो
- ❖ आँखा झिमिक्क झिम्कायो कि पेटभित्रै निम्त्यो - क्यामारा
- ❖ एउटा खाइ सभामा बस्नु, अर्को खाइ वन पस्नु - अदुवा र मुला
- ❖ एउटा खाल्टोमा दुई लात हानेको - सुरुवाल र पाइन्ट लगाएको
- ❖ एउटा खुट्टा सयौं हात, सयौं हातमा हजारौं पात - रुख
- ❖ आउँछ देखिँदैन चिथारचाथर पाऱ्यो सञ्चो हुन्छ बिलाउँछ - चिलाई र कन्याई
- ❖ आउने जानेलाई खान दिइस आफूलाई चाहिने लुगा लिइस दिनसम्म दुःख दिइस - ऐंसेलु
- ❖ आइबुढी मच्चिदै गइ बूढी थच्चिदैं - पिङ्ग
- ❖ आँखा झिमिक्क झिम्कायो जस्ताको तस्तै बनायो - क्यामारा
- ❖ उल्टो पढ सुल्टो पढ अर्थ एकै हुन्छ, पकाइ खाँदा मीठो लाग्छ तिहुन त्यसको बन्छ - रहरको दाल
- ❖ उल्टो सुल्टो एउटै हुन्छ ५ अक्षरको नाम, चढ्दो बैंसको झल्को दिन्छ गर्दा अर्थ ज्ञान - नवजीवन
- ❖ उसको देब्रे तिम्रो दाहिने बीचमा छ अस्पतालको साइनु - ऐनमा अनुहार हेरेको
- ❖ एउटा गुरुका धेरै चेला मुख बाउँछ पिउने बेला - धारा र घैंटा गांगा
- ❖ एउटा गोरुका बत्तीस जुरा - करेला
- ❖ एउटा चरीका तीनवटा पंखा - विजुलीको पंखा
- ❖ एउटा गोरुका सोह्र सिंग - चर्खा

- ❖ कालो ओडारमा लहरै जन्ति - कमिलाको ताँती
- ❖ कालो दाइको चिटपिटे लाल दाइ धुलो खैरे दाइ - गोल, आगो र खरानी
- ❖ एउटा चौरमा एउटै रोटी - सूर्य
- ❖ एउटा चौरमा लौरो गाडेको टुप्पो हेर्न साह्रै गाह्रो भो - धरहरा
- ❖ एउटा जनावरको चार थाम एक सिंग - गैंडा
- ❖ आमा बाबुको एउटै हड्डी - आग्लो
- ❖ कागतको रूपदार जिउ मेरो तस्वीरजस्तो सबैको प्यारो एउटासँग बस्न गाह्रो पाउन अझ झनै गाह्रो - नोट, पैसा
- ❖ एउटा ढुङ्ग्राको सातवटा गाँस देख्ने सुन्ने सबैको बास - टाउको
- ❖ एउटा तन्न एउटा धन्न कहिले लौ लौ कैले हुन्न - तबला
- ❖ एउटा दमाइले दुईतिर ढोल बजाउँछ - गाई
- ❖ चाँदीको ठेकीमा सुनको खोल - केरा
- ❖ डाँडामाथि गएर धाँक्क धुँक्क गर्ने अरुलाई काट्ने मार्ने - बन्चरो
- ❖ डाँडामाथि भिरमा एक थुङ्गा फूल - फुली
- ❖ डुङ्गाजस्तो जिउ त्यसको पिङ्ग खेल्ने बानी, काखमा राखी झुलाउँछन् साना सना नानी - कोक्रो
- ❖ एउटा देश छ कतै तीन अक्षरी नाम, पहिलो अक्षर झिके हुन्छ खाने चिजको नाम - जापान
- ❖ एउटा प्वालमा मासुको ढिको - जिब्रो
- ❖ एउटा फर्सीका सातवटा प्वाल, पूरै लाग्दा नौवटा झ्याल - टाउको र शरीर
- ❖ एउटा बासकमा धेरै टोपी, धेरै टोपीका आफ्नै लौरी - सलाई
- ❖ एउटा मानिसका आठवटा खुट्टा - चोलिका तुना
- ❖ एउटा मुखमा बाह्र आँखा दुईवटा औला छन् चनाखा हल्लाउँछन् पुच्छर हरदम बोल्न थाल्छ टिकटिक समय दिन्छ ठीक ठीक - घडी
- ❖ एउटा रुख बाह्र हाँगा बाह्र हाँगाका दुई पात - महिना र दिनरात
- ❖ एउटा रुख बाह्र हाँगा बाह्रा हाँगा तीनसय पैसट्ठी पात - वर्ष महिना र दिन
- ❖ काठको बाच्छी ढुङ्गाकी गाई, जति दुह्यो उति आई - चन्दन घोटेको
- ❖ एउटी आमाका चौध छोराछोरी ७५ नाति नातिनी - चौध अञ्चल ७५ जिल्ला
- ❖ एक कोल बाह्र पट्टी, हाँगा गन्दा तीन सय पैसट्ठी - वर्षदिन
- ❖ एक जना मान्छेको जिउभरी प्वाल - डोको
- ❖ आमा, छोरीलाई जिउ गर्छिन - गाग्री र लोटा
- ❖ एकतले घरको करेसामा लिस्नु - घट्टको डुंड
- ❖ एक भाग जलथल एकभाग तुसारो, वनै काटी वनै ताछि वनै सिंगाऱ्यो - डुङ्गा
- ❖ एक मुट्ठी खर घुमाउने घर - छाला
- ❖ एक मुलका दस धारा - दूधका धारा
- ❖ अपट्टेको भिरमा सानो डोबिल्को - नाइटो
- ❖ अरुले देख्ने घामले नदेख्ने जुनले नछेक्ने - अध्याँरो

- ❖ अलङ्गी रानी पलाङ्गमा सुत्छे, सूर्यलाई देख्दा लुपुक्क लुक्छे - शीत
- ❖ ए बाजे ए बाजे घ्यारघ्यार गर्छ, मेरो थाङ्गना धेरै छन् मलाई के को डर छ - पिँडालु
- ❖ ओ भाइ हो भाइ घाँस खान देउ मलाई - गाई
- ❖ ओखल भनूँ चिउरा कुट्दैन, मूल फुट्छ कुवा होइन - आँखा
- ❖ ओडार भरी सधैं लिरीबिरी - लिगलिगे
- ❖ कथाकुथुङ्ग्री गणपति गाडा, यो कथा नजान्ने मान्छेलाई डाँडा - आग्लो
- ❖ कसौंडीमा भात पाक्छ बिटमा दाल पाक्छ - खेत र आलिको मास
- ❖ कम्मरमा पटुका कस नानी, जन्मदा ठूलोपछि सानी - कुचो
- ❖ कहिले लुकामारी खेल्छन् कहिले साथै देखिन्छन् कहिले भने डिलमा बसी नियालेर छेकिन्छन् । - सूर्य चन्द्र
- ❖ काठको कठना माटाको मटना, इन्द्रपुरी सभा बसे चल्यो आफ्नै रटना - हुक्का र चिलिम
- ❖ काठको कैंची फलामको बीड, त्यो बींड बोक्ने जना दुई तीन - तामदान र डोले
- ❖ काठको पर्खाल सिसाको द्वार नबोली हेर्छन लगातार - तस्वीर
- ❖ काठ खाने पानी खाने अन्न चाहीँ छुँदै नछुने - चनौटो
- ❖ कान समाति माथि उठ्यो चट्ट आगो लायो, कान समाति तल ल्यायो रातलाई दिन बनायो - लाल्टिन
- ❖ कान्छी नानी साह्रै सानी, दिन रात खट्ने उसको राम्रो बानी - कमिला
- ❖ काम एकै भए अनेक थरी नाम, फोहोरको दुनियाँमा नाच्ने त्यसको काम - साबुन
- ❖ कामीको छोरा बाहुनको नाति, बस्न गयो दैलामाथि - ताल्चा
- ❖ काला गेडा सेतो भूई मुखले टिप्छ हातले छर्छ - लेखेपढेको
- ❖ काली काली बाख्राका पेटभरि इउँ, गन्न सक्ने मानिसलाई लाख रूपैया दिउँ - तारा
- ❖ कालीगंगा गौरीघाट बत्तीस हाँगा एउटै पात - जिब्रो
- ❖ आफूतिर बटारी हान्यो झटारो, धुलो मैलो जति सबै निथार्‍यो - नाङ्ग्लोमा निफनेको
- ❖ आफ्ना दुबै लुला हातले ठोक्छ आफ्नै गाला, शिवजीलाई मन पर्ने गजबै छ चाला - डमरु
- ❖ काली गाईको पेटभरि दूध - मास
- ❖ खानु न पिउनु सधैं हिँडिरहने - घडीको सूई
- ❖ खान्छ अन्न पानी छैन - जाँतो
- ❖ काली बूढीको भान्सा मीठो - ठेकी र दही
- ❖ खान्छ मुढो बन्छ धुलो - खरानी
- ❖ एउटा नानी दुई घरको दीप, जता चाहियो त्यसै ठीक - आँखा
- ❖ काली बज्यैको भूँडी पखालेको - पखाल पुखुल
- ❖ एउटा पोको फुट्ने चार धारा छुट्ने - कल्चौडा र थुन
- ❖ काली भएपनि राम्रा छन्, आँखा तिनका जिउभरि छन्. - आँखीझ्याल
- ❖ काली बूढी ठाडठाडै मुच्छे, ठाडी बूढी छलछली मुच्छे - कोल
- ❖ कालीमाइको पेटमा सेतो थरथरे दाइको लादी झिक्ने मेसो - मही पारेको
- ❖ कालो ओडारमा रातो पुलिस तीतो मीठो नभुलिस - जिब्रो
- ❖ कालो कुकुर वनमा सुत्ने, हिर्काउँदाखेरि थुक्दै उठ्ने - बन्दुक

- ❖ कालो खोलमा हुन्छु रातो पानी खान्छु निहुँ खोज्न आउनेलाई ठाडै जवाफ दिन्छु - खुकुरी
- ❖ कालो थालमा रातो अक्षता - रातागेडी
- ❖ कालो बेलामा आइ सानी थाल, अगाडि भुन्टी नानी - पानी खाने भाँडो
- ❖ गाग्राको जस्तो तामाको मानु कुकुरको जस्तो कान भित्र हेर्दा ताँती ताँती यो कथा के हो जान - दारिम
- ❖ कालो पिउरी सेतो धागो - थुन र दूध
- ❖ कुद्न सक्छ हिड्न सक्दैन, कसैले पनि रोक्न सक्दैन - नदी
- ❖ कुनै एउटा वनमा को हो को हो - दाउरा काटेको
- ❖ खर्र वर खर्र पर खर्र हाल्यो चारो - घरेलु तानमा लुगा बुनेको
- ❖ खसी बसिरहने दाम्लो चरिरहने - फर्सी
- ❖ खाँदा उठ्छ भोकाउँदा सुत्छ - तेल पेल्ने कोल
- ❖ खाइस पाइस तेरा घर सुत्न आइस मेरा घर - आग्लो
- ❖ गहतकोसे घोप्टो गाई, वनमा चरी भोकै आइ - हँसिया
- ❖ गहिरो खेतमा बुलबुले पानी, बुलबुले पानीमा पम्फै रानी पक्फै रानीलाई बाघले तानी - ताइबाट रोटी झिकेको
- ❖ गहिरो तलाउमा चाँदीको बार - दाँत
- ❖ खाजा खाँदाखाँदै भूडीमा नै फुट्यो - बेलुन
- ❖ एक आन्द्रे थाप्लामा बस, बनबुटो गरी भूईमा बस - नाम्लो
- ❖ एउटा ओदानमा चारवटा सर्प घुरेका - दूध दुहेको
- ❖ एउटा कागजको चरो खोल्छ दराज गर्छ कुरो - किताब
- ❖ खान दिए नाईं नाईं थिचिदिए मुसुक्क - विजुली बत्ती
- ❖ खाली पोखरीमा फुत्त फुत्त उफ्रन्छ - मकै भुटेको
- ❖ गाडको चरी ध्वाइ ध्वाइ गर्छ पानी नपाए च्याट्टै मर्छ - घट्ट
- ❖ एउटी बहिनीले सातवटा पछ्यौरी आढेको - मकैको घोगा
- ❖ एउटी बूढी भूईमा लडी कुम्लो छाडेर रुख चढी - सखरखण्ड
- ❖ खप्तडे नानी मरी, पोल्ने बेलामा बोली - मुरली
- ❖ खोपाभरि राता किरा - अगेनाको आगो
- ❖ खोलाको पुच्छरमा बिरे नाच्छ - घट्ट
- ❖ खोला तरेको राती गाई, चुली पुगी भञ्ज्याङ आई - पाते
- ❖ गएपछि नफर्कने - बाण हानेको
- ❖ गजुर छ मन्दिर होइन, पखेटा छ चरा होइन, करङ छ मान्छे होइन, घम्रिएको पुच्छर छ कुकुर होइन - छाता
- ❖ गणेशजीको पछाडि इनार - पानस
- ❖ खासै पैसा छैन सधैंभरि घुम्छु, पानी खाएँ भने आरमसँग सुत्छु - घडी
- ❖ चिम्सी दिदीको नाकमा घाउ - सियोको नाथ्री
- ❖ चिल्लो बोटमा नरम फल - केरा
- ❖ चिल्सिङ चिल्सिङ, ठाडी गाईका तीन सिङ्ग - चुत्रो
- ❖ एकसिङ्गे गोरु सिङ्ग समाए थुहुराएँछ - जातो
- ❖ एक सिङ्गे गोरु होक्का होक्का गर्दै खादै छ छर्दै छ - ढिकी कुटेको

- ❖ एकातिर काटे ढुङ्ग्रो अर्कातिर काटे मुङ्ग्रो - बाँस
- ❖ एकादेशमा अचम्म देखियो नाङ्ग्ला जत्रा पात त्यही दिन उठ्ने त्यही दिनसुत्ने के त्यसको जात - सूर्य
- ❖ ए गाडे है भेन्टे तैलाई खान्छ मलाइ लाग्छ - मुला र भिँडा
- ❖ गनगने बूढाको पिठ्युभरि नसा - दमाह
- ❖ गनगने बूढीको थाप्लामा आगो - हुक्का चिलिम
- ❖ गरिब जति सोरेर फ्याक्दछन्, धनी जति खल्तीमा हाल्छन् - हात र रुमाले सिँगान पुछेको
- ❖ कपास, केराउ, गुँरास, काँक्रो चारै जातको एउटै थाक्रो - सिमलको रुख
- ❖ एक तालउभित्र आइ देख्यो आफूले आफूलाई - ऐन
- ❖ छोडाउँ बोक्रो र बियाँ छैन चपाए दाँत कटक्कै काट्छ खोज्नासाथ पनि पाइदैन - असिना
- ❖ एउटा जेलभित्र साठी जना चोर आगो पार्न मलाई कोर - सलाई
- ❖ छाडे टारी बटार पिउरी - पात्रो
- ❖ घरपछाडि सर्प झुण्डिएको - कपाल बाटेको
- ❖ घरबाट जाँदा मोरेर जाने, वनबाट बिउती आँखा तरि आउने - नाम्लो
- ❖ गुनिलो फल फल्ने कल्र्याङकुर्लुङ पात, न दुनु बन्ने न टपरी बन्ने के हो त्यसको जात - अमला
- ❖ गैरीगाउँ गजरी खात, गाउँ भरिको एउटै जात - पात्रो
- ❖ गैरीबारी भुलभुले पानी, झ्वाम्म खस्दा रूप फेर्न बानी - सेल पाकाएको
- ❖ गोरु फुकाउन वनमा जाँदा गोब्रो गुइठाका दुना - मौरीको चाको
- ❖ जिउडाल मात्र हैन हातमुख छैन, राँकिएर उभो चढ्दा भेटे बाँच्न दिन्न - डढेँलो
- ❖ गोलो चकटीमा बस्न नहुने बस्न खोजे ज्यानै नरहने - इनार
- ❖ गोलो राम्रो ठूलो फूल लाउने होइन खाने धन्यवादको पात्र बन्छौं नाम यसको जाने - काउली
- ❖ घट्टमा बस्छ घटेरो होइन, भूँभूँ गर्छ भँमरो होइन जनै लाउँछ बाहुन होइन - घट्टको चरो
- ❖ घरभित्र पानी छ त्यही घुम्दै रम्छु, रङबिरङ रूप छ तिहुन पनि हुन्छ - माछा
- ❖ घाम पानी आँधी हुरी जे आए पनि बसिरहने त्यो नभइ हुँदैन नहुने - घर
- ❖ घुमाउने थालको पेटभरि घाउ - टपरी
- ❖ घुमाई घुमाई पोखरी नङ छेड्ने घाउ, यो कथा नजान्ने मुसा पोली खाऊ - टपरी गाँसेको
- ❖ घुम्टो हाली झल्लर तानी, आइ अँगाल्छिन् एउटी रानी - आँखा
- ❖ घोडाको जस्तो मुख छ घोडा होइन, उड्न सक्छ चरा होइन देखा पर्‍यो कि बालीनाली सखाप पार्छ - सलह
- ❖ घोडाजस्तै छ घोडा होइन, भारी बोक्छ भरियो होइन - गधा
- ❖ चट्के मेरो बानी चट्के मेरो साथ, सात दिनमा नआए किरिया गरी राख - उपियाँ
- ❖ चन्द्रमा चक्की बाच्छै बुट्टी यो कथा नजान्ने स्यालखुट्टी - मोहर रूपैया
- ❖ चाँदीको थालमा सुनको कचौरी - गुनकेसरी फूल

- ❖ चाँदीको बट्टाभित्र सुनको डल्लो, चाँदीको बुट्टा सुनको गट्टा - फूल
- ❖ चारखुट्टे जीवको पुच्छर छैन, लमक लमक हिँड्न सक्दैन - भ्यागुता
- ❖ चारपाटे रूपै छ बस्छ जमिन माथि गरिबको घरमा पुग्दा बन्छ प्यारो - गुन्द्री
- ❖ चाल त्यसको छड्के मड्के बसाइ त्यसको जाँतो, दाँत उसको अनारदान माया यसको राँको - सर्प
- ❖ चिचीमाथि पााप - नङ
- ❖ एकसिङ्गे गोरुको मुखमा किलो - जाँताको मानी
- ❖ इरिइरि लहरो सिरिसिरि पात, झोलाभित्र बसी घुम्छ दिनरात - चिठीपत्र
- ❖ उँधो टिङरिङ्ङ उभो जिङरिङ्ङ - गहुँ
- ❖ टाकुरामाथि बाक्लो धारी, त्यसलाई फाँड्छन् मौका पारी - कपाल काटेको
- ❖ टाङमुनि बग्छ पानीको भेल, पिठ्युमा बोक्छ लामो रेल - पुल
- ❖ टाढाबाट देखाउँछ विचित्र रूप, नजिक आउँदा हुन्छ त्यही फासफुस - बादल
- ❖ टारी टारी चुच्चो टारी थोरै माटो फूल रोप्ने बारी - गमला
- ❖ चौसट्ठीवटा कोठामा बत्तीस बत्तीस दुई थरी रिग्छन्, मौका पार्दै छक्याउँदै आपसमा जुध्दछन् - चेस
- ❖ च्याप समाइ भूइमा पछारी सल्याङमल्याङ पार्दै धुलोमैलो थुपारी - कुचो लगाएको
- ❖ छिन्द्रिङ खुट्टी छ्यानन्ना टुपी समाइ तानातान - तराजु
- ❖ घरमा एउटी नानी छन् हेर्दा मान्छे सानी छन्, खानु पिउनु क्यै छैन दिभर गीत गाउँछिन् - रेडियो
- ❖ जगभने तराई हो गारो पहाडको छानु कञ्चन हिमाल छ मेरो मन्दिरको - नेपाल
- ❖ जता गएपनि पटुकै ओछ्याएको - बाटो
- ❖ जति काट्यो उति लामो - बाटो खनेको
- ❖ छ-छ पैसा भन्छ तर पैसा छैन - रेल
- ❖ झार जस्तै उम्रन्छ बारीमा लगाई, मंगल हुने काममा राख्छन् सजाइ - कुश
- ❖ झार्लिङ बाजा बजाउँदै नाच्छ पाले कराउँदै - साङ्ग्लाले बाधेको कुकुर
- ❖ सुनौली नानी औंलामा बस्छिन्, बसेपछि नछाडि माया गास्छिन् - औंठी
- ❖ जिरो हाल पिरो हाल मलाई नहाली मीठो हुँदैन - नुन
- ❖ जुँगा छ मुख छैन, लुगा लाउँछ मान्छे होइन - मकैको घोगा
- ❖ ठूलो चौरमा लामो पटुका सुकाएको - खोला
- ❖ जुँगा तान्दा मुसुक्क हाँस्ने, अरुबेला गठुरी गाँस्ने - थैली
- ❖ जुँगा लुछी च्याति धनगेडी लियो, छातीबाट मोतिका दाना चुँडाइलियो - मकै छोडाएको
- ❖ जुँगे मामाका दन्त लामा जंगल घुम्छन् छुउकुना - बाघ
- ❖ जुरो बाँध्ने मेरो तीन अक्षरको नाम, पहिलो अक्षर हटाए बाघ भालुको बासस्थान - रिबन
- ❖ जेएल वर्डले मलाई बनाए मलाईदेखि सबै रमाए घरमा सबी संसार देखाउँछु, गीत कथा समाचार सुनाउँछु - टेलिभिजन

- ❖ जोइपोइको एउटै आँखा - ढोका
- ❖ ज्यामिरे चुक जानलाई दुख - औंसीको रात
- ❖ डोरीको चुल्ठो डोरीको काम, थाप्लामा राखी गर्छन मान - नाम्लो
- ❖ ढुङ्गाको डुङ्गा ढुङ्गैका यात्री, हिँड्दैन ढुङ्गा यात्री हुन्छ सारथी - सिलौटो र लोहोरो
- ❖ ढोका भने एउटै कोठा भने पाँच, चाहिन्छ जाडोयाममा समयमै साँच - पञ्जा
- ❖ सानो खम्बाको एकातिर सियो अर्को तिर मियो, सियो अचल हुन्छ रोटी बनाउँदै घुम्छ - कम्पासको बृत्त
- ❖ तल मादल बजाउने माथि छमछम नाच्ने - लटाइ र चंगा
- ❖ तल हेर चारखुट्टा माथि समथर, त्यसै माथि लेख्ने पढ्ने गर्छ सधैंभर - टेबुल
- ❖ तल हेर्ला थाल हुन्छ थालमाथि ताल, तालमाथि पौडी खेल्छ स्वादिलो छ माल - सेलपुरी पाएको
- ❖ तान्दा तान्न सकिन्न, बाँध्दा बाँध्न सकिन्न छुन सकिन्छ तर हेर्न सकिन्न - नदी
- ❖ दुई दाजुभाइ परेला जोडी सुन्छन् - ढोकाको खापा
- ❖ दुई घरको एउटै खापा - सिमाना
- ❖ तामाको गिलासमाथि लामा लामा स्यौला - सागसहितको जाँगर
- ❖ तामाको घैटाबाट स्वादिलो फल निस्कने - अनार
- ❖ तारेभिरमा अनौठो पानी कहिले काँही बगेर जानी - पसिना
- ❖ तामाको पर्खालभित्र चाँदीको डबली - कचौराको दही
- ❖ थालभरि तितौरा खाइनसक्नु - तारा
- ❖ तीन भाइ दाइ गर्ने दुईभाइ चुप लागी हुर्ने - लेख्नु
- ❖ त्यसका खुट्टा धेरै छन् गन्न सकिदैन, तर पनि पाइलो सार्न कहिल्यै सक्ने हैन - रुख
- ❖ कराएको सुनिन्छ देख्न सकिन्न, जताततै पस्छ रोक्न सकिन्न त्यो नभई फेरि बाँच्न सकिन्न - नदीको सुसाएकोा
- ❖ तरकारी खाने हरियो पात, पानी नअड्कने त्यसको जात - कर्कलो
- ❖ त ठडिए म अडाउँछु - तोक्मा
- ❖ तभन्दा नछोइने, मभन्दा छोइने - ओठ
- ❖ त्यसैको हो त्यो त्यसैको छ त्यो - सर्पको काँचुली
- ❖ कलिलोमा रमाई खान्थ्यो, बूढो दार्दै मलाई अहिले भन्छ दाँत छैन खान्छु सातु बनाइ - मकै
- ❖ कसैले चाल्ने कसैले फल्ने कोही लुट्ने कोही लुटिने - काँडा
- ❖ त्यो कुरा आफ्नो हो तर आफूलेभन्दा अरुले धेरै चल्ती गर्छन् - नाम
- ❖ माउको काल बाच्छाको साथी, निस्के पछि झालमाथि - अम्रो
- ❖ माग्नेको पुच्छर छैन देख्नेको खुट्टा छैन, कहाँ पुग्यो हेर्नेको आँखा छैन - भ्यागुतो सर्प र गड्यौला
- ❖ थचक्क बसेकी खरानी घसेकी - चुलोमा बसालेको कसौडी
- ❖ थर छैन केबल नाम, एक ठाउँमा अडि ओताउने काम - छानो
- ❖ थालीमाथि बटुकी बुटकीमा झोल, तह लाउन त्यसको कान मोल - कप प्लेट

- थुतुनो छ सर्पजस्तो आगोमाथि बस्छ, मुखबाट तुर्क्याउँदै मुखैभित्र पस्छ - चियादानी
- दस खुट्टा छ कान, तीन मुख दुई हात - दूध दुहेको
- दाँता भएको राँगाले पराल खान्छ - आगो बालेको
- दाइ आयो भाइ छोडि गयो - पैतालको छाप
- दाजुभाइ बेलाबेलामा मुख जोडी सुत्छन् - परेली
- दिनभरि खाली बस्छ रातभरि बोक्छ, सुती सुती जमिनमा चार खुट्टा टेक्छ - खाट/पलङ्ग
- दिनभरि दाजुभाइ मिलेर बस्छन्, रातभरि दाजुभाइ छुट्टिएर बस्छन् - दौराको तुना
- तलतिर कल्चौडी मास्तिर थुन, भित्र चाँदी बाहिर सुन - केराको पाकेको घरी
- ताछ्दै लगे मोटाउँदै जान्छ काट्दै लगे लामो हुन्छ - खाडल
- दुई अक्षरको मेरो नाम सानो छँदा पकाइ खाम, ठूलो भएपछि धुरीतिर जाम - बाँस
- दुई अक्षरको मेरो नाम सुल्टो पढ्दा खाने गर्छन, उल्टो पढ्दा रमिता हेर्छन - चना/नाच
- तारे भिरमा छिटा - टीका लगाएको
- दुई औंलाको भरमा चल्ने एक आँखे साँचो - कैंची
- दुई खापा खुल्छन् पाँच भाइ डुल्छन्, एक भाइ तान्छ सुरुङभित्र पस्छन् - खाएको
- दुईतिर चुरिफुरी अगिल्तिर हुल, इनारका मुखमा पदमका फूल - ओखलमा धान कुट्नु
- दुई दाजु भाइको एउटा धोती - ढोका
- धुरी माथि पालेको, कुलेसो कोटेको - सिउँदो
- धेरै दूलहीको एउटै गुफा - केराउ, बोडी
- दुई अक्षर मिली बन्छ नाम, त्यो नभए होइन्छ ठन्डाराम - हावापानी
- दुई दाजु भाइ छन् एउटाको आँखा छ टाउको छैन अर्कोको टाउको छ आँखा छैन - सियो र आलपिन
- दुईपट्टी गाछी माझमा फल - भूईकटहर
- दुई पाङ्ग्रा छ साइकल होइन, दर्गुछ मोटर होइन - मोटरसाइकल
- पहराको घाँस झ्याम्म हुन्छ, त्यसलाई बाटे दाम्लो हुन्छ - बाबियो
- दुई लिगमा रेल हिँड्दा लिग नै जोडिन्छ - फस्नर
- देख्नलाई नजिकै छ, होइन त्यत्ति टाढा भेट्न खोज्दा सकिँदैन हुन्छ टाढा टाढा - आकाश
- देख्नलाई राम्रो खानलाई चाम्रो - च्याउँ
- न महादेव न विष्णु त्रिशुल चक्र छन् मान्छे पनि होइनन् ति भित्तो ठेल्छन् - साँढे
- नलिजत्रो डाँठ नाङ्लाजत्रा पात, सागरमा छैन धर्तीमा हैन के हो त्यसको जात - पानी अमला
- धर्तीमुनिको सानो सानो काजी - मुसो
- धानको भए पराल हुन्थ्यो तरकारीलाई मारे पानी त्यसको सुकाउन ढुङ्ग्रो भित्र पारे - गुन्द्रुक
- धुरीमाथि कुलेसो काटेको - केराको पात
- धेरै पहिले गरिदिन्थ्यो हुलाकीको काम, शान्तिचरी भने पनि - परेवा

छाड्दैनन् खान

- ❖ दिनभरि आँखा थुन्छ जोगी, रातभरि डुल्दै बन्छ भोगि - लाटोकोसेरो
- ❖ न खान्छ न पिउँछ, दिनभरि घरको रक्षा गर्छ - ताल्चा
- ❖ नङ्ग्री नानीलाई काखीमा च्यापी, करङ छाम्दा मीठो स्वरमा हाँसी - गितार
- ❖ पाहुना आएको बेलामा उत्तानो पारेर सुत्ने - गुन्द्री वा सुकुल
- ❖ पोलेको माछो जमिनमुनि दगुर्छ - हलोको फाली
- ❖ नामजस्तो काम छैन भुल्छ कोठा भित्र, जात त्यसको वनस्पति मानिस हुने मित्र - मनिप्लान्ट
- ❖ नाम नभएको मान्छे हुन्न त्यो मान्छेको नामै छैन - नवजात शिशु
- ❖ दर्‍हो टाउको लामो जिउ, गिदी छैन खान्न घिऊ - मदानी
- ❖ दलदल पारी लछारी तीन पाथी पानी झारी झारी, टाँगिदिन्छन् डोरीमा बटारेर झट्कारी - लुगा धोइ सुकाएको
- ❖ दल्दादल्दै खिइसकी सेती सेती मोरी, आफू मरी आरुलाई बनाउँछे गोरी गोरी - साबुन
- ❖ दश औंला हाँसिरहेछन दुईवटा सियो नाचरिहन्छन् - स्वीटर बुनेको
- ❖ पत्रमुनि मलाई राखी लेख्दै जाँदा माथि, तल पनि उही उही बनाइदिन्छु साथी - कार्बन पेपर
- ❖ पत्रपत्रको डल्ले च्याउ, मन लागेमा पकाइ खाऊ - बन्दकोभी
- ❖ नाम रूप सानै छ ठूलो हुन्छ काम, मर्ने लाग्दा बचाउँछ मानिसको ज्यान - औषधी
- ❖ नुहाइ धुहाइ जिउमा चन्दन लगाइ - पकाउने भाँडमा खरानी लगाएको
- ❖ पवित्र घरको धुरीमा सोली घोप्ट्याएको - मन्दिरको गजुर
- ❖ खर्पाल पछाडि मृगको साँप्रो - चुल्ठो
- ❖ दिनभरि लाखाधुनी, रातभरि कान्लामुनि - हलो
- ❖ दुईटा फेद दुईवटा हाँगा मात्र भएको रुख - मानिस
- ❖ नानी हो छोरी उफ्री उफ्री धान कुटी - उपियाँ
- ❖ नाची नाची एउटी आइ फूलहरूको र्‍याल खाइ - पुतली मौरी
- ❖ नियाल्दा डुङ्गाजस्तो उचाल्दा ढुङ्गो रन्केपछि लगाउँछ कामको टुङ्गो - इस्त्री
- ❖ निरन्तर डुल्दै हिँड्छे देखिन्न त्यो नानी, कोहि सित ठोक्किएमा सुसाउने बानी - वायु
- ❖ दिनभरि लुगा लाउने, रातभरि नाङ्गै बिताउने - लुगा सुकाउने टाँगो
- ❖ दिनभरि सुत्दो रातभरि, उभिँदो - चुकुल
- ❖ नाउँ छ डल्ले, कराउँछ बलले - शंखफुकाइ
- ❖ नाकमा नत्थी पिठ्युमा घाउ, यो कथाको अर्थ लाउ - तराजु र तुलो
- ❖ पक्कै छ नजिकै छ छाम्दा छैन, समात्न सकिदँनै - छाँया
- ❖ न चोर्‍यो उसले न कसैलाई मार्‍यो तर यसको टाउको सबैले काटे - नङ
- ❖ नपिट न भान्से बज्यै छैन मेरो पाप, छुट्याँदिन्छु ढुङ्गोमाटो टिपी अन्तै राख - नाङ्लो
- ❖ पखेटा छैन आकाशमा उड्छ, बतास आए भाग्छ घामलाई छेक्छ - बादल
- ❖ पर पर सर्छ फूल पार्दै गर्छ - लुगा सिएको
- ❖ पराल खान्छ बस्तु होइन, न्याउली झै बास्छ न्याउली होइन - सनाई

- पशुपतिमा गड्याङ गुडुङ आर्यघाटमा उदायो, सानी नानी स्याइँ स्याइँ चन्द्रगिरीमा धुवाँयो - तमाखु खाएको
- पाँच भाइ दिन्छन् दुई भाइले हेर्छन, एक भाइले खान्छ - हात, आँखा र मुख
- पातले छाप्छन् करङले ढाक्छन्, गोलो पारी शीरमा राख्छन् - छत्री
- पात एउटै नाइ हाँगा गनिसाध्य नाइ - सिउँडी
- पातालमा खुट्टा छन् टाउकोमा सुँड छ, सुँड चलाइदिइ ह्वालह्वाली छाद्छ - ट्युबेल पानी
- पानी भित्र रमाउँछिन् जलपरी होइनन्, सुनगेडी फलाउँछिन् रुख भनुँ होइन - धान रोपेको
- नाक कानलाई बोझ आँखालाई मोज - चश्मा
- पारिभित्तामा कुकुर भुक्ने मेरो मुटु दुख्ने - बन्दुक पड्काको
- पारि वनमा लहारा छाडेको - बाबियो
- पुड्के बाहुन भान्छा जान्छ, पिँधबाट चन्दन तान्छ - कसौंडी
- फलामे ठेको सुनको बिर्को - भलायोको रुख
- फुलैफूल होस् नहोस् पात झुल्छ,त्यही पात पूजाआजमा खुब चल्छ - वरपीपल/बेलपत्र
- पुड्के भाँडारी नसाको भारी - दमाहा
- सानो मुखको ठूलो बोली, परेदेखि छोड्छ गोली - बन्दुक
- सानो लामो ढुङ्ग्रीमा भरिएको रस, थुतुनोले जोत्न जाने फैलाउँछ यश - कलम
- फुल्दो धागोमा मुसा नाचेको - लुगा बुनेको
- पैसा तिर्न जान्या छैन कुखुरो म खान्छु - टाई
- पोकाजति बिसाइ मुन्टो घुमाउँछन्, मानिसले भेट्टाउँदा तिहुन बनाउँछन् - फर्सीको मुन्टा
- पाखेको सबै चिज उठाउन हुने एउटै चिज उठाउन नहुने - बोली
- पोलेको माछो खेतबारी दौड्ने - हलोको सियो
- प्रेमीहरू दिलोज्यानले मलाई खोज्ने गर्छन्, मेरो मायाले पाउँदा भस्म भई मर्छन - बत्ती र पुतली
- पूरै पढ्दा एउटा जिल्ला बीचको झिक्दा अर्को जिल्ला - बाजुरा
- फुल्दा चाँदी पाक्दा सुन - सुन्तला
- फतफते बूढीको तालुमा भुङ्ग्रो - हुक्का चिलिम
- फनफन घुम्छे गर्मीयाममा, चिसो हावा बेच्छे दाममा - पंखा
- पाँच वर्ष कुर्दा पक्कै आउँछ, त्यस्तै पर्दा पहिल्यै धाउँछ - आम निर्वाचन
- पार्टी त पार्टी धर्मशाला पाटी, खोलेर हेर्दा तीन सय साठी - मौरीको घार
- फलाम वर्ण पाक्ने सुन वर्ण फुल्ने - चुत्रो
- पाँच भाइको एउटै पगरी - हत्केला
- बेंसीमा कुलो लेकमा खेत, कतातिर टुप्पो कतातिर फेद - इन्द्रेणी
- बिन्द्रा वनमा लोटा भुण्डिएको - बेलको फल
- फुटाउँदा धुलो चिनी चिनी ठूलो - पर्खाल
- जलैजल छ आमाको पेटभरि, उनी माथि बस्ने महुँ गोलोपरी - बिँडा
- फूल्दा पनि फूल्दैन फल्दा पनि फल्दैन सन्तान त्यसका धेरै छन् - उनियूँ
- पिँध सुकेको घाँटी लुकेको पेट फुकेको - करुवा

- ❖ फ्याक्क फ्याकुली फ्याकुलीका पेटभित्र पैसै पैसा - फर्सी
- ❖ बालक हुँदा हरियो बूढो हुँदा पहेलो मरेपछि कलिलो - धान
- ❖ फूल्दै नफुल्दो हरियो पात चन्दन दली मसाल हाली मुखले च्याप्ने गाँस - पान
- ❖ बजाउन हुन्छ बाजा होइन, लगाउन हुन्छ औंठी होइन, गोलो छ रिङ पनि होइन - चुरा
- ❖ बडेमानको छाती उसको मुख चारवटा तीन रङको खाना खान्छ उन्नतीसवटा - क्यारिमबोर्ड
- ❖ फल्न जान्दिन सेतै फुलिदिन्छु, अचार तरकारी जे बनाउन मीठो हुन्छ - कोइरालो
- ❖ बारी कान्लामा जन्मी घर छाप्रामा सुती घामपानीलाई छेक्दै बसी - खर
- ❖ अड्किने ताउलीको भड्किने भात, खारखुर पारी एक गाँस - ओखर
- ❖ भूईको डोली थिचेर खोली, भित्र हेर्दा दुई तीन गोली - बदाम
- ❖ भुटिसकेर पनि पोलेर खाने - तमाखु
- ❖ अन्न पानी पेटमा थुनिबस्छ अग्नी माथि, आन्दोलन पेटमा हुँदा बजाउँछ सिठी - प्रेसर कुकरमा खाना पकाएको
- ❖ अमेरिकन छेसकाले टोपी लगाएको कालो, त्यसको बस्ने ठाउँ मधुस जस्तो भाँडो - सलाई
- ❖ फल लागे फूल हुँदैन, फूल लागे फल हुँदैन - भाङको बोट
- ❖ फलामको पाता सुनको टाटा - डाँडामाथि घाम
- ❖ बारैबारका नक्कली दरवार एउटै मात्र खुलाद्वार, सत्कारमा जाँदा सरदार थुनियो घुम्न थाल्यो लगातार - बाघको खोर
- ❖ बाह्र लाठा तीन बाठा, एकै द्वारमा जोड्छन् नाता - घडी
- ❖ बाह्र वर्ष अघि रुख ढले पनि, त्यसको पात हरियै छ नि - मुजुरको प्वाँख
- ❖ बाह्र हाँगे बाह्र जाँगे बाह्रै सुगाको घोल, बाह्र सुगा मारिकन बाह्रै आरी झोल - निबुवा
- ❖ बा ले दिएको पटुकी गुथि नसकिने - पगरी
- ❖ मेहेरेको ट्याम्को एकै ठाउँमा जम्मा - पटुका
- ❖ बाहिर हेर्दा हाडैहाड भित्र मासु मासु - कछुवा
- ❖ बिना पाउको पर्वत चढ्यो बिनाथुन की गाई, बिना हातको दूध दियो बिनामुन्टो च्याई - बादल वर्ष, गड्यौला र गंगटो
- ❖ बिहान उठी दुई हातले उचाली आरी घोप्ट्याउनु - टोपी लगाएको
- ❖ बुढेसकालमा छोरो पायो बिरालोले खायो, थुक्क मड्याङ गाँठे बूढा दुःख मात्रै पायो - केरा
- ❖ फूलबारीको सानी नानी, फुर्फुर उड्ने तिनको बानी - पुतली
- ❖ फूल टुप्पो कहाँ कहाँ माझमा हाड जहाँ तहाँ - बाटो
- ❖ फेदीबाट पानी ल्याई रानीखेत भिजाए पाँच भाइ हलमिली लिँडे गोरु कुदाए - कलमले लेखेको
- ❖ बेहुला र बेहुली घरभित्र जन्ति - कमिलाको ताँती
- ❖ बाहिर सोलाभित्र गोला त्यो खान पाए कस्तो होला - रुख कटहर
- ❖ बाहिर सेउलाभित्र चाँदीको कसौंडी - काउली
- ❖ भित्र इनार बाहिर धारो, यो कथा जान्न साह्रै गाह्रो - करुवा

- भित्रतिर टन्न राम्रो बाना, फोरी खाँदा रसिला दाना - अनार
- भाँडो फुट्यो जात छुट्टियो - फुल
- मारेर झुण्ड्याउँदा बलियो हुने, घाँटी छोइ म्वाइ खाने - हल्लुँडो
- बुलाकी समाइ घन्काउने काम, लौ भन नानी मेरो नाम - घण्ट
- भकारी भरी जुन लागेको - दहीको ठेकी
- भन्दाखेरि छ मात्रै गन्न लागे सात, पढ्दा लेख्दा काम लाग्ने के त्यसको जात - छ अक्षर (७)
- भुन्न भुन्न भुनभुनाउँदै पाताल छोडी आकाश धाउँदै - मौरी उडेको
- मकरे गोरुको लादी मीठो - कटहर
- मन्दिर, तस्वीर, घाँटी, लास, जतातत्तै सजाइने एक एक गरी बुनेर बनाइने - माला
- ममाथि कलम चलाउ तल यस्तै बनाउँछु - कार्बन पेपर
- मानिस बोकी लहरालाई समाउँदै कुद्ने, टहरो होइन छहरो होइन के हो सबले बुझ्ने - ट्रलीबस
- माया गरे चुपचाप एकै ठाउँ बस्छ, रिसाएर लात्तीले हाने खुरुखुरु हिँड्छ - साइकल
- मरेको गोरु सास फेर्छ - खलाँती
- मरेको पनि होइन, बाँचेको पनि होइन - फुल
- मलाई सबै जिल्ला भन्छन् अक्षर छन चार, आदि अन्त्य राखेदेखि अर्थ हुन्छ मार - कालीकोट
- तामाको जग माटाको गारो, पानीको छाना दिनभरिमा तीनचार माना - रक्सी पारेको
- महिनामा आउँछ दिनमा पनि आउँछ वर्षमा चाहिँ आउँदैन - न (अक्षर)
- म हुँ एकखुट्टे केही नखाइ जान्छु, बरु लुला लंगडालाई सक्दो आड दिन्छु - लौरो
- माटाको जिउ मेरो पेटमा लाल गेडी, चिसो हुँदा तताउँछु सबै काम छोडी - मकल
- माटामुनि महको गाग्री - खनिया खनायो
- माटा नली पुड्के बल्ल, माटामुनि पुड्के गोरु - मुसो
- भित्र गज्याङगुजुङ बाहिर छाला - कागती
- माटाले दिन्छ ढुङ्गाको काम बताउ नानी त्यसको नाम - ईट
- माथितिर कान तलतिर तान, तनामा ठक्कर दिँदा मीठो हुन्छ गान - सारङ्गी
- मानिसको व्यवहारमा ठूलो काम दिन्छ, तल माथि पऱ्यो भने ज्यानै पनि लिन्छ - स्टोभ
- मास्तिर जाँदा हात हल्लाउँदै गयो, तलतिर आउँदा एक्लै आयो - डोरी बाटेको
- मुखबाट जन्माउने मुखबाट हुर्काउने - भूईकटहर
- मुखमा सुपारी ओठमा पान, दुई मान्छेका बाइसवटा कान - रावण र मन्दोदरी
- मुखले निल्ने मुखैले उकेल्ने, काम गर्छ त्यसले दुनियाँ भुल्ने - कलम
- बाटैपिच्छे रोकिने बनाएको - बिसौनी
- मुङ्ग्रो हल्लाउँदै ढुङ्गो चल्ने - लंगुर घडी
- रातो सिउर छ कुखुरो होइन, गलामा कण्ठ छ मुजुर होइन, लामो पुच्छर छ बाँदर होइन चार खुट्टा छ जनावर होइन - छेपारो

- यसैले सुखी यसैले दुःखी यो भने हिँड्छ आफूखसी - धन
- रातभरि पानीमा बस्छ दिनभरि धाम ताप्छ - गुइँठा
- लठ्याएर सुत्ने सँगै उठ्ता छैन भाग्छे कतै - निन्द्रा
- रुखभरि तर्ल्याङतुर्लुङ झुण्डिएको हुन्छ फल हो कि भनुँ भने बच्चा जन्मिन्छ - चमेरो
- लहरे किला एउटा बार, लेकककेो झाडीबाट भेडा बाखा झार - काइँयो
- लहरे नली झल्ल बली - बिजुली
- लावलस्कर लिइ गयो सबैलाई खुवायो, आफू भने केही खाएन घरै फर्की आयो - गोठालो
- तैलाई लिन आएको किन आएको तँ छोड्दे बाटो मलाई दिन जान्छु तँलाई - पानी दिन जाँदा परेको पानी
- लिरीबिरी लहराको चिरिबिरी पात, चिरिबिरी पातको के होला जात - बेत
- लुला खुट्टा स्याउँस्याउँ पात, लम्कन्छ बूढो पचास हात - बाँस
- लेकको पोखरी स्यापै सुक्ला, त्यहाँको बकुल्ला ठहरै बिल्ला - तेल निभ्रेको बत्ति
- वरिपरि डाँडा माझमा टार, काम सकिनासाथ नुहाउन हतार - थाल
- वनमा जन्मे वनमा हुर्के वनमै मेरोबास, बाह्र वर्ष जलमा डुबें अब के को आस - डुङ्गा
- वनमा जन्म्यो वनमै हुर्क्यो घरमा ल्याएर पाल्दा कहिले मोटाएन - ठेकी र मदानी
- राजाकी छोरी राम्रो छ नाउँ, शीरमा चढाइ माइत जाउँ - कलश
- राजाको गाई उफ्रने सिङ्ग समाए पछि डुक्रने - जाँतो
- ठूलो पहरामा एउटा खाल, खालबाट खस्दा पुग्ने पाताल - खानेकुरो खाएको
- वरिपरि जिङरिङ, माझमा ठिङरिङ - क्यात्तुके
- वरिपरि दुई झ्याल बीचमा खाल्डो, गाउँघरमा उमालेर बस्छु खोले फाँडो - कराही
- वरिपरि मट्याङ्ग्रा माझमा ध्वाइँ, यो कथा नजान्ने लठ्याब्रोको ज्वाइँ - तारा र चन्द्रमा
- वन डढ्यो रातो रह्यो, हिड्न खुल्ला भयो - बाटो
- वरिपरि सेतो माझमा कालो - आँखा
- वरि भऱ्याङ पारि भऱ्याङ, माझमा लुते करङ - झोलुङ्गे पुल
- सबै हुन्छ जोडी हुन्छ एउटा मुइको माथि, टिप्न भने सकिदैन किन होला साथी - कान
- सयौं छ दाँत गजब छ जात, स्याइँ स्याइँ गर्दै खान्छ काठ - हाते करौती
- वारि सिम पारि सिम खोलाको तिरमा डिम डिम - लुगा धोएको
- सय भाइको एउटै चिहान - खरानी
- शरीर पानि सानै झन् सानो मुख, आवाज निस्क्यो भने अरुलाई दुःख - बन्दुक
- शुभकाममा अघि बढ्छ, मरेको गोरु डुक्रदैं हिँड्छ - दमाहा
- श्रीपेच छ राजा होइन, पखेटा छन् पंखा होइन, नङ्ग्रा छन् भालु होइन - कुखुराको भाले
- सङ्क्रान्तिको नाम एउटा राशी अर्को नाम बीचको अक्षर झिकिदिए जाउ परमाधाम - मकर
- सधैंभरि झुण्डिएर हेर्छु महिनादिनमा अनुहार फेर्छ - भित्तेपात्रो

- ❖ सधैं भरि मासु खाने जति खायो दुब्लाउनेंदै जाने - अचानो
- ❖ वारि धारे पारी धारो, तिम्रो बाबुलाई दाँतले दाऱ्यो, जाऊ जाऊ हेर्न कस्तो पाऱ्यो हेर्न जाँदा भ्रूण्डै माऱ्यो - काठ चिरेको
- ❖ सयौं सयौं भेंडाबाखा पाइलो भने छैन, झाडा पिसाब गरेको केही देखिदैन - कमिला
- ❖ सरर्र सुइ हुन उही, न फेर्छे सास न आङमा मासु - सर्पको काँचुली
- ❖ सर्र कुटुकी भिकेपछि सुकुटी - जाल
- ❖ सल्लाजस्ता सल्लै छौं बाह्रा हाँगा फल्दै छौं पात कपास जस्तो फूल गुराँस जस्तो - सिमल
- ❖ साउन थिच्यो चुच्चो, राख्न थिच्यो बुच्चो - डटपेन
- ❖ सानी थिएँ मैयानानी ठूली भएँ झरिझट्ट बूढी भएँ ध्यासध्यास - तोरी
- ❖ सानी नानीको आधा शरीर रातो आधा शरीर कालो - रातीगेडी
- ❖ जति आयो उकेल्न लाग्यो, मुख जोति काम बनायो - लेखेको
- ❖ सानो घरको करेसामा लिस्नो - घट्टको डुँड
- ❖ सानो चट्ट टाउको छ लामघारे जिउ, मोटो कहिल्यै हुँदैन खान्छ सधैं घिऊ - मदानी
- ❖ हात्ती रुझ्यो, घोडा रुझ्यो रुझे सबै जना, भाडाँ ल्याए भरिदैन गर त्यसको छान - गीत
- ❖ सानो सानो दरी, कनिकाले भरि - तिलको कोसा
- ❖ हिँड्दा एउटा बाटो नाप्छ अर्को लुगा सुकाउँछ - जुका र चिप्लेकिरा
- ❖ सेतो भिरमा काला भेंडाबाखा - अक्षर
- ❖ बूढाबूढी कता गए, कालथरी गाडेको तीन दिन भए - गुन्द्रुक हालेको
- ❖ हिँड्दा बज्छ बाजा होइन, खोलमा अड्छ दाप होइन - खुर्पेट्याक
- ❖ सेतोमाथि कालो चल्ला, बोल्दा खेरि धेरै हल्ला - पढाइ
- ❖ सेतो हिउँ ताइमा राख्दा पग्लेर जाने - घिऊ
- ❖ हिँड्दा हिँड्दै थाकेपनि हिँड्न छाड्दैन, चुस्न केही नपाएमा सुख पाउँदैन - जुका
- ❖ दाँत बाहिर ओठ भित्र - मुसल
- ❖ दिनभरि लुरीलुरी, रातभरि कान्लो कुरी - हलो
- ❖ सामुन्नेको पहरमा पानीको पँधेरो - आँखाको आँसु
- ❖ सिउनी न साउनी छपक्कै लाउनी - कुखुराको भुत्ला
- ❖ सिउनी न सिउनी खुट्टा सिउनी, सियोको टुप्पे भाँची नहुनी - टपरी गाँसेको
- ❖ सिरूपाते खकुरीको दुईतिर धार - क्यातुके
- ❖ सुत सुत बूढी मिलाएर हल्छु - जुत्ता
- ❖ सुगन्धी छ डल्ले भाई हावा पाए उड्छ, भूईमा फ्याँकिदिए सललल गुड्छ - कपुर
- ❖ सुनको लौरी रूपको तोड, यो कथा नजान्ने कुखुरा चोर - इन्द्रेणी
- ❖ दाजुभाइ सँगै हुन्छन् मिल्न खोजे नासिन्छन् - विजुलीको करेन्ट तार
- ❖ सुनलाई कुट्दा निस्क्यो चाँदी, चाँदी पकाई मुखभित्र खाँदी - भात
- ❖ पुतली चरी गीत गाउँदै झरी - सनाई
- ❖ पूरै पढे एउटा जिल्ला बन्छ, बीचको झिके खानेकुरा बन्छ - पाल्पा
- ❖ पूर्वमा दाजु पश्चिमा भाइ, बस्छन् दुबै भेट्न नपाइ - घाम/जुन

❖ सुरिलो रुखमा टक्करे बाँदर, उसले दिए त आँ गर - पन्यूँ
❖ सुरुक्क खसाली तल पछार्ने, सुरुरु माथि आउँदा आफू ओसार्ने - इनारबाट पानी झिकेको
❖ हाडाछाला छैन बस्छ टुप्पोमाथि, माया गरे बढ्छ काट्नै पर्छ साथी - नङ
❖ सुरुर्र सुर्को मास्तिर फुर्को - कोदाको बाला
❖ हल्लने हाँगाको फक्रँदो फूल - अफिम
❖ हाँडीभरि तितौरा एक ढिको नुन - तारा र चन्द्रमा
❖ सुरुक्क सुर्के भीरबाट गड्के - फापर
❖ सुरुवाल पोलियो इजार बच्यो - डढेंलोको राँको
❖ सुर्र सुकुटी भूईमा लुकुटी चराले आहारा लग्छ आहारले चरा लग्छ - चील र बिरोलो
❖ सेता काला अठार बच्चा एउटा रातो रानु, पालैपालो पछाडि पिट्दा कुन घरमा जानु - क्यारिमबोर्ड
❖ सेता सेता डल्ला आकाशको फल, भूईमा झर्दा सबै जल - असिना
❖ सेता सेता डल्ला असिना होइन, उड्दा उड्दै हराउँछ बतास होइन - कपूर
❖ सेती गाई पानी खाइ - शंखमा पानी हाली बनाएको
❖ सेती बूढी गालामा चिरैचिरा - लसुन
❖ सेतो ढुङ्गो उप्काउँदा रातो रगत आउने - दाँत
❖ सेतो पीठोमा रातो गेडी - आगो
❖ सोरसार पारी घस्रन्छ, गयो भन्छन् त्यही हुन्छ - पहिरो
❖ स्याउँ स्याउँ चल्ला, बाह्र गाउँ हल्ला - मौरी
❖ स्याउँ स्याउँ चल्ला बाह्र बीस दाम्ला, यो कथा जान्नेलाई धेरै गाउँ दिम्ला - माकुरो
❖ सानो रुखमा सर्पै सर्प झुण्डिएको - चिचिण्डो
❖ हकुवा गोरु, भित्तो फोरु - मुसो
❖ हरियो पुतली सिंगार पार्दै नाच्छे - टपरी गाँसेको
❖ हात छैन कान समाउँछ, आँखा छैन दृष्टि देखाउँछ - चश्मा
❖ हाडमासु छँदै छैन छाला मात्र सर्छ, हातखुट्टा पनि छैन तान्ने काम गर्छ - हल्लुँडो
❖ हात न खुट्टा घस्रेर चल्छ, अगाडि भेटे सलक्क निल्छ - अजिङ्गर
❖ हात न खुट्ट पिठ्यु चढी हिड्छ यताउता - डोको
❖ सुरिलो रुखमा बारुले गुँड, जता घाम उत्तै मुड - सूर्यमुखी फूल
❖ सुरी बिरालो तेर्सो रुखमा, तेरो भूडी पकाइ मेरो मुखमा - केरा खाएको
❖ हात्ती घोडा उँट खेल्छन् त्यहाँ छैन देश, राजा मन्त्री सिपाहीको हुने गर्छ रेस - बुद्धीचाल खेल
❖ सानी नानी बुद्रुक बुद्रुक गर्छे, भातका सिताले पेट भर्छे - जुठो लोटाएको
❖ सानी नानी भूईकुटी, उफ्री उफ्री धनकुटी - उपियाँ
❖ सानी सानी तिखुली नानी, पाँचहाते पुच्छर आफैं तानी - सियो धागो
❖ हावा खाँदा टन्न हुने, मुख बाँधी छोड्दा माथि उड्ने - बेलुन
❖ हिँडु भने मंस छैन, बोलु भने हंस छैन - काँचुली
❖ ज्ञान छ बुद्धी छ सबै काम गर्छ तर चलाउँनै पर्छ - कम्प्युटर

- ज्ञात अज्ञात सबै भन्दछन् देशलाई परे मरी मरी लड्छन् - शहिद
- ज्ञान आयो बुद्धी आयो समभ्फदारी आयो, बालापनको हाँसो खुसी व्यवहारिकताले खायो - जवानी
- हिसिंक्क बूढी खिस्रिक्क दाँत - थैली
- हुँ म आँखा वरिपरि बस्ने तीन अक्षरकी मैयाँ, पहिलो अक्षर भिक्दा तिर्खा मेट्छन् दुनियाँ - जागल
- पखेटा छ पुच्छर छ छैन गोडा हात, बाँचुञ्जेल पानीमा पौडी खेल्ने जात - माछा
- जन्मघर छाडेर आकाशतिर जान्छु, बादलुको देश घुमी फेरि फर्की आउँछु - पानी
- मैले पछि फाल्दा खेरि अघि अघि जान्छ, वारपार गर्नुपर्दा ठूलो काम धान्छ - डुङ्गा
- सेतो खैरो रंग त्यसको छाता जस्तो रूप, तरकारी पकाइ खाँदा मीठो हुन्छ खुब - च्याउ
- हेर्दा खेरि रुवाजस्तो फुसफुस गर्ने, पहाडका चुलितिर पत्रैपत्र पर्ने - हिउँ
- हेर्दा छ समात्दा छैन - छायाँ
- हेर्दा लट्टी चुस्दा कस्ती, थुक्दा कपास जस्ती - ऊखु
- हेर्ने कुरा हेरौला, खेल्ने कुरा खेलौला, तर बाउन्न भाइलाई नचलाऊ धेरै बिग्रौला - तास
- क्षमा दियो गल्ति गर्नेराम्रो गर्ने वाचा गर्ने - मान्छे
- क्षमता छ रोजगार छैन, खल्ती खाली खान पाइन्न - बेरोजगार
- त्रासको सारो आइरहने तगारो - परीक्षा
- नाटक गर्छ हावाले पेट भर्छ फल फूल खान्छ ढिलो मर्छ - योगी
- त्रेता युगको काम, १४ वर्ष वनबासी नाम - राम
- भोक तीर्खा मेट्ने गर्छ बसी पानी छेऊ, सेतो रङ्ग हुन्छ मेरो नाउँ भनि देऊ - बकुल्ला
- एउटी काली नानीको कपलामा जुरो, टोकी चपाई खाएमा स्वाद हुन्छ पिरो - ल्वाङ
- दही पछि मही महीपछि घिऊ तर जति खाएपनि मोटाएन जिऊ - सपना
- शरीर भरि हरियो रङ्ग चुच्चो छ लाली, बोलि बोल्छ यसले साह्रै मीठो भाका हाली - सुगा
- नौरङ्गी शरीर यसको बास हिमालयमा, राष्ट्रियताको गीत गाउँछ यसले नेपालमा - डाँफे
- सानो एउटा कोठामा धेरै मान्छे बस्छन्, एक एक गर्दै आगोमा डढेर मर्छन - सलाइको काँटी
- जताजतै देखिन्छ जहाँ हामी जान्छौं, खेतिपाति गर्नपनि यसै भर पर्छौं - माटो
- कालो रङ्गको भ्कोल बस्छु सिसीभित्र, गर्मियाममा बनाउँछन् मलाई सबले मित्र - कोकाकोला
- चारपाटे शरीरका दुबै लामा हड्डी, मनोरञ्जन दिने गर्छ यसले हावामा उँडी - चंगा
- हरियो रङ्गको डल्लो दाइको पेटभरि दाना, आँखा तेजिलो बनाउन पर्छ यो खाना - मेवा

- ❖ एक बूढा हजुरबाका नौवटा नाति, घुमि हिँड्छन् यताउति दिउँसो होस् या राती - सूर्य र नौवटा ग्रह
- ❖ रूप हेर्दा साह्रै कालो बोली अति मीठो, कै होला यसको नाम भनिदेउन छिटो - कोइली
- ❖ बाहिर जाँदा अघाउने, भित्र आउँदा भोकाउने - जुत्ता
- ❖ तीतो हुँदै पिउनुपर्ने स्वाद मानी मानी, होस गर धेरै पिए यसले गर्छ हानी - चिया
- ❖ आमा गर्छन् घाँसपात बूढा गए गाउँ, ढोकामा बसे लाठे जोगी अब कता जाउँ - ढोका ताला लागएको
- ❖ तीन अक्षरको नाउँ मेरो बस्ने ठाउँ हिलो, तरपनि सुन्दरतामा साह्रै हुन्छ ठूलो - कमल
- ❖ दाजुभाइ पीठ जोडी एकै ठाउँमा बस्छन्, केही कुरा काट्न परे मिली कम्मर कस्छन् - कैंची
- ❖ राता नीला पहेँला हरिया छन् घर, एक घरमा चारभाइ अब के को डर - लुँडो
- ❖ दश जना उफ्रिउफ्रि समतेर ल्याउँछ, त्यसपछि नालिमा मलाई हान्छन् - बास्केटबल
- ❖ अगाडि तीन अक्षरले बन्छ देशको नाम, पछाडिको दुई अक्षरले परेवा बस्ने ठाम भन साथी अब मेरो पूरा नाम - नेपालगञ्ज
- ❖ छ खुट्टाको दुईटा गोडा दुईटा छ टाप, अन्नपात माथि राखी हुने गर्छ नाप - तराजु
- ❖ टाउको हात केही हुन्न एउटा खुट्टा मात्र, रमाउँदै घुम्ने गर्छ बजार मेला जात्रा - खाने बरफ
- ❖ तेल खाँदा सुसाउँछ पानी खाँदा जाम, मानिसको जीवनमा दिन्छ धेरै काम - स्टोभ
- ❖ सानो शब्द सुनेपनि ठूलो स्वरले भुक्छ, प्रायः सबै मानिसको घरपिडीमा ढुक्छ - कुकुर
- ❖ रुख भने सानो सानो चढ्नलाई गाह्रो, छुन हुन्न साथी पीडा दिन्छ साह्रो - सिस्नु
- ❖ हड्डी भित्र मासु मेरो मासुभित्र पानी, भोका तीर्खा मेटाउन खाउ छानी छानी - gl/jn
- ❖ हाडनातमा बिहे चल्छ नियम कानुन छैन, दाह्री फुलिसक्दा पनि बानी सप्रेको होइन - बोको
- ❖ भिरमा छे लड्छु भन्छे तर लड्न सक्दिन - नाकको फुली
- ❖ एक खुट्टे धामी अग्लिइ कामी - जंगली जुका
- ❖ कतैतिर जानुपर्दा लगाउनु पर्छ, तर धेरै लगाउँदा गन्हाउने गर्छ - मोजा
- ❖ अघिल्लोतिर स्थान हुन्छ पछिल्लोतिर पात, दिन दिनै घर घर डुल्ने यसको जात - गोरखापत्र
- ❖ सम्धी ज्यूको पाहुनालाई कोची कोची खुवाउँला, अरु चिल्लो बनाउन धकेलेर पठाउँला - कोलमा तेल पेलको
- ❖ चार अक्षर भएको जिल्ला मेरो नाम, बीचको दुई अक्षर झिक्दा हुन्छ कुनै देशको नाम - चितवन
- ❖ आयो भन्छन् सबैजना कतै कोही छैन, सुन्दा भयो रुवाबसीी घरमा छैन - भूइचालो

- पश्चिमा लुकेको दाइ पूर्वबाट आए, ठूला साना सबैलाई माया प्रिति लाए - सूर्य
- चकका पांग्रा केही छैन तर हिड्छ गाडी, कपडाको लिगमाथि गर्दै वारिपारी - इस्त्री
- टाउकोतिर आगो राखी गोडातिर पानी, पेटतिर प्वाल पारी मुखभित्र तानी - हुक्कामा तमासु खाएको
- भित्र इनार बाहिर धारो - करुवा
- आकाशमा उडेपनि चरी भनिदैन, बुइ चढ्यो भने यसले चाडो पुऱ्याउँछ - हवाइजहाज
- कहिले हुन्छ मीठो यो कहिले हुन्छ साह्रै तीतो, रूप रङ्ग केही हुन्न भन नाउँ छिटो - बोली
- तलमाथिकडा खोल बीचमा लुकी बस्छु जति ढिला हिंडेपानी खरायोलाई जित्छु - कछुवा
- गोलो हुन्छ सेल होइन, हातमा लगाइन्छ नेल होइन - चुरा
- मेरो सामु बस तिमी जत्ति पनि, एक झिल्कामै तिमीजस्तै देखाउँदा पर्लाउ छक्क अनि - फोटो खिचेको
- अग्लो पहरामा चहै चहै - लिगलिगे
- किलो आयो डोब हरायो - मुला उखलेको
- लुकिछिपि जमिनमुनि एउटा डल्ले दाई, खोजी काटी पकाएर मीठो मानी खाइ - आलु
- सातै लोक तलमाथि अन्त कतै हुन्न, नेपालमा मात्र हुने यस्तो के अचम्म - शालीग्राम
- पानीबाट उब्जिएका दुई लमतन्न, त्यसलाईभित्र छोयो भने आत्थ्यु भन्न दिन्न - बिजुली
- सुकाएको चाह्यो भने त्यसै खाए हुने, पकाएको चाह्यो भने पोलिखान पर्ने - सुर्ति तमाखु
- आकस्मिक पसलमा लाम परी आऊ, पैसा तिरी थैलो फाल अनि रित्तै जाउँ - सार्वजनिक शौचालय
- जुम्ल्याहा छन् भाइभाइ दुई भिन्नै काम, जन्म मृत्युसँगै हुने के होला नाम - दुई आँखा दुई कान
- खान्छ रगत बस्छ दुलामा - खुकुरी
- खान्छ खान्छ हग्न सक्दैन - किर्ना
- काली गाईको पेटमा तारा - मासको दाना
- खान यसले धेरै खान्छ कहिल्यै अघाउँदैन, बरु आफू सुकिजान्छ कहिल्यै मोटाउँदैन - जाँतो र अचानो
- खान्न यसले चामल दालनुन पानी, कान समातेर घुमाउँदा फत्फताउने बानी - रेडियो
- खुट्ट छ आठ वटा टाउकको भने छैन, कुम माथि आँखा घुमाउँदा मुर्कटा होइन - गँगाटो
- जत्रो भाँडो उत्रै बिर्को - पृथ्वी र आकाश
- जाडोभरि  छैन काम, गर्मी वर्ष सँगै जाम - छाता
- जान सक्छ आउन सक्दैन - खोला
- कोशीको पानी बेसीको खेत, पाँच जना बाउसे कोदाले एक - कमल

- खसी जमिन भित्र बस्ने, दाम्लो बाहिर चाहर्न जाने - सखरखण्ड
- खाजा खाँदा खाँदै भूँडी नै फट्यो - बेलुन
- गैराबारी भुलभुले पानी, झ्वाम्म खस्दा रूप फेर्न बानी - जेरी पकाएको
- गोरी गोरी चेप्टी नानी सधैं सुलले बान, लेखपढी गर्न परे ल्याउँछ छानी छानी - कापी
- मरेको गोरु कैले बोल्यो अहिले - दमाहा
- गोलो गोलो पेटमा सधैं टम्म हावा भर्छ, लात मारे रमाएर उफ्री उफ्री हिँड्छ - भकुण्डो
- घरबाट जाँदा मोरेर जाने, वनबाट आउँदा बिउझी आँखा तरि आउने - नाम्लो
- घरभरि कपडा बिरे नाङ्गै - कपडा नाप्ने मिटर
- घुमघुम ताउली गोरखपुर जाउली, यो शास्त्र नजान्ने कुकुर पोली खाउली - टपरी
- घोडाको जस्तो मुख घोडा होइन भारी बोक्छ भरियो होइन - गधा
- घुम्टोभित्र लुकेकी छिन् साह्रै गोरी नानी, जम्काभेट हुनाले पल्काउने बानी - कोइली
- चक्र त्रिशुल धारण गर्छ ब्रह्मा विष्णु होइन, स्वच्छन्दले भ्रमण गर्छ जोगी पनि होइन - साँढे छोडेको गोरु
- चलाउन जाने त्यसले दिन्छ काम, नजाने लिन्छ ज्याने - मोटर
- चार अक्षर हुनेको पहिलो अक्षर काटे अर्को थर बन्ने के थर होला त्यो - पोखरेल
- च्याट्ट कम्मर कसेको पेटमा भगवान बसेको - बलेको लाल्टिन
- छ कि छैन देख्या हैन आस्था भने सबको, सँधै नाम जप्छन् नमाने झर्को - भगवान्
- छ जोगी बार बाहुन, तीन उखु सिङ्गा सिङ्गै खाउन् - जोगी, बा र बाहुन
- छोरा छाद्ने आमा रुने - घण्ट
- जग भने तराइ हो गारो पहाडको, छानु सेतो हिमाल छ मेरो मन्दिरको - नेपाल
- जति चिमोट्यो उति ठूलो - स्वीटर बुनेको
- जति खर्च्यो धन उति बढ्यो झन - विद्या
- झ्याईकुटि झ्याईकुटी झ्याई जाँदा बस्छ लोग्ने मान्छे आउँदा सुत्छे आइमाई - बिहेको डोली
- मीठो खानेकुरा हुन्छ उसका खोरभित्र, खानेकुरा खानजाने अकालैमा मर्छ - मुसाको खोर
- मीठो छ टोक्नु हुन्न बाडुँ भने काट्न हुन्न - बास्ना
- ठूलो भिरमा तारा जोडेको - निधारको टीका
- ढाडिएको पेट मेरो लडिमात्रै रहन्छु, आराम दिन पेटलाई राति मान्छेको टाउको राख्छु - सिरानी
- ढुङ्गा न माटो, लेक जाने बाटो - भऱ्याङ
- तालमाथि उक्सदो माल, तल झाँङ माथि झाल - पुरी पकाएको
- तल डाँठ माथि गाँठ, गाउँ वरिपरि हरियो पात - गाँठकोपी
- तल नली माथि नली, नली बीचमा फली - मकै

❖ तल फुकेको माथि पनि फुकेको, बीचमा सुकेको मान्छे बोकेको - मुढा
❖ तान्दा तान्न सकिन्न बाँध्न, बाध्न सकिन्न छन सकिने रोक्न सकिन्न - खोलो
❖ थालमा नाच्दो खेल्दो, त्यसपछि घाम ताप्दो - रोटी पकाएको
❖ थालभरी सुपारी गन्न नजान्ने व्यापारी - आकाशको तारा
❖ दिभरि आँखा थुन्छ जोगी रातभरि डुल्छै हिड्छ भोगी - लाटोकोसेरो
❖ दिभरि कुनिकता मस्तसँग सुत्छ रातपर्दा बत्ति बाल्दै गाउँ गाउँ डुल्छ - जुनकिरी
❖ दिनभरि संसारको राम्रो सेवा गरी हराउँछु कुन्नि कता पूरा रातभरि - सूर्यको किरण
❖ दिनमा भाग्ने रातमा लाग्ने - सपना
❖ धर्तीमुनि जगल्टे फर्सी माघ एक गते बस्छ पर्खी - तरुल
❖ नदी नाला पोखरी र सरोबर धेरै धेरै भएपनि पानी छैन हेर - नक्शा
❖ नखान्छ न पिउँछु दिनभरि घरको रक्षा गर्छु - साँचो
❖ दिउँसो उल्टो राती सुल्टो - चमेरो
❖ न हात न खुट्टा घिस्रिएर हिँड्छ, मानिसलाई पाए भने सर्लक्कै निल्छ - अजिङ्गर
❖ नाम मुख केही छैन के हो यसको जात, कुरा गर्छ रात दिन दुई तारको साथ - रेडियो
❖ सानी सानी गाई रुतुवन खाइ कति नअघाई - हँसिया
❖ पेट मेरो गुडगुड रोगी नभने, टाउको खरानी जोगी नभने - हुक्का
❖ भूडे गोरुको एउटा सिङ्ग, सार्कीलाई मात्र होइन बाहनु क्षेत्रीलाई पनि तिहुन - फर्सी
❖ बाहनुको छोरो कामीको नाति हग्न बस्यो दैलो माथि - साँचो र ताल्चा
❖ पड्के बाहुनको सुड्के चन्दन - मास
❖ भूँ भूँ गर्छ भँवरो होइन काँधमा जनै छ बाहनु होइन - चर्खा
❖ आज मैले अचम्म देखें लामा लामा पात, काटी कुटी कुड्का खाएँ के हो त्यसको जात - ऊखु
❖ साना साना नानी रैछ चुलबुले बानी, बुर्लुक्क उफ्री बथनमा जानी त्यस्तो बस्तु के रछै भनत नानी - बाखाको पाठो
❖ वरिपरि पर्खाल माझमा ध्वाइँ, यति कथान नजान्ने स्यालको ज्वाइँ - अगेनु
❖ जुँगा तान्दा मुसुक्क हाँस्ने - थैली
❖ छालाको बन्दूक हावाको गोली, भूईंतिर हान्दा नाकतिर पोली - अपनावायु छाडेको
❖ बूढो भइ जन्मन्छ बालक भै मर्छ - कुरो र कपुर
❖ जत्रो भाँडो उत्रै बिर्को - जाँतो
❖ तिरिमिरि बत्तिको इलिमिलि छायाँ तेरो अन्न मैले पाएँ - अक्षर
❖ तिमी जाउ म आउँदै छु - पाइलाको छाप
❖ ताप दिइञ्जेल रातो छाडेपछि कालो - कोइला
❖ दिनभरि दाजुभाइ मिलेर बस्छन्, रातभरि दाजुभाइ छुट्टिएर बस्छन् - दौराको तुना
❖ दिनभरि सुत्दो रातभरि उभिँदो - सुकुल
❖ दुइटा फेद दुई वटा हाँगा भएको एउटा रुख - मानिस
❖ तामाका पर्खालभित्र चाँदीको डबली - कचौराको दही
❖ तीन टाउका छ कान, दश खुट्टा एउटै तान - हली र नारिएको गोरु

- दिनभरि ताकाताक, रातभरि खापा खाप - दैलो
- आँखो छ माखो रमाउँछ नहेर्छ ने देख्छ - खटिराको मुख
- सुत सुत बूढी म हाल्छु - जुत्ता लगाएको
- माफ्कको मफेरी उत्तानो पारी, दुईघुँडा मारी ख्यास ख्यास पारी दुई दुई थोपा फारी - चन्दन घोटेको
- जम्मा छ, हात लाग्यो दुई एक जा दुई नजा - यौन क्रिडाको अवस्था
- खुट्टा छैन उभिएर बस्छ, आँखा छैन दुलाभित्र पस्छ - उत्तेजित लिङ्ग
- छन पनि छ, सबै सँग छ एकान्तमा गर्न पनि हुने तर देखाउन र भन्न नुहने - लिङ्ग, यौनी र यौन क्रिडा
- केटाकेटीको खाना, लोग्ने मान्छेको खेलौना, आइमाइको गहना - स्तन
- लाहुरे दाइको सम्पति एउटा केरा दुई बेलौती - शिस्न र अण्डकोष
- पानी भित्र रमाउँछिन जलपरि होइन, सुनगेडी हल्लाउँछिन् रुख भने होइन - धान रोपेको
- पिँध चुस्ने टुप्पामा बाल्ने, मुखले च्याप्दै हावामा फाल्ने - धुम्रपान
- तल थाल माथि फाल तलाउ वरिपरि ठाडा किलाले वार - परेलार आँखा
- आमा, छोरीलाई जिउ गर्छिन - गाग्री र लोटा
- पहराको घाँस झ्याम्म हुन्छ जसलाई बाटे दाम्लो हुन्छ - बाबियो
- पहराको लहरामा उज्यालो छर्ने फल, त्यो फल खान कसैको पुग्दैन बल - चिम
- आफू भने निर्जिव हो आकार चारपाटे हिसाब गर्न थाल्यो भने मेसिनभन्दा बाठो - क्यालकुलेटर
- अड्काम पड्काम तेरो बाबुको टुपी चड्काम - जुँगा
- पहाडमाथि छेउकुना ठाउँ ठाउँमा रगतका तुना - लाली गुँरास
- हिड् पुड्के बेसी जाउँ, तेरो मुन्टो निमोठेर ल्याउँ - धोक्रो
- हेर्दा राम्रो चपाउँदा चाम्रो - तस्वीर
- आँखा छैन भूईतिर हेर्छ, कान निमोठ्यो बान्ता गर्छ - कलधारा
- पातालमा खुट्टा छ टाउकोमा सुँढ छ, सुँढ चलाईदिए ह्वाल ह्वाली छाद्छ - ट्युबेल
- लामो आङको टाउकोमा कुइरी मण्डल ध्वाउँछु छ्याकछ्याक गर्दै जयनगर धाउँछु - जनकपुर जयनगर रेल
- लामो लहराको मीठो फल, खाँदा मुख भरी हुन्छ जलै जल - अंगुर
- भित्र गज्याङगुजुङ बाहिर छाला - कागती
- भित्र छिऱ्यो भित्रै उम्रयो, आशिष पाइ कानमा सिउरियो - जमरा
- बाहिर सोलाभित्र गोला, त्यो खान पाए कस्तो होला - रुख कटहर
- बिहान चारखुट्टे दिउँसो दुईखुट्टे र बेलुकी तीन खुट्टे - मानिस
- दुई पांग्रा छ साइकल होइन, दगुर्छ मोटर होइन - मोटरसाइकल
- त्यो कुरा आफ्नै हो तर र आफूलेभन्दा अरुले चल्ती गर्छन् - मानिसको नाम
- बजाउन बाजा होइन लगाउन हुन्छ औंठी होइन गोलो छ रिङ होइन - चुरा
- थालमाथि बटुकी बटुकीमा फोल, तह लगाउन त्यसको कान मोल - कप प्लेट
- दल्दादल्दै खिइसकी सेती सेती, आफू मरी अरुलाई बनाउँदै गोरी - साबुन

❖ कहिले छातीमा हान्ने, कहिले रोइमात्रै रहने - जाडो र गर्मी
❖ एक दिन सबैले भोग्नु पर्ने टार्दा नटर्ने मार्दा नमोर्ने - काल र मृत्यु
❖ बाह्र हाँगे बाह्र जाँगे सुगाको घोल बाह्रा सुगा मारिकन बाह्रै आरी झोल - निबुवा
❖ बसाइ हेर्दा कुकुरको बाघको जस्तो हाल, चोटाकोठा डुलिरहने गजबै छ चाल - बिरालो
❖ उल्टो सुल्टो एउटै हुनछ पाँच अक्षरको नाम, चढ्दो बैंसको झल्को दिन्छ गर्दा अर्थज्ञान - नवजीवन
❖ एउटा तन्न एउटा धन्न, कहिले लौ लौ कहिले हुन्न - तबला
❖ आलु भन्छन् खान हुन्न, केही होइन हेप्न हुन्न - शून्य (0)
❖ बैठक कोठा ढुक्क रुँग्छ, मान्छे बसे लिपिक्क हुन्छ - सोफा
❖ एक लात हान्दा दरर्र, गर्ने कान बटार्दा सरर्र कुद्ने - मोटरसाइकल
❖ मुन्टो पकाइ खाए हुन्छ, छोयो कि त पोलिदिन्छ - सिस्नो
❖ छड्के मेरो बानी पट्के मेरो साथ, सात दिनसम्म नआए क्रिया गरिराख - लामखुट्टे
❖ उल्टो सुल्टो एउटै हुने जीवनको ज्योति, प्यारो लाग्छ मलाई त भन्दा हिरामोति - नयन
❖ लगाउँछु कुचो चम्काउँछु चुचो - बुरुस
❖ गएपछि नफर्कने - बाण हानेको
❖ पोलेको माछो जमिन मुनि दर्गुछ - हलोको फाली
❖ पोखेको सबै चिज उठाउन हुने एउटै चिज उठाउन नहुने - कुरा/बोलि
❖ पाहुना आएको बेला उत्तानो परेर सुत्ने - गुन्द्री
❖ रातो गुदी हरियो छाला, घाममा खाँदा शीतल होला - खरबुजा
❖ धेरै वर्ष कुर्दा पक्कै आउँछ त्यस्तै पर्दा पहिल्यै आउँछ - निर्वाचन
❖ मलाई सबै जिल्ला भन्छन् अक्षर छन् चार, बीचको २ अक्षर झिकेपछि अर्थ हुन्छ मार - कालीकोट
❖ पहिले माया गर्छन् पछि कुट्छन्, ओछ्याएर मोज लुट्छन् - कपास
❖ झ्याल धेरैभएपनि ढोका भने छैन, त्यो घरमा नबसेमा मिल्दैन है चेन - झुल
❖ एउटा आँखा एउटा पेट छैनन् हात, खुट्टा राती हिँड्दा सुख दिन्छ लिएदेखि साथ - टर्चलाइट
❖ आफ्नै सुरमा बाँचेको छ कोठाभित्र डुली, न खुवाउँछन् भाडावाला न त घुरमुली - माउसुली
❖ पाँच मानिसको एउटै पेट - हत्केला
❖ एकसुरले यात्रा गर्छ घुम्छ तीनै धाम, शरीरमा गर्मी हुँदा आउँछ यसको काम - पंखा
❖ जन्म हूँदा लामा लामा थिए केश, पहिले घस्रँदैमा केश जति सबै भए सेश - कुचो
❖ नदीनाला पर्वत अनि सिङ्गो पृथ्वीलाई बोकी हिड्छ हल्कासित साना मान्छे आइ - ग्लोब
❖ चारजनाको घर हो यो पौष्टिक तत्वको खानी दश भाइ मिली खोस्छन् तानी तानी - दूध दुहेको
❖ हेर्दा पानी जसतो रङ्ग सेतो हुन्छ स्वास्थ्य राख्न मद्दत गर्छ पोषिलो - दूध

यो हुन्छ

- चार अक्षरको नाम यसको खोल छोडि हिँड्छ धेरै खाए दाँत बिगारी सबलाई दुख दिन्छ - चकलेट
- सुन्तली नानीको हरियो केश, यिनलाई खाए हुन्छ आँखालाई बेस - गाँजर
- छ वटा खुट्टा भएको एउटा गाइने किरो, पिठ्युभरि सामान बोकी कराउँदै हिड्यो - ट्याक्टर
- मुख भरि दाँत मेरो नबोलि नै बस्छु, आधा बैंस ढल्केपछि बल्ल मुख खोल्छु - अनार
- आन्द्रा जोडी चलाउँदा ऐना बोल्न थाल्छ, त्यो ऐनाको भूडीभित्र संसार हुन्छ - टि.भी.
- दुई औंला समातेर मुखभित्र तानी, भोक तिर्खा नमेटिए नि मानिसले खानी - चुरोट खाएको
- कोठा हुन्छ चौसट्ठी एक हुन्छ घर, बत्तीस भाइ मिलीजुली गर्छन् वारपार - चेसबोर्ड
- संसार घुमे पनि आउँछ बस्न थुपुक्क, गुन्द्रुकको झोल भेटे जान्छ सुरुक्क - ढिँडो
- जतासुकै लुकेपनि खोजी खोजी ल्याई तरकारी बनाएर मानिसले खाइ - प्याज
- दिभरि फालाफाल रातपरे तानातान - सिरक वा ओढ्ने
- सुरिलो रुखको कुरिलो पात - सल्लाको पात
- खोलामा बसेको पगरी कसेको - चिउरी
- बढ्छ भन्छन् इज्जत, घाँटीतिर हुँदा कुन चाहिँ चिज होला त्यस्तो दुईवटा लुँदा - टाई
- पाँच जना दाजुभाइ एउटै थालमा भात खाइ - हत्केल
- माथितिर फर्किएर बस्ने सानी सानी, मीठो त्यति नभए नि दुनियाँले खानी - सुपारी
- उज्यालोमा भन्दा अध्याँरोमा राम्रो, बहुमुल्य सबै भन्छन् रत्न हो यो हाम्रो - हीरा
- देख्दा भने सूर्य जस्तो छुँदा भने चिसो, निचोरेर पकाउँदा खाना हुन्छ मीठो - सूर्यमुखी फूल
- अगाडिको काटेपछि खाने चिज बन्छ, बीचको काट्दा सुन्ने अर्थ शक्तिशाली हुन्छ - कानुन
- छ खुट्टाको एउटा गोडा दुईवटा छ टाप, टापमाथि अन्नपातको हुने गर्छ नाप - तराजु
- तेल खाँदा सुसाउँछ पानी खाँदा नाम मानिसको जीवनमा दिन्छ धेरै काम - स्टोभ
- सुरिलो रुखको खिरिलो पात, पाउना लागे खातैखात - मेवाको रुख
- किन्दा कालो बाल्दा रातो नाना थरी काम, फाल्ने बेला सेतो हुन्छ भन है त्यसको नाम - कोइला
- कालो सेतो घाँस काट्छ सधैंभरि घाँसी, उसको आदेश मान्ने गर्छन् राजा, मन्त्री दासी - हजाम
- पवित्र घरको धुरीमा सोली घोप्ट्याएको - मन्दिरको गजुर
- आमाचाहिँ घरै बस्छे छोरी चाहिँ घुम्न जान्छे - साँचो
- मंसिरमा अघाएर आफू हुन्छ डम्म, त्यसपछि परिवार पाल्छ टम्म - भकारी

- ❖ पकाउँदा पकाउँदै पाकिसक्यो ताउलो, तर पनि कसो गरौं पाक्ने होइन जाउलो - अम्बा
- ❖ पढ्ने भाइ बहिनी सबै अघि अघि सर्छन, नजिक नजिक आए पछि नपढ्ने चाहिँ लड्छन् - परीक्षा
- ❖ कहिले वारी कहिले पारी निरन्तर चाहार्छ, मानिसलाई काखमा राखी नदी नाला तार्छ - डुङ्गा
- ❖ नौ दिनसम्म कोठाभित्र थुनिएर बस्छ, दशदिन हुनासाथ शीर माथि चढ्छ - जमरा
- ❖ सुनौली नानी औंलामा पसी, लुपुक्क टाँसिएर माया बन्धन कसी - औंठी
- ❖ रोगको जरो भएपछि ओठभित्र राख्छन्, रस तीतो भएपनि मीठो मानी चाख्छन् - सुर्ति खैनी
- ❖ मुखबाट सुर्काउने, नाइटोबाट तुर्काउने - चियादानी
- ❖ बुलाकी समाई घन्काउने काम, लौ भन नानी मेरो नाम - घण्ट
- ❖ उल्टो पढ सुल्टो पढ अर्थ एकै हुन्छ पकाइ खाँदा मीठो हुन्छ तिहुन त्यसको बन्छ - रहरको दाल
- ❖ गोलो गोलो चकटी छ बस्न नहुने, बस्न खोजे कसैको ज्यानै नरहने - इनार
- ❖ पहिलो मलाई भिजाउँछन् त्यसपछि कुट्छन्, कुटेपछि मस्तसँग खाई भोक मेट्छन - चिउरा
- ❖ एक चिम्सीका दुईटा रौं - सियो धागो
- ❖ टाउको चिरेको पूच्छर बरेको - पेचकीला
- ❖ आमा झुण्डिइ छोरी हिँडी - ताल्चा र साँचो
- ❖ एउटा सानो हत्केलामा अठार बीस औंला, त्यही औंला पाकेपछि मजाले खाउँला - केराको काइयो
- ❖ आमा झुप्रि छोरी कुप्रि नातिनी सलसलाउँदी - गहत
- ❖ एकै छेउमा भाले, एक छेउमा पोथी, भाले पाथीको एउटै कोठी - मादल
- ❖ पहाडमाथि छेउकुना ठाउँठाउँमा रातो तुना - लाली गुराँस
- ❖ एकै मुठी जिरीको साग घ्यू तेलले झानन्, मरेको माछो खेत खेतै डुल्छ त्यो के हो भनन - हलाको फाली
- ❖ आज रात पऱ्यो भोलि घर बनाउँला - माकुरो
- ❖ आदेश यसको मान्ने पर्छ प्रशासक त्यो होइन, घुमी घुमी उधुम गर्छ रूप देखिदैन - यमराज
- ❖ एक्लै उठी जान खोज्दा आफू लड्ने डर, काखी च्यापी हिँडेपछि हुन्छ पक्का भर - बैशाखी
- ❖ छाताको आकार सियाको खिल, औंला थिच्दा भित्तामा मिल - थमपिन
- ❖ छाला ताछे दाँत पलाउने - सिसाकलम
- ❖ बिहान उठ्ने वित्तिकै दुलाभित्र हात हाल्नु - कपडा लगाउनु
- ❖ आफू पढ्न जाँन्दैन त्यहाँ गएपछि मानिस ज्ञानी हुन्छ - विद्यालय

परिच्छेद : चार

## धादिङ जिल्लामा प्रचलित गाउँखाने कथामा समाज र संस्कृतिको चित्रण

### ४.१ विषय प्रवेश

नेपाली भाषी लोकसमुदाय मुख्यतया ग्रामीण क्षेत्रमा रही कृषिकार्यमा संलग्न हुँदै आएका छन् । धादिङ जिल्लाका विभिन्न भागमा प्रचलनमा रहेका गाउँखाने कथामा विभिन्न विषय वस्तुलाई उत्तर बनाएर कथा प्रस्तुत गरिएको पाइन्छ । यहाँका किसानहरूले कृषि कार्य लगायत विभिन्न कार्यलाई कथाको विषयवस्तु बनाएर कथा भन्ने गरेका छन् । समाज सँस्कृतिभित्र पनि विभिन्न क्षेत्र र विषयलाई कथाको उत्तरमा समाविष्ट गर्न खोजिएको पाइन्छ । प्रकृति विश्व ब्रह्माण्ड, पशुपन्छि र जीवजन्तु, मानव, प्राकृतिक वनस्पति, कृषिजन्य वनस्पति, परम्परागत वस्तु, नवीनवस्तु, आजिविका सम्बन्धी, खाद्यपदार्थ, कार्यव्यापार, समाज र सँस्कृति र विज्ञान र प्रविधि सम्बन्धी विषयवस्तुलाई गाउँखाने कथामा समावेश गरिएको छ ।

गाउँखाने कथाको माध्यमबाट लोकले आफ्नो वरिपरि वा सेरोफेरोको प्रकृति वस्तु, घटना र क्रियाकलापप्रति चित्रण गरेको हुन्छ । विश्व ब्रह्माण्डप्रति लोकको हेराई, बुझाइ र सोचाइ विश्व ब्रह्माण्डका वस्तु विषय र प्राणीका बारेमा लोकको हेराई बुझाई र सोचाइ तथा लोक समुदायको मुख्य मान्यता चालचलन र जीवनभोगाइहरू गाउँखाने कथामा प्रकट भएका छन् । लोकको यस्तो हेराइ बुझाइ र सोचाईलाई नै प्रस्तुत सन्दर्भमा विश्व दृष्टि वा समाज र संस्कृतिको चित्रण भनिएको छ । विश्व दृष्टि भन्नाले विश्वलाई हेर्ने दृष्टि वा समाज र संस्कृतिलाई हेर्ने हेराइ र दृष्टिकोण भन्ने बुझिन्छ । दृष्टिलाई विश्वास पनि भनिन्छ । प्रस्तुत अध्ययनमा धादिङ जिल्लामा संकलन गरिएका गाउँखाने कथामा प्रकट लोकको बुझाइ वा हेराइका बारेमा अध्ययन गरिएको छ ।

लोक समुदायले भोगचलन गर्दै आएका भौगोलिक क्षेत्र प्रकृति भू-धरातल, वनस्पति, जीवजन्तुलाई विषय बनाएर गाउँखाने कथा जुराइएका छन् । भने तिनमा नेपाली लोक समुदायको विश्वदृष्टि प्रकट भएको छ । गाउँखाने कथामा स्थल प्रकति वा विश्व ब्रह्माण्ड तथा लोक समुदायका विविध व्यवहार, पशुपन्छी तथा जीवजन्तु मानव र मानव शरीरका अङ्गप्रत्यङ्ग प्राकृतिक र कृषि जन्य वनस्पति मानव निर्मित परम्परागत र नवीनवस्तु चित्रण आजिविका वा व्यवसाय, भेषभूषा र आभूषण खाद्यपदार्थ कार्यव्यापार तथा समाज र संस्कृतिका सम्बन्धमा लोकसमुदायको विश्वदृष्टि प्रकट भएको छ । गाउँखाने कथाहरू कि त कुनै प्रकारको वस्तु सित सम्बन्धित हुन्छन् कि भने कुनै प्रकारको कार्य व्यपारसित सम्बन्धित हुन्छन् । कि भने गाउँखाने

कथामा वस्तु र कार्यव्यापार दुवैप्रति कथ्य भाषाका माध्यमबाट समाज र संस्कृतिलाई चिनाइएको पाइन्छ ।

## ४.२ गाउँखाने कथामा प्रकृति वा विश्व ब्रहृमाण्ड चित्रण

नेपाली लोकजीवनमा जहाँ बसोवास गरिएको छ, जुन हावापानी वा वातावरणमा हुर्किएको छ त्यो र त्यसको सेरोफेरो नै नेपाली गाउँखाने कथामा प्रबिम्बित प्रकृति हो । गाउँखाने कथा हाल्नु एउटा क्रियाकलाप हो भने गाउँखाने कथामा उत्तरको विषय वा वस्तु प्रकृतिबाट लिएको पाइन्छ । हाम्रा वरपरका सम्पूर्ण चिज वस्तुहरू सबै नै वातावरण हुन् । हाम्रो लोक समुदायले मानिस विश्व ब्रह्माण्ड भूगोल र प्रकृतिका जीवजन्तु वनस्पति ढुङ्गा माटो, हावापानी आदि विषयवस्तुलाई लिएर प्रतिकात्मक ढंगले गाउँखाने कथामा उत्तर समाविष्ट गरिएको हुन्छ । यस आधारमा गाउँखाने कथाको उत्तर मानिसले देखेका कुनै पनि विषयलाई समावेश गर्ने गरी कथा भन्ने गर्दछ । त्यसैले यसमा समावेश भएका गाउँखाने कथाहरूमा प्रकति वा विश्व ब्रह्माण्ड सम्बन्धी कथाहरू पनि छन् । यसका केही उदाहरणहरू यस प्रकार छ ।

१) घाम आउँदा नदेखिने जुन आउँदा देखिने - तारा

२) ठूलो थालमा बिस्कुट फिजाएको - तारा

३) बाली न विरुवा नौ मुरी तोरी - तारा

४) पहिला फूलौरा अनी झोल माटाका लागि मोल - असिना

५) आलुङ्गो नानीको पालुङ्गो टिपिछिटा
घामको झुल्कोमा पातल पुगिन्छ - तुसारो

६) कहिले लुकामारी खेल्छन् कहिले साथै देखिन्छन्
कहिले भने डिलमा बसी नियाएर छेकिन्छन् - सूर्यचन्द्र

यहाँ गाउँखाने कथाको १, २ र ३ मा तारालाई बुझ्ने र हेर्ने लोकको बुझाई प्रकट भएको छ । घामको उपस्थितिमा नदेखिने र जुनको उपस्थितिमा देखिने वस्तुको रूपमा तारालाई बुझाइएको पाइन्छ भने २ थालमा विस्कुट फिंजाइएको रूपमा र (३) को गाउँखाने कथामा नौ मुरी तारीको रूपमा वर्णन गरिएको छ यस्तै ४ को गाउँखाने कथामा पहिला फुरौला अनि झोलको रूपमा असिनालाई वर्णन गरिएको छ । ५ को गाउँखाने कथामा पालुङ्गो टिप्न गएकी नानीलाई तुसारोको वर्णन गरिएको पाइन्छ । यस्तै कहिले काहीँ बालबालिकाहरू खेल्दै साथीले

देख्यो देखेन वा साथी कहाँ गयो भनि छेल पारेर नियालेर हेरे जस्तै गर्ने सूर्य र चन्द्रमालाई पनि गाउँखाने कथाको ६ नम्बरको उत्तरमा समावेश गरिएको छ ।

प्रकृति विश्व ब्रह्माण्डलाई बुझ्ने वा हेर्ने यस्तै अन्य केहि उदाहरणहरू यस प्रकार छ

७) रन्किन पाए जे पनि खान्छ पानी खाए भुतुक्कै हुन्छ । - आगो

८) छेउछाउमा पर्खाल माझमा रायो रायो टिप्न जाँदा बाघले खायो -अगेनाको आगो

९) स्वर्गको लिस्नो धर्तीको आड आगोको कलेजो पानीको हाड - इन्द्रेणी

१०) पानी नभएको पोखरीमा सुनको माछा - सूर्य

११) दिदी बहिनी देखा देख भेट कहिल्यै नहुने - चन्द्रमा र सूर्य

१२) अघि अघि रतुवा पछि पछि कलुवा खायो सबै पालुवा - डढेलो

१३) इउँ त इउँ इउँ टिप्नेलाई सय रूपैयाँ दिउँ - छायाँ

यहाँ ७ को गाउँखाने कथामा रन्किने अवस्थामा सबैलाई भष्म खरानी पार्ने र पानी पाउने बित्तिकै आफैं निभ्ने वा मर्ने वस्तुको रूपमा आगोलाई हेरिएको छ भने ८ को गाउँखाने कथामा अगेनामा रहेको आगोलाई बताइएको छ । १२ को गाउँखाने कथामा जंगलमा लागेको डढेलोलाई व्यक्त गर्न खोजिएको छ । जंगलमा बलिरहेको आगोलाई रतुवा र बलिसकेपछिको खरानीलाई वा भष्मलाई कलुवाको रूपमा दर्शाएको पाइन्छ । ९ को गाउँखाने कथामा आकाशबाट तल धर्तीसम्म आड लिइ सजिलै स्वर्ग पुग्न सकिने माध्यम बनी आगो जस्तै भएर वर्षा याममा रहने वस्तु वा दृश्यलाई इन्द्रेणीकोरूपमा देखाइएको छ । गाउँखाने कथा १० र ११ मा पानी नभएको ठूलो पोखरीको रूपमा आकाशलाई देखाउन र सूर्यलाई एकातिर दिदी बहिनी मानी कहिल्यै भेट नहुने दिदी बहिनीको रूपमा अर्थ्याइएको छ । भने सूर्यलाई सूनको माछासंग तुलना गरिएको छ । गाउँखाने कथा १३ मा टिप्न नसकिने र कहिल्यै स्थिर नहुने वस्तुलाई टिप्ने समर्थन वान व्यक्ति वा कथा चिन्ने व्यक्तिलाई सय रूपैयाँ इनाम दिने घोषणको साथ छायाँलाई अर्थ्याइएको छ । यसै गरी गाउँखाने कथाहरु पनि यस प्रकार छन् :

१४) ज्यामिरे चुक जनालाई दुख - औसीको रात

१५) थालभरि तिलौरा खाइ नसक्नु - तारा

१६) जाडोमा नाङ्गै बस्ने गर्मीमा सिरक ओढ्ने - हिमाल

१७) कहिले छातिमा हान्ने कहिले रोइमात्र रहने - जाडो र गर्मी

१८) दिनभरि संसारको राम्रो सेवा गरी हराउँछु कुन्नि कता पूरा रातभरि- सूर्यको किरण

१९) जत्रो भाडो उत्रै बिर्को - पृथ्वी र आकाश

२०) एउटा बूढा हजुरबाका नौवटा नाति घुमी हिँड्छन्
यताउति दिउँसो होस् या राति - सूर्य र वौ वटा ग्रह

२१) नाम के हो कहाँ बस्छ थाहा छैन एकै चोट आएर शत्यानास पार्छ। - भूकम्प

२२) अलिकति अचार साँधेर गाउँलेलाई पुग्ने - आगो

२३) खुट्टा मुनि बसेर कालेदाईको बाससँगै हिँड्छ बोल्दैन पार्छ मेरै छाप - छायाँ

२४) आकाशमा नै हिँड्छ सधैं आकाशमै घर मानिसको जन्म मृत्यु उसैको भर - सूर्य

२५) उठे सागरबाट बसे गजधम - कुहिरो

२६) कालो दाईको चिटपिटे लाल दाइ धुलो खैरे दाइ - गोल, आगो र खरानी

२७) कालो बालो बाख्राका पेट भरी इउँ गन्न सक्ने मान्छेलाई लाखरूपैया दिउँ - तारा

२८) एक कोल बाह्र पट्टि हागाँ गन्दा तीन सय पैसठ्ठी - वर्ष दिन

२९) दाँत नभएको राँगाले पराल खान्छ - आगो

३०) देख्नलाई नजिकै छैन त्यति टाढा भेट्न खोज्दा सकिदैन हुन्छ टाढा टाढा - आकाश

३१) दुई वटा फेद दुईवटा हाँगा मात्र एउटा रुख - मानिस

३२) पक्कै छ नजिकै छ छाम्दा छैन समात्न सकिदैन - छायाँ

३३) बेसीमा कुलो लेकतिर खेत कतातिर टुप्पो कतातिर फेद - इन्द्रेणी

३४) फलामको पाता सूनको टाटा - डाँडामाथिको घाम

३५) वरिपरि मट्याङ्ग्रा माझमा ध्वाई यो कथा नजान्ने लठ्याब्रोको ज्वाई - तारा र सूर्य

३६) पश्चिममा लुकेको दाई पूर्वबाट आए ठूला साना सबैलाई माया प्रिति लाए - सूर्य

३७) थालभरि सुपारी गन्न नजान्ने व्यापारी - तारा

३८) बिहान चार खुट्टे दिउँसो दुई खुट्टे बेलुका तिन खुट्टे - मानिस

यहाँ गाउँखाने कथाको १४ मा ज्यामिरेको चूकलाई औंसीको रातसँग तुलना गरिएको छ। १५, २८, ३७ को गाउँखाने कथामा तारालाई विभिन्न उपमाबाट देखाउन खोजिएको छ। कहि थालभरिको तितौरा कही बाख्राका पेटमा भएको इँउ र कहि सुपारीको रूपमा दाजिँएको छ भने यसलाई चिन्नेलाई लाख रूपैयाँ दिने र नचिन्ने चाहिँ गन्न नजान्ने व्यापारी भन्दै प्रश्नकर्ताले उत्तरकर्तालाई हौसला प्रदान गर्दछ। यसै गरि १८, ३४, ३७ मा भएको गाउँखाने कथाले सूर्यलाई विभिन्न रूपबाट चिनाउन खोजिएको छ। मानिसको सेवा गर्ने, मानिसको जन्म र मृत्यु सूर्यकै भरमा रहने सधैं पूर्वबाट उदाउने र पश्चिममा अस्ताउने वस्तुलाई नै सूर्यको हो भनि अर्थ्याइएको छ। कहिले छातीमा हान्ने कहिले रुने मौसमलाई जाडो र गर्मीको समय १७ को गाउँखाने कथामा दिइएको छ।

गाउँखाने कथा १६ मा जाडोमा नाङ्गै बस्ने र बाफ बनी कुहिरोमा परिणत भएर हिमाललाई ढाक्ने भएकोले गर्मीमा सिरक ओड्ने वस्तुको रूपमा हिमाललाई चिनाइएको छ । गाउँखाने कथा १९ मा भाँडा जत्रो बिर्कोको संज्ञा आकशलाई दिइएको छ । एउटा बूढा हजुरबाको रूपमा सूर्यलाई भनिएको छ भने नौवटा ग्रहलाई नातिको संज्ञा दिइएको छ । २० को गाउँखाने कथामा जनधनको सत्यानाश पार्ने चिज वा वस्तु नै भूकम्प हो भनिएको छ ।

गाउँखाने कथा २२ मा अचार भनेर आगोलाई भनिएको हो आगो जोडेर सबै ठाउँमा पुऱ्याउन सकिने भएकोले अचारसंग आगोलाई दाजिएको हो । गाउँखाने कथा २३ मा खुट्टा मुनि बस्ने काले दाइ र मानिस जहाँ गए त्यहाँ पुग्ने चाँहि छायाँ हो भनिएको छ । गाउँखाने कथाको २४ मा सागरबाट उठेर गजधम बस्ने वस्तुको रूपमा कुहिरालाई दर्शाइएको पाइन्छ । यसै गरी गाउँखाने कथाको २६ मा अँगारलाई कालेदाईसँग आगोलाई चिटपिटे लालदाइ, खरानीलाई धूलो खैरे दाइसँग दाँजिएको छ । गाउँखाने कथा २८ मा एक कोल बाह्र पट्टि हागाँ गन्दा तीन सय पैसठ्ठी भनेर एक वर्षको समयलाई जनाइएको छ । २९ को गाउँखाने कथामा दाँत नभएको राँगाको रूपमा आगोलाई दाँज्दै यसले पराल खाएको कुरालाई कथामा दर्शाइएको छ नजिकै देख्न सकिने भेट्न खोज्दा नसकिने झन टाढा टाढा हुने वस्तु आकाश हो । भनी गाउँ खाने कथाको ३० मा भनिएको छ ।

दुईटा हाँगा दुइटा फेद तर रुख एउटै भएको मानिस हो त्यस्तै सानोमा ४ खुट्टा भएको युवामा दुई खुट्टा भएको र बूढामा तीन खुट्टा भएको मानिस हो । यो मानिसको अवस्थालाई गाउँखाने कथा ३८ मा बिहान बेलुका र दिउँसोको समयलाई दाँजेर देखाइएको छ । गाउँखाने कथा ३२ मा भएर पनि समात्न नसकिने र छाम्न नसकिने वस्तुलाई छायाँको रूपमा दर्शाइएको छ । ३४ को गाउँखाने कथामा फलामको पाताको रूपमा पहाड र डाँडालाई दाजिँएको र सूनको टाटाको रूपमा सूर्यलाई दर्शाएर डाँडामाथिको सूर्य भन्न खोजिएको हो ।

## ४.३ गाउँखाने कथामा पशुपन्छी र जीवजन्तुको चित्रण

पशुपन्छि जीवजन्तु र प्राणी प्रकृतिका जीवन्त वस्तु हुन् गाउँखाने कथामा यस्ता ठूला जीवजन्तु पनि र पशुपन्छिहरू प्राणीहरू हुन् । प्रकृतिका जलचर स्थलचर उभयचर सरीसृप जस्ता वर्गमा पर्ने पशुपन्छि तथा जीव जनावरहरूलाई पनि गाउँखाने कथाको विषयवस्तु बनाइएको पाइन्छ । यस्ता गाउँखाने कथामा केही उदाहरणहरू यस प्रकार छन् ।

३९) लामो लहराको मीठो फल -खोलाको माछा

४०) अंकड बंकड वहाँ आँखा तेरो टुलुटुलु मुन्टो कहाँ - गंगटो

४१)  जंगलमा वस्तु सधै खान्छु रातो पानि मान्छे दाइले भेट्यो भने वित्छ जिन्दगानी

- जुम्रा

४२)  टि टि गर्छ घण्टी होइन, उड्छ चरा होइन  - लामखुट्टे

४३)  दिउँसो उल्टो राती सुल्टो  - चमेरो

४४)  कपालपुरी सानी नानी कानपुरमा झरी, कानपुरबाट नङमा गई मरी - जुम्रा

४५)  सुड छ हात्ती होइन, उड्छ चरा होइन  - झिंगा

४६)  मुख चुच्चो पुच्छर बुच्चो खान्छ अन्न पानी बन्न  - घुन

४७)  चरो होइन उड्छ, बत्ती होइन बल्छ  - जुनकिरी

४८)  चोर्छ चोर होइन गुफामा बस्छ बाघ होइन  - मुसो

४९)  जिउभरी रौँ छ भालु होइन, हातखुट्टा चलाउछ, स्याल होइन,
बच्चा च्यापी हिड्छ, मानिस होइन, रुखमा चड्छ बिरालो होइन ।  - बाँदर

५०)  ठ्याप्प पाइला ढयाप्प कान साना आँखा ठूला ज्यान  -हात्ती

यहाँ गाउँखाने कथाले साना जनावर किरादेखि ठूला जनावर हात्तीसम्मलाई आफ्नो विषयवस्तु बनाइएको पाइन्छ । गाउँखाने कथाको ३९ मा आँखामात्र टुलुटुलु हेर्ने तर मुख भने नदेखिने प्राणी नै गंगटोको रूपमा देखाइएको छ । लामो लहराको प्रतिकको रूपमा नदीलाई देखाइएको छ भने मिठो फल भनेर माछालाई ४० को गाउँखाने कथा कथामा दर्शाइएको छ । यसै गरी गाउँखाने कथा ४२, ४४ मा जंगलको रूपमा टाउकाको कपाल र रातो पानीको रूपमा रगतलाई पिउने एक मात्र प्राणी जसलाई कपालपुरकी सानी नानी भनी त्यसलाई मानिसले भेट्टाएका कानपुरबाट नङपुरमा मार्छन्भन्दा त्यो प्राणी जुम्रा भनेर उत्तरकर्ताले चिन्छन् ।

गाउँखाने कथाको ४१ मा सुड भएको पुच्छर नभएको अन्न खाने तर पानी नखाने प्राणीको रूपमा घुनलाई लिइएको छ । गाउँखाने कथा ४३ मा भने घण्टी बजाउने र चरा जस्तै उड्ने प्राणी भनेर लामखुट्टेलाई भनिएको छ । गाउँखाने कथा ४५ मा हात्तीको जस्तो सुड भएको तर चरा जस्तै उड्ने प्राणी चरा नभएर झिँगा हो भनिएको छ । ४६ को गाउँखाने कथामा दिउँसो उल्टो हुने राती सुल्टो हुने प्राणीको रूपमा चमेरालाई बताइएको छ । चरो जस्तै उड्ने र बत्ती नभएपनि बल्ने भनेर ४७ को गाउँखाने कथामा जुनकिरीलाई देखाउन खोजिएको पाइन्छ । ४८ को कथामा घरघरमा चोरी हिड्ने तर गुफामा बस्ने बाघ नभएर त्यो मुसा भएको कुरा दर्शाइएको छ । यस्तै ४९ को कथामा शरीरभरि रौँ भएको जनावर भालु

होइन हातखुट्टा चलाउँछ त्यो स्याल पनि होइन्, बच्चा बोकेर हिँड्छ त्यो मानिस होइन, रुखमा चड्छ त्यो बिरालो होइन, भने त्यो सबै विशेषता बोकेको जनावर भनेको बाँदर भनिएको छ । ५० को गाउँखाने कथामा ठूला पाइला, ठूला कान, ठूलो जिउ भएको तर आँखा सानो भएको जनावर हात्ती हो भन्न खोजएको पाइन्छ ।

५१) डरलाग्दा आँखा छन् चितुवा होइन, रागेपाटे छ बाघ होइन,
लामो पुच्छर छ बाँदर होइन । - बिरालो

५२) पानीदेखि डराउने चामलदेखि रमाउने - घुन

५३) नटोके बाचिरहने टोके मर्ने - महुरी

५४) आकाशको कठथौवा पातालमा दशपौवा जलचरो सुरी - गंगटा

गाउँ खाने कथाको ५१ मा बाघ जस्तो पाटा भएको आँखा डरलाग्दो भएको जुन चितुवा जस्तो छ भनेर बिरालोलाई जनाइएको पाइन्छ । पानी भनेपछि डराउने र चामल पाएपछि जनावर वा जीव घुन हो टोकेपछि आफू मर्ने तर नटोके बाचिरहने जीव मौरी हो भनी ५३ को गाउँखाने कथामा उत्तर समेटिएको पाइन्छ । त्यस्तै ५४ को गाउँ खाने कथामा माथितिर हेर्दा काठ जस्तै कडा देखिने पाताल भनेको तलतिर हेर्दा दश भएको जलमा बस्ने जीव गंगटो हो भनिएको छ ।

यसरी धादिङ जिल्लामा जीवजन्तु र पशुपन्क्षी सम्बन्धी गाउँखाने कथा प्रशस्तै भन्ने गरेको पाइन्छ । भने विभिन्न बिम्ब र प्रतिकहरूको प्रयोग गर्दै सजिलै छुट्टयाउन नसकिने गाउँखाने कथा पनि प्रचलनमा पाइन्छ ।

४.४ गाउँखाने कथामा मानव र मानवका अंग प्रत्यङ्ग सम्बन्धी चित्रण

५५) दुई वटा फेद दुइवटा हाँगा के हो ? - मान्छे

५६) पहिले सुरुमा चारखुट्टा भनी दुई खुट्टा अन्तिममा तिन खुट्टाले हिड्ने के हो ? - मान्छे

५७) मेसिनले झैँ चौबिसै घण्टा चल्छ, त्यो चल्न छोडेपछि आगोमा गएर जल्छ ?- मान्छे

५८) च्याप च्याप गर्छ, स्वाँ स्वाँ गर्छ, ट्वाल ट्वाल गर्छ, तस्विर देखाउँछ ।
- मानिसको अनुहार

५९) ओखल भनु ओखल होइन, मूल फुट्छ कुवा होइन - आँखा

६०) दाँया बाँया सुरुङ, माझमै एउटा पहाड - आँखा र नाक

६१) देख्ने बोल्दैन, बोल्ने देख्दैन - आँखा र मुख

६२) एउटा ठूटामा दुईवटा च्याउ - कान

| | | |
|---|---|---|
| ६३) | घ्याप्पे पहाडको बिचमा खाडल | - नाइटो |
| ६४) | काट्दा काटिने, पोल्दा पोलिने, पकाउदा नपाक्ने के हो ? | - रौं |
| ६५) | एउटा घरका दुइवटा ढोका | - नाक |
| ६६) | एउटा मानिसलाई बत्तिस पुलिसले घेरिएका | - जिब्रो |
| ६७) | बत्तिस भाईको एउटा थाल | - दाँत र जिब्रो |
| ६८) | सानी सानी दह सिन्का परे नसह | - आँखा |
| ६९) | लामो डाँडामा दुइवटा सुरुङ | - नाकको प्वाल |
| ७०) | छिपछिपे पानीमा मुढा लडेको | - जिब्रो |
| ७१) | माथि टुलु टुलु तल स्याउँ स्याउँ | - आँखा र नाक |
| ७२) | एक भाई धान हाल्ने बत्तिस भाई धान लाउने | - दाँत र जिब्रो |
| ७३) | एउटा प्वालमा मासुको ढिको | - जिब्रो |
| ७४) | अपट्टेको भिरमा सानो डोबिल्का | - नाइटो |
| ७५) | ओखल भनु चिउरा कुट्दैन, मूल फुट्छ कुवा होइन | - आँखा |
| ७६) | हाडछाला छैन बस्छ टुप्पोमाथि माया गरे बढ्छ काट्नैपर्छ साथी | - नङ |

यहाँ गाउँखाने कथाले मानिस र मानिसका अंगहरूलाई विभिन्न रूपबाट व्यक्त गरिएको छ । गाउँखाने कथाको ५५ र ५६ ले सग्लो मान्छेलाई नै जनाएको छ यहाँ दुइवटा फेद र दुइवटा मात्र हाँगा भएको विरुवा वा रुखको प्रतिक मानिस भनेको छ भने शुरुमा चार खुट्टा बीचमा दुइवटा खुट्टा र अन्तमा तीन खुट्टाले हिड्ने प्राणीहरूमा मानिस मात्र हो भनिएको पाइन्छ । यसमा मानिसको तीन अवस्थालाई बुझाइएको छ । बालक अवस्थामा बामेसर्दै मानिस चार खुट्टाले हिँड्छ त्यसपछि दुई खुट्टाले हिड्छ र दृष्टि अवस्थामा हिड्न नसक्ने भएपछि लौरोको सहायताबाट हिँड्छ जसलाई तीन खुट्टा मानिएको पाइन्छ । गाउँखाने कथाको ५७ ले चौविसे घण्टा मेसिनजस्तै चल्ने र चल्न छोडेपछि  आगोमा गएर जल्ने वस्तु अरु केही नभएर मानिसको शरीरलाई भनिएको पाइन्छ । यसै गरी गाउँखाने कथाको ५७, ५८, ५९, ६०, ६१, ६२, ६३, ६४, ६५, ६६, ६७, ६८, ६९, ७०, ७१, ७२, ७३, ७४, ७५ र ७६ मा विभिन्न बिम्ब र प्रतिकको प्रयोग गर्दै मानिसका अंगहरू अनुहार, आँखा, नाक, मुख, कान, नाङ्गो, जिब्रो, रौं, दाँत, नङ आदिलाई सरल र सहज ढंगले व्यक्त गर्न खोजेको पाइन्छ ।

### ४.४ गाउँखाने कथामा प्राकृतिक वनस्पतिको चित्रण

लोकसाहित्य अन्तर्गतको गाउँखाने कथामा प्राकृतिक वनस्पति सम्बन्धी गाउँखाने कथाहरू प्रशस्तै भेटिएका छन् । प्राकृतिक प्रदेशका आधारमा पाइने विभिन्न प्राकृतिक वनस्पतिहरू लाई भिन्न-भिन्न नाम र उपनाम र उपमाको आधारमा पनि देखाउने गरेको पाइन्छ । भूगोल र क्षेत्रको आधारमा पाइने वनस्पतिलाई विभिन्न रूपमा गाउँखाने कथामा समाविष्ट गरिएको छ । हाम्रा वरिपरि भीरपाखा वनजंगल बारीका कान्लाहरूमा उम्रने विभिन्न प्रकृतिका रुख बोटविरुवा घाँस आदिलाई गाउँखाने कथाको उत्तरमा समाविष्ट गर्न खोजिएको छ र त्यस्ता वस्तुलाई उत्तरमा समावेश गर्न मिल्ने खालका गाउँखाने कथाहरू भन्ने प्रचलन रहेको पाइन्छ । त्यस्ता प्रकारका गाउँ खाने कथाहरू यस प्रकारका छन् ।

७७) फल न फूल भ्याम्म पथरी - ऊन्यु
७८) लाने भए लैजा नत्र आँखा फर्काएर मर्छु - टिमुर
७९) बाबाका जाँठा लुके भिरमा म त दगुर्दै गएँ शिरमा - गिट्ठो
८०) मास, कपास, गुराँस, मधुकाँकरी सबै जातको एउटै थाकरी - सिमल
८१) लहरे बाबुको घनटाउके छोरा - फर्सी
८२) बाहिर छाला भित्र बोसो बोसोभित्र काँठको ठोसो - लप्सी
८३) सानो सानो ताउली ताउलीमा दुई कुट्की जाउली - कटुस
८४) नौ तले घरको न झ्याल न ढोका - बाँस
८५) जंग बाबुका अजंग छोरा काला नाति सेता पनाति - कटुस
८६) राती गेडी टिप्न जाँदा कोप्री गाईले हान्यो - बयर
८७) बाउ झाँक्री आमा थाक्री, छोरा रिठ्ठे छोरी पिठ्ठे - कटुस
८८) चाँदीको ठेकीमा सुनको बिर्को - ऐँसेलु
८९) तल थाल माथि झाल त्यसमाथि हिरालाल - खुर्सानी
९०) सुरिलो रुखमा सिन्के पात जन्ती आए खाता खात - सल्ला
९१) कसौँडी पाक्यो भात काँच्चै -अम्बा
९२) सानो छउञ्जेल धोती लाउँछ ठूलो भएपछि धोती पाल्छ - बाँस
९३) मेरो भैँसी पालिदे दूध जति फालिदे दहि जति तँ खा घ्यु जति मलाई दे -चिउरी
९४) सुरिलो रुखमा धुरिलो पात फल्न लागे खातैखात - केरा
९५) त्यो घरकी एक्ली बूढी कुम्लो छाडी रुख चढी - तरुलको लहरा
९६) खैरो गाईको पेटै भरि कालो धामी नाच्ने - रिठ्ठा

९७) आमा झिझिल्ली छोरी कोरीवाटी -कुरिलो

९८) एउटा खुट्टा सयौं हात सयौं हातमा हजारौं पात - रुख

९९) दुइ अक्षरको मेरो नाम सानो हुँदा पकइ खाम ठूलो भएपछि धुरीतिर जाम- बाँस

१००) तामे ठेकीमा फलामे बिर्को - मलायो

१०१) सानो सानो रुख चढ्नलाई दुख - सिस्नो

यहाँ गाउँखाने कथा ७७ ले फूल नफल्ने बिरुवाको रूपमा उन्यूलाई चिनाइएको छ । ७८, ७९, ८० र ८१ को गाउँखाने कथामा टिमुर, गिठ्ठो, सिमल र फर्सीलाई विभिन्न रूपबाट चिनाइएको छ । गाउँखाने कथाको ८५, ८७ ले कटुसलाई बताइएको छ । त्यसैगरि ८२, ८६, ८८, ८९, ९० र ९१ को गाउँखाने कथा क्रमशः लप्सी, वयर, ऐँसेलु, खुर्सानी, सल्ला, अम्बालाई झाक्री, कोप्री गाई, कसौडी हिरालाल आदि उपमा दिएर चिनाइएको पाइन्छ । त्यस्तै गाउँखाने कथामा ८४, ९२ ले झ्याल ढोका नभएको तीन तले घर र सानो हुँदा धोती लगाउने ठूलो भएपछि धोती फाल्ने वस्तुको रूपमा बाँसलाई बताइएको छ र त्यसै गरी दही खाने घ्यू अरुलाई नै काम लाग्ने वनस्पति चिउरी हो भनी ९२ को गाउँखाने कथामा भनिएको छ । गाउँखाने कथा ९४, ९५ ले रुख सुरिलो र फल खातैखात लाग्ने विरुवा केरा र कुम्लोलाई जमिनमै छाडेर रुखमा चढ्ने विरुवा तरुल भनी चिनाइएको पाइन्छ । ९६ को गाउँखाने कथामा खैरो गाईको पेट र त्यसमाथि कालो धामी भनेर रिठ्ठालाई भनिएको छ । भने ९७ को गाउँखाने कथामा आमा झिकिरिल्ली र छोरी कोरिवाटी भनेर कुरिलोलाई भनिएको पाइन्छ । ९८ को गाउँखाने कथामा एउटा खुट्टा र सय हात भएको रुख हो भनिएको छ । १०० र १०१ मा तामाको ठेकीमा फलामे बिर्को र रुख सानो तर चढ्न गाह्रो भनी क्रमशः भलायो र सिस्नोलाई चिनाइएको पाइन्छ ।

### ४.५ गाउँखाने कथामा कृषिजन्य वनस्पतिको चित्रण

नेपाली लोकसमुदायले कृषिजन्य वनस्पतिलाई पनि गाउँ खाने कथाभित्र राखेको पाइन्छ । व्यवसायिक रूपमा आफ्नै खेतबारीमा रोपेर हुर्काइएका पढाएका वनस्पतिलाई कृषिजन्य वनस्पति भनिएको छ । केही गाउँखाने कथाले कृषिप्रधान नेपाली समाजका विभिन्न फलफूल, अन्न सागपात, आदिबारे संकेत गरेको छ । नेपाली गाउँखाने कथामा अदुवा, अनार, अमला, अमिलो, अम्बा, आँप, केरा, कोइरालो कोदो, खनिउँ खुर्सानी, गाजर चुच्चे करेला, दारिम, धान, नरिवल, पिडाँलु, प्याज, फर्सी, फापर, बन्दागोपी, मास, लिच्ची आदिलाई कथ्य भाषामा बनाइएको छ जस्तै :

१०२) छालाको ठेगीमा काठको उजिन्डो - अमिलो

१०३) फेद काटे मर्ने, टुप्पो काटे सर्ने - ऊखु

१०४) एउटा गोरुका बत्तिस जुरा - करेला

१०५) पुड्के बाहुनको सर्के चन्दन - मास

१०६) लहरे बाबुको घनटाउके छोरा - फर्सी

१०७) रातो नली फलम फली यो कथा नजाने मेरो हली - फापर

१०८) सानो सानो प्याङ प्याङ भरी दाम -खुसार्नी

१०९) एउटा डोलीमा सय वटा रानी - तोरी

११०) भित्र चाँदी बाहिर सुन - धान

१११) तरकारी खाने हरियो पात पानी नअट्ने के हो यसको जात - कर्कलो

११२) सुनको कचौरीमा स्याउलाको बिर्को - गाजर

११३) सुरिलो रुखमा भुरिलो पात आए खातै खात - मेवा

११४) पानी छ दह होइन रुखमा बस्छ चरा होइन - नवरिवल

११५) लाहाको बाकसभित्र विचित्रको डल्ला - कटहर

११६) खस्रे भ्यागुताको भूँडि चाँहि मिठो - लिच्ची

११७) जन्मदाँ भुत्लै भुत्ला ठूलो भएपछि कत्लैकत्ला - कुपिन्डो

११८) बाखा पाठा बसिरहने दाम्लो चर्न जाने - काँक्रो/फर्सी

११९) बाहिर स्याउलाभित्र चाँदीको कसौडीँ - काउली

१२०) घरभरि कपडा बिरे नाङ्गो - बदाम

१२१) अघि बढ्दै छ पोको छाड्दै छ -अङ्गुर

१२२) चार भाई लडे सय भाई बढे -मकै

१२३) उँधोबाट हाँस आयो एक मुठी घाँस ल्यायो -मूला

१२४) एक भाई माझ बस्ने एक भाई बन पस्ने - अदुवा/मूला

१२५) गाँग्राको जस्तो तामाको मानु कुकुरको जस्तो कान
भित्र हेर्दा ताँती ताँती यो कथा के हो जान - दारिम/अनार

यहाँ गाउँखाने कथामा १०२ मा छालाको ठेकीको रूपमा अमिलोलाई बताइएको छ निवुवाको भेट्नुलाई काठको उजिन्डो मानिएको छ भने १०३ को गाउँखाने कथामा फेद काटे मने र टुप्पो काटे सर्ने भनी वर्णन गरिएको छ। यहँ उखुको टुप्पा विउ लगाउने भनेर राखिन्छ

त्यसलाई खान प्रयोग गरिदैन । तर फेदै काटेको खण्डमा ऊखु मर्छ भन्ने भनाइ पाइन्छ । गाउँखाने कथा १०४ ले गोरुको रूपमा करेला र गोरुको जुरोको रूपमा काँडालाई मिलाएर कथा बनाइएको छ । १०५, १०६, १०७ र १०८ को गाउँखाने कथाले क्रमश मास, फर्सी, फापर, खुर्सानीलाई विभिन्न उपमान र उपमेयको रूपमा बुझाइएको छ । पुड्के बाहुनको रूपमा मास आएको छ । बाबु लहरे र छोरा चाही फलाम जस्तै भएको वनस्पति फापर हो भनिएको पाइन्छ । त्यसैगरि प्याङ सानो भए पनि त्यसमा दामै दाम रहेको हुन्छ भनी खुर्सानीलाई बताइएको छ । १०९ को कथामा डोली भनेर तोरीको कोसा र रानी भनेर तोरीलाई बताइएको छ । भने ११० को गाउँखाने कथामाभित्र चाँदी भनेर धान भित्रको चामललाई र सून भनेर धानको बाहिरको बोक्रालाई भनिएको पाइन्छ । हरियो पातलाई तरकारी खान मिल्ने तर त्यसमा पानी भने नअड्ने वनस्पति कर्कलो हो भनेर १११ को गाउँखाने कथा भनिएको छ । सुनको कचौरी भनेर गाजरलाई ११२ को कथामा भनिएको पाइन्छ । यसैगरी गाउँखाने कथाको ११३, ११४, ११५ र ११६ मा सुरिलो रुखमा पाहुनाको रूपमा खात लागि फल्ने मेवा र भित्र पानी लिई रुखमा फल्ने नरिवल, लाहाको घर भनेर रुख कटहर जसमा विचित्रको डल्ला भनेर त्यस भित्रको खाने चिजलाई जनाइएको छ । खस्रे भ्यागुतो भनेर लिच्चीको फलको बाहिरी बोक्रालाई र भुँडी भनेर त्यसभित्रको गुदी जसलाई हामी खान्छौँ । गाउँखाने कथा ११७ मा सानोमा भुत्लै भुत्ला र ठूलो भएपछि खरानीको कत्ला देखाउने फल कुपिन्डो हो भनिएको छ । गाउँखाने कथाको ११९ मा बाहिर स्यालै स्याउला र भित्र चाँदीको कसौँडी भनेर काउलीलाई भनिएको छ । भने १२० को कथा घरभरि कपडा हुँदा पनि नाङ्गै बस्ने विरेको उपमा बदामलाई दिएको छ । गाउँखाने कथाको १२१ मा लहरा अघि बढ्दै जान्छ र त्यसमा अङ्गुरका झुप्पा लाग्दै जान्छ । यहाँ अङ्गुरका झुप्पालाई पोको भनिएको छ । गाउँखाने कथा १२२ मा चार भाई लडेर सय भाई बढ्ने वस्तु मकै भनिएको छ । १२३ को गाउँखाने कथा एक मुठी घाँस ल्यायो भन्नुको अर्थ मुलाको साग र हाँसको अर्थ मुलालाई दर्शाउन खोजिएको पाइन्छ । गाउँखाने कथाको १२५ मा तामाको मानु त्यसमा कुकुरको जस्तो कान भित्र चाँही ताँती ताँती भएको वस्तुलाई दारिमको अनारको फलको रूपमा बताउन खोजएको छ ।

### ४.६ गाउँखाने कथामा परम्परागत वस्तुको चित्रण

नेपाली लोकसमुदायमा प्रचलनमा आएका प्राचिन वस्तुहरूलाई पनि गाउँखाने कथा भित्र समेटिएको पाइन्छ । यी वस्तुहरू मानव निर्मित भएपनि नयाँ नभएर प्राचिन समयमा चलन चल्तीमा आएका वस्तुहरू हुन् । जसले लोक संस्कृतिलाई प्रतिबिम्बित गरेको हुन्छ ।

नेपाली गाउँखाने कथाहरूमा यस्ता विषयहरू धेरै नै छन् । हाम्रो समाजमा प्रयोग हुने त्यस्तो वस्तुहरू अगेनो, दुनो, बोहोता, मुसल, ओदान, गुन्द्री, भऱ्याङ, पोतो, कुचो, टुकी, थैली आदि विषयवस्तुहरू गाउँखाने कथाको कथ्य विषयको रूपमा आएका छन् । यससँग सम्बन्धित केही उदाहरणहरू यस प्रकार छन् ।

१२६) अँजुली भरी सूनका मुन्द्रा - बोहोता

१२७) जति मासु खाए पनि दुब्लाउँदै जाने - अचानो

१२८) पिँध सुकेको, घाँटी सुकेको भुडिँ फुकेको - करुवा

१२९) जाँदा फुस्रो आउँदा चिप्लो - गाग्री

१३०) आमा माथि छोरो नाच्ने - लोरो र सिलौटो

१३१) उँधोमुन्टो धामी लुक लुक कामी - मदानी

१३२) दुई हातको काँकरीमा तिन हातको बियाा
राम लक्षमणको लडाइमा म पनि थियाँ - ठेकी र मदानी

१३३) दाँत बाहिर ओठ भित्र - मुसल

१३४) स्वर्ग जाने बाटो ढुङ्गा न माटो - भऱ्याङ

१३५) सानी नानीको कम्मरमा पटुका कसेको - कुचो

१३६) टाउको तान्दा आन्द्रा निस्कने -टुकी

१३७) जुँगा तान्दा मुसुक्क हाँस्ने - थैली

यहाँ गाउँखाने कथा १२६ मा अँजुली जस्तै आकाशको वस्तु जसमा सुनका मुन्द्राको रूपमा बाँसका सिन्का लगाई बनाइएको बोहोतो हो भनिएको छ भने मासु खाने बस्तु अचानो जो कहिल्यै पनि मोटाउँदैन झन दुब्लाउँदै जान्छ भनी १२७ को गाउँखाने कथामा भनिएको छ । १२८ को कथामा पिँध सुकेको र घाँटी सुकेको तर भुँडी फुकेको वस्तु करुवा हो भने १२९ मा जाँदा फुस्रो हुने आउँदा चिल्लो हुने चिज वा वस्तु गाग्री भनि उल्लेख गरिएको पाइन्छ । यसैगरि १३० को गाउँखाने कथामा आमा भनेर सिलौटो र त्यसमाथि नाच्ने छोरी भनेर लोहोरालाई भनिएको छ । १३१ को गाउँखाने कथामा उँधोमुन्टो लगाएर लुग-लुग काम्ने धामी भनेर मदानीलाई उल्लेख गरिएको पाइन्छ । यस्तै १३२ को गाउँखाने कथामा दुई हाताको काकरो भनेर मदानीलाई र ३ हातको बियाँ भनेर नेतीलाई भनिएको छ भने मदानी र ठेकी राम लक्ष्मणको पालदेखि नै प्रयोग गर्न शुरु गरिएको भन्ने ऐतिहासिक दृष्टिकोण पनि यसमा देखाउन खोजिएको छ । गाउँखाने कथा १३३ मा बाहिर दाँत भएको र भित्र ओठ भएको वस्तु

मुसल हो भनी उल्लेख गरिएको छ । भने १३४ को गाउँखाने कथामा स्वर्ग जाने बाटो जहाँ न ढुङ्गा छ, न माटो छ त्यस्तो वस्तु भनेको भऱ्याङ हो भनिएको छ । त्यस्तो गाउँखाने कथा १३५ मा कम्मरमा पटुका कसेकी सानी नानी कुचो हो भनिएको छ भने १३६ को कथामा टाउको तान्दा आन्द्रा निस्कने चिज वा वस्तु चाँही टुकी हो भनी दर्शाइएको छ । गाउँखाने कथा १३७ मा जुँगाको रूपमा थैलीमा प्रयोग भएको धातु जसलाई तान्दा मुसुक्क हास्ने भन्नुको अर्थ थैलीको मुख खोलिने भन्ने हुन्छ, त्यसले यसको उत्तर थैली हो भनिएको छ ।

यसरी गाउँखाने कथाले प्राचिन समयदेखि नेपाली समाजमा प्रचलनमा आएका वस्तुहरूलाई पनि समावेश गरेको पाइन्छ ।

४.७ गाउँखाने कथामा वैज्ञानिक आविष्कारका वस्तुको चित्रण

आधुनिक उद्योग धन्दा तथा विज्ञानको प्रयोगबाट सिर्जिएका नयाँ वस्तुहरूलाई पनि नेपाली लोकसमुदायले गाउँखाने कथाको विषय बनाएका छन् । समाज र सभ्यताको विकाससँगै उत्पादन भएका नयाँ नयाँ वस्तुहरू जसलाई मानिसले दैनिक जीवनमा सरल र सहज तरिकाले प्रयोग गरिरहेका छन् । त्यस्ता वस्तुहरू पनि गाउँखाने कथाको विषय बनेको छ । उद्योगधन्दा, कलकारखानाबाट उत्पादित भइ मानिसको कामलाई सरल र सहज बनाउन बरदान सिद्ध बनेर आएका छन् । इस्त्री, रेडियो, ऐना, करेन्ट, गोबरग्याँस, चेन, झोलुङ्गे पुल, टेलिफोन, ट्युववेल, पंख, विजुली बत्ती, मोवाइल, मोटरसाइकल, रेल, लुगा सिउने मेसिन, बस, फोटोकपी मेसिन आदि वस्तुहरू गाउँखाने कथाका विषय बनेका छन् । यससँग सम्बन्धित केही उदाहरण यस प्रकार छ : -

१३८) पाङ्ग्रा बिनाको मोटर लुगा माथि दौडन्छ - इस्त्री

१३९) कहिले कानमा कहिले गोजीमा - मोवाइल

१४०) चार पाटे छ इँट्टा होइन, कुरा गर्छ मान्छे होइन - रेडियो

१४१) चार खुट्टा छ गाई होइन, झ्याल ढोका छ घर होइन - बस

१४२) दुइ खुट्टे ठकुरी पद्दै दगुरी - मोटरसाइकल

१४३) बाहिर हेर्दा सिसा भित्र सुन, खिटिक्क थिच्दा तुरुन्तै जुन - बिजुलीबत्ती

१४४) हेरे दुइवटा नहेरे एउटा - ऐना

१४५) लामो छ लट्ठी होइन, सेतो छ दूध होइन,
झमल्ल बल्छ सूर्य होइन - ट्युवटाइलट

१४६) आकाशमा उड्ने ठूलो चरी काँखमा राखी घुमाउँछ - हवाइजहाज

१४७) नदेखिने शक्तिवान् छुन पुगे लिन्छ ज्यान - करेन्ट

१४८) तीन छोरा बाह्र नाति एक सुन्दर घर
क्याप्सुल खाएपछि हिँड्छ सरासर - घडी

१४९) फलामको बाटो फलामकै घर टाढा जानुपरे पर्छु यसकै भर - रेलगाडी

१५०) आफू छ डल्ली डल्लीको बिचमा दूलो
त्यही दूलोमा सुइ लगाउँदा सुटुक्कै खुल्यो - ताल्चा र साँचो

१५१) अक्षर छ पुस्तक होइन, लेख्छ कलम होइन,
टुकटुक गर्छ घडी होइन - टाइपराइटर

१५२) आफू निर्जिव हो आकार चार पाटो,
हिसाब गर्न थाल्यो भने मानिस भन्दा बाठो - क्यालकुलेटर

१५३) आफू मूढो बडो लिएर लडो - बन्दुक

१५४) आँखा झिमिक्क झिम्कायो पेट भित्रै निम्त्यायो - क्यामेरा

१५५) एउटा चरीको ३ वटा पङ्खा - बिजुली पङ्खा

१५६) टाङमुनि बस्छ पानीको झोल पिठ्युमा बोक्छ लामो रेल - पुल

१५७) दुई लिगमा रेल हिड्दा लिगै जोटिन्छ - फस्नर

१५८) लहरे नली झल्ल बली - बिजुली

यहाँ गाउँखाने कथामा वैज्ञानिक आविष्कार सम्बन्धी वस्तुलाई लुगामाथि दौडिने पाङ्ग्रा बिनाको मोटरको रूपमा इस्त्रीलाई जनाइएको छ । भने १३९ को गाउँखाने कथाले कहिले कानमा कहिले गोजीमा राख्ने वस्तु मोवाइल हो भनिएको छ । १४० को गाउँखाने कथामा चारपाटे इँट्टा जस्तो आकारको मान्छे जस्तै कुरा गर्ने वस्तु रेडियो हो भनि इँट्टाको रूपमा र मान्छेको रूपमा दर्शाइएको छ । चार खुट्टा भएको झ्याल ढोका भएको वस्तु गाई पनि नभएको र घर पनि होइन भने त्यो वस्तु मोटरगाडी हो भनी १४१ को गाउँखाने कथामा भनिएको छ । १४२ मा दुई खुट्टा भएको ठकुरी पाद्दै दगुर्छ भने त्यो वस्तु मोटरसाइकल हो भनिएको छ । त्यसै गरी १४३ को कथामा बाहिर सिसैसिसा भित्र हेर्दा सुनजस्तै देखिने तर खिटिक्क पारेपछि तुरुन्तै जुन जस्तै उज्यालो दिने वस्तुको रूपमा बिजुली बत्तिलाई भनिएको छ । १४४ मा त्यस वस्तुलाई नहेरेमा एउटा मात्र देखिन्छ तर त्यसमाथि हेरेपछि हाम्रो अनुहार दुइवटा देखाईदिन्छ । त्यो वस्तुलाई ऐनाको रूपमा देखाउन खोजिएको पाइन्छ ।

गाउने खाने कथाको १४५, १४६, १४७, १४८, १४९ र १५० मा लट्ठी जस्तै सेतो भएर बल्ने वस्तुलाई ट्युवलाइट र आकशमा उँडी संसार घुमाउने वस्तु हवाइजहाज भनी उल्लेख गरिएको छ । भने देख्दै नदेखिने शक्तिशाली वस्तु जसलाई छुँदा ज्यानै लिने वस्तु भनेर करेन्टलाई भनिएको छ । तीन छोरा बाह्र नाति बस्ने घरको रूपमा घडिलाई र टुकटुक गरी लेख्ने साधनको रूपमा टाइपराइटरलाई उल्लेख गरिएको पाइन्छ । यसै गरी गाउँखाने कथाको १५२ देखि १५८ सम्म हिसाब गर्न मानिसभन्दा बाठो वस्तुको रूपमा क्यालकुलेटर लाई डाको बडो भएको लडाईमा प्रयोग गरिने साधनको रूपमा बन्दुकलाई दर्शाइएको छ । आँखा झिम्काएर आफ्नो पेटभित्र लिने वस्तुको रूपमा क्यामेरालाई र ३ वटा पाङ्खा भएको चरीको रूपमा विजुली पङ्खालाई उल्लेख गरिएको छ । पिठ्युमा लामो रेल वोक्ने र टागमुनि पानीको झोल राख्ने वस्तुको रूपमा पुल र दुई लिगमा रेल हिँड्दा लिग नै जोडिने वस्तु फस्नर हो भने लहरे नलीबाट झलमल्ल उज्यालो बल्ने वस्तु विजुली भनेर उल्लेख गरिएको पाइन्छ ।

यसरी वैज्ञानिक आविष्कारबाट उत्पन्न भएका वस्तुहरूलाई विभिन्न उपमा अंलकारको प्रयोग गर्दै विम्ब र प्रतीकहरू जोड्दै गाउँखाने कथाहरू नेपाली लोक समाजमा प्रयोग हुँदै आएको पाइन्छ ।

### ४.८ गाउँखाने कथामा आजीविका सम्बन्धी वस्तुको चित्रण

परम्परागत नेपाली लोक समुदाय मुख्य तथा कृषि वा खेतीपातिमा निर्भर रहन्थे । त्यसैले परम्परागत मुख्य जीवन भनेको कृषि नै हो । जीवन निर्वाहका लागि गरिने कुनै पनि कार्यलाई आजीविका वा व्यवसाय भनिन्छ । आफूलाई काम चलाउन तत्कालीन मानव समुदायले विभिन्न सामग्रीहरू बनाई प्रयोग गर्ने गर्थे र वस्तु उत्पादन गर्ने गर्दथे । तिनै वस्तुहरूलाई गाउँखाने कथामा मुख्य सामल बनाएको पाइन्छ । खेतीपाती गर्ने, पशुपालन गर्ने, कुटन पिँध्न गर्ने, घरेलु तानमा कपडा बुन्ने, माछा मार्ने, माटामा भाँडा बनाउने, जस्ता कार्यहरू मानिसले गर्दै आएको कुरा गाउँखाने कथाको प्रयोगबाट बुझ्न सकिन्छ । यस्ता पेशा र व्यवसायले आफ्नो जीवन मानिसले चलाउँदै आएको पाइन्छ । तिनै जीवन चलाउन प्रयोग गरिने विभिन्न वस्तुहरूलाई गाउँखाने कथामा समावेश गरिएको छ । यसका केही उदाहरणहरू यस प्रकार छ :

१५९) पुच्छरमा थिच्दा मुन्टो उठाउने - ढिँकी

१६०) एकसिङ्गे गोरु होक्काँ होक्काँ - जाँतो

१६१) आफू पनि माले छाँया पनि माले - डोको

१६२) गहतकोसे घोप्टी गाई दिनभरी चरी भोकै आइ - हँसिया

१६३) आफू भने थाङ्ने घोडा चढी माग्ने -घुम

१६४) खान्छ मट्याङ्ग्रा छर्छ धुलो घुम्दछ फनफन चक्का ठूलो -घट्ट

१६५) वनतिर जाँदा घरतिर मुख, घरतिर आउँदा बनतिर मुख - बञ्चरो

१६६) तीन भाईको साभ्हा पगरी - ओदान

१६७) तीनवटा खुट्टा दुई वटा कान, यो कथा नचिननेलाई लौराले हान - कराई

१६८) रातो गोरु दाउँदा दाउँदै कालो भयो - हाँडी

१६९) सानी चरी आगामा परी

पुच्छरले पानी खाँदै भ्हलमल्ल बली - टुकी बत्ती

१७०) दिन भरी सुत्ने रातभरी उठ्ने - दाम्लो

१७१) पाँच भाई छोरा यताउति जाँदा एउटै खाल्टामा हाँम्फाल्छन् - जुत्ता लगाएको

१७२) मरेको गोरु कैले टुक्रन थाल्यो ऐले - ढ्याङ्गो

१७३) जति खाए पनि नअघाउने - कोल

१७४) खुट्टा पसारी लठ्ठी मसारी कालो हाली सेतो निकाली - मास पिधैंको

१७५) चार पाउकी चुप्प रानी दिनहुँ उठी नुहाउँछिन

ढालरोटीको मर्म नबुभ्ही काँचा राटी बुकाउँछिन - चकला

१७६) आमा आज मरी छोरी भोलि जन्मी - खरले छाएको

१७७) आमा छोरीलाई जिऊ गर्छिन् - गाग्री र लोहोटा

१७८) कसौडीको भात पाक्छ बिटामा दाल पाक्छ - खेतको धान र आलीको मास

१७९) काम एकै भएपनि अनेकथरी नाम

फोहोरको दुनियाँमा नाच्ने मेरो काम - साबुन

१८०) आफूतिर बटारी हान्यो भ्हटारो धुलो मैलो जति सबै निथार्‍यो - नाङ्ग्लो

१८१) काली बूढीको मिठो भान्सा - ठेकी र दही

१८२) कालीमाईको पेटमा थरथरे दाईको लादी भ्हिक्ने मेसो - मही पारेको

१८३) घुमाउने थालको पेटभरी घाउ - टपरी

१८४) घाम पानी आँधी हुरी जे आएपनि

बसीरहने त्यो नभई हुँदैन नाति - घर

यहाँ गाउँखाने कथाको १५९ मा पुच्छरमा थिच्दा मुन्टो उठाउने वस्तुको रूपमा ढिकीलाई जनाइएको छ। एक सिँग भएको गोरु जुन होक्काँ होक्काँ गरी टुक्रन्छ भनी १६० को गाउँखाने कथामा जाँतोलाई भनिएको छ। १६१ को कथामा आफू माले र छायाँ पनि माले हुने वस्तु डोको र १६२ को कथामा गहतको जस्तो कोसा भएको घोप्टी गाई र दिनभरि चरेर पनि भोकै आउने वास्तवमा जनावर नभएर हँसियालाई भनिएको पाइन्छ। १६३ मा आफू थाङ्ने भएर पनि घोडाचढी माग्ने वस्तुको रूपमा घुम र चक्का ठूलो भएर फनफन घुन्ने मट्याङ्गा खाएर धूलो निकाल्ने वस्तुको रूपमा १६४ को कथामा घट्टलाई भनिएको छ। १६५ को गाउँखाने कथामा घरतिर जाँदा वनतिर मुख वनितिर जाँदा घरतिर मुख हुने वस्तु बञ्चरो भनिएको छ भने तीन भाईको साझा पगरीको रूपमा ओदान भनेर १६६ को गाउँखाने कथामा दर्शाइएको छ। यसैगरी १६८ को गाउँखाने कथामा शुरुमा रातो र पछि दाइसकेपछि कालो गोरु जनावर नभई हाँडीको नाम दर्शाइएको छ। यस्तै १६९ को गाउँखाने कथामा सानी चरी आगामा परी पुच्छरले पानी खाँदै झमल्ल बली भनेर चरीको पुच्छर र चरीको रूपमा टुकी बत्तीलाई भनिएको छ। दिनभरी सत्ने रातभरि उठ्ने वस्तुको रूपमा दाम्लो हो भनी १७० को गाउँखाने कथामा दर्शाइएको छ। भने १७१ मा पाँच भाई भनी खुट्टाका औंलाहरू र यताउति जाँदा एउटै खाल्टामा भनेर जुत्ता र हाम्फाल्छन् भन्दा लगाउँछन् भनी जुत्ता लगाएको अर्थमा व्यक्त गरिएको पाइन्छ। मरेको कहिले कहिलेको गोरु डुक्रन थाल्यो अहिले भनी ढ्याङ्ग्रोको रूपमा १७२ को कथामा भनिएको छ। १७३ मा जति खाएपनि नअघाउने वस्तुको रूपमा कोललाई बताइएको छ। यसैगरी १७४ मा खुट्टा पसारी लट्ठी मसारी भनी जाँतोलाई र कालो मास पिधेपछि सेतो पिठो निकाल्ने कामको रूपमा लिइएको छ।

त्यस्तै १७५ को गाउँखाने कथामा चार पाउकी चुप्प रानी दिनहुँ उठी नुहाउँछिन् दाल राटीको मर्म नबुझि काँचा रोटी बुकाउँछिन् भनी चकलालाई भनिएको हो। भने १७६ को गाउँखाने कथामा आज आमा मरी भोली छोरी जन्मी भन्दा आमा मरेपछि छोरी जन्मने वस्तु भनेको खर हो। यसले घर छाउने काम गरिन्छ। १७७ को कथामा आमा छोरीलाई जिउ गर्छिन्भन्दा गाग्रीलाई आमा र लोहोटालाई छोरी बनाई पानी खन्याइएको विषयवस्तुलाई देखाउन खोजेको पाइन्छ। १७८ को गाउँखाने कथामा कसौडी भनेर खेतको गह्रालाई र विट भनेर खेतको आलीलाई मानिएको छ। यहाँ कसौँडीको भात भनेर खेतको गह्रामा लगाइएको धान र विटमा भनेर आलिमा लगाइएको मासलाई दाल भनी व्यक्त गरिएको पाइन्छ। १७९ को कथामा एउटै काम भएपनि नाम भने धेरै थरी भएको र त्यही वस्तु जो फोहोरको दुनियाँमा

नाच्छ त्यो साबुन हो । भनिएको छ भने १८० को कथामा आफूतिर हान्ने झटारोको रूपमा नाङ्लो निफनेको जसको फोहोरमैला निखार्ने काम गर्छ भनी अर्थ्याइएको छ । १८१ को गाउँखाने कथामा काली बुढी भनेर ठेकीलाई र मिठो भान्सा भनेर दहीलाई भनिएको पाइन्छ । त्यस्तै १८२ को कथामा भाइ भनी ठेकी त्यसको पेटमा सेतो दही र थरथरे दाइ भनी मदानी र लादी झिक्ने मेसो भनी दही माथि सकेर घ्यु झिक्ने काममा लागेको रूपमा टपरी र जसको पेटै भरी घाउ भनी सिन्का खिचेको अवस्थामा व्यक्त गरिएको छ । १८४ को गाउँखाने कथामा घाम पनि आँधीहुरी जे आएपनि बसिरहने र त्यो हामीलाई पनि चाहिने वस्तु घर हो भनि अर्थ्याइएको पाइन्छ ।

यसरी नेपाली लोक समाजमा प्रचलित विभिन्न गाउँखाने कथालाई विभिन्नरूपले हेर्दा ती मध्येमा मानिसका जीवन निर्वाहका विषयवस्तुलाई पनि गाउखाने कथा भित्र स्थान दिइएको पाइन्छ ।

### ४.९ गाउँखाने कथामा भेषभूषा र आभुषण सम्बन्धी वस्तुको चित्रण

गाउँखाने कथा नेपाली लोक समुदायमा प्रचलित एक विधा हो । लोक समुदायले लगाउने विभिन्न भेषभूषाहरू र आभुषणहरू नेपाली गाउँखाने कथाको सामल बनेको छ । नेपाली लोक समुदायमा प्रयोगमा आउने विभिन्न प्रकारका लगाउने कपडाहरू जस्तै कमिज, जुत्ता, मोजा, पन्जा, काइयो, रुमाल, गुन्द्री, चप्पल र नेपाली समाजका महिलाहरूले लगाउने विभिन्न आभुषणहरू जस्तै बुलाकी, औँठी, चुरा, पोते, फुली, पाउजेब, सिन्दुर, टिको, पगरी आदि । विषयवस्तुहरू नेपाली गाउँखाने कथाका मुख्य विषय बनेको पाइन्छ । यसका केही उदाहरणहरू यस प्रकार छन् ।

१८५) धार्नी न बिसौली दुई हातले उचाली - टोपी

१८६) बाह्र हात लम्बा एकै ठाउँ जम्मा - पटुका

१८७) बढ्छ भन्छन् इन्जत घाटीतिर हुँदा<br>
कुनचाहिँ चिज होला त्यस्तो दुइटा लुँदा - टाइ

१८८) बजाउँछ बाजा होइन, लगाउन हुन्छ,<br>
औँठी होइन, गालो छ रिङ होइन - चुरा

१८९) ठूलो भिरमा तारा जोडेको - निधारको टिका

१९०) गोलो छ सेल होइन, हातमा लगाइन्छ , नेल होइन - चुरा

१९१) कतै जाँदा लगाउनुपर्छ, धेरै लगाउदा गन्हाउने गर्छ - मोजा

१९२) भिरमा लड्छु भन्छे, तर लड्न सक्दिन -फुली

१९३) बिहान उठी दुई हातले उचाली आरी घोप्ट्याउछ - टोपी लगाउनु

१९४) महेरेको ट्याम्को एकै ठाउँ जम्मा - पटुका

१९५) बाले दिएको पटुकी गुथि नसकिने - पगरी

१९६) दिनभरी दाजुभाई मिलेर बस्छन् रातभरि दाजुभाई छुट्टिएर बस्छन् -दौराको तुना

१९७) ढोका भने एउटै कठा भने पाँच चाहिन्छ
जाडो याममा समयमै साँच - पञ्जा

१९८) जुरो बाध्ने मेरो काम तीन अक्षरको नाम
पहिलो अक्षर हटाए बाघभालुको बासस्थान - रिबन

१९९) घरपछाडि सर्प झुन्डिएको - कपाल बाँधेको

२००) गरीब जति सोरेर फ्याक्छन् धनी जति गोजीमा हाल्छन् । - रुमाल

२०१) एउटा खाल्टामा दुई लात हानेको - सुरुवाल र पाइन्ट लगाएको

२०२) अक्करको भिरमा एउटा बूढी चहै चहै - बुलाकी

२०३) तारेभिरमा सिर्के पहिरो - सिम्रीक लगाएको

२०४) चारचुच्चे मुख बुच्चे पानी खाई घाममा सुत्छे - रुमाल

२०५) झुम्रे चिल सग्लो मान्छे सुलुक्क निल -मेक्सी

२०६) हात छ खुट्टा छैन, जिउ छ आँखा छैन गर्दन छ टाउको छैन - कमिज

२०७) हुम्ला जान्छ जुम्ला तन्काउँछ - लगौँटी

२०८) खोला तरोकी राती गाई चुली पुगी झयाङ - पोते

२०९) सानी नानीको जिउभरि काँडा - काइयो

यहाँ १८५ को कथामा धार्नी न बिसौली भनी बजन केही नभएको वस्तु जसलाई दुइहात लगाएर उचालिन्छ । त्यो वस्तु टोपी हो भनि बताइएको छ । १९३ को कथामा पनि बिहान उठी दुई हातले आरी उचाली घोप्ट्याउँनुको अर्थ आरी भन्नाले टोपीलाई बुझिन्छ र टोपी टाउकामा लगाउनु भन्ने कुरा दर्शाइएको पाइन्छ । १८६ को गाउँखाने कथामा बाह्र हात लामो भएर पनि एकै ठाउँमा जम्मा हुने वस्तु पटुका हो भनी व्यक्त गरिएको छ । १८७ को गाउँखाने कथामा घाँटीबाट दुइ लुँदा झुण्ड्याएर लगाउँदा इज्जत बढ्ने वस्तुको रूपमा टाइलाई हेरिएको छ ।

यसैगरी १८८ को कथामा बाजा बजाउने, लगाउन हुने, गोलो भएर पनि त्यो बाजा, औंठी नभएर चुरा हो भनिएको पाइन्छ । १८९ को कथामा ठूलो भिरमा तारा भनेर भीरको रूपमा निधार र ताराको रूपमा टिका गरी निधारको टिकालाई भिर र ताराको रूपमा बताइएको पाइन्छ । १९० को गाउँखाने कथामा गोलो वस्तु सेल नभएर त्यो नेल पनि नभएको र त्यो वस्तु चुरा भएको उल्लेख गरिएको पाइन्छ । १९१ मा कतै जाँदा लगाउनुपर्ने र धेरै लगाउँदा गन्हाउने वस्तु मोजा हो भनिएको छ भने १९२ मा भिरमा छ लड्छु भन्छ लड्दैन भनेर नाक र नाकमा लगाइएको फूलीलाई बताइएको छ । यसैगरी १८४ को कथामा महेरेको ट्याम्को भनेर पटुकालाई जनाइएको छ र १९५ मा बाले दिइएको पटुकी बनेर पगरीलाई भनिएको हो । यसैगरी १९६ दिनभरी दाजुभाइ मिलेर बस्छन् रात भरी छुट्टिएर बस्छन् यसमा दाजुभाई भनेर दौराको तुनालाई भनिएको हो । एउटै ढोका र कोठा पाँच भएको र जाडो याममा लगाउन साँच्नुपर्ने वस्तु पञ्जा हो भनी १९७ को गाउँखाने कथामा उल्लेख गरिएको छ । १९८ मा जुरो बाँध्ने काममा प्रयोग गरिने तीन अक्षरको शब्द रिबन हो । जसको पहिलो अक्षर हटाउँदा वनबन्छ भनी बताइएको पाइन्छ । घर पछाडि भनी घरलाई टाउको र सर्प भनेर कपालको चुल्ठोलाई घर र सर्पसंग दाँज्दै घर पछाडि सर्प झुण्डिएको भनि १९९ मा दर्शाइएको छ । २०० को गाउँखाने कथामा गरीवले सोहोरेर फ्याक्ने र धनीले गोजीमा हाल्ने वस्तु भनेर रुमाललाई भनिएको छ । भने २०१ को कथामा एउटा खाल्टामा दुई लात हानेको भनेर सुरुवाल वा पाइन्ट लगाइएको भनिएको छ । अक्कर भनेर नाक र त्यसको टुपपामा एउटी बुढी चहैचहै भनेर बुलाकीलाई २०२ को कथामा बताइएको छ । तारे भिर भनेर निधार र टाउको जसमा सिर्के पहिरो भनेर सिम्रिक  लगाइएको भनी २०३ को कथामा व्यक्त गरिएको छ । २०४ को कथामा चारवटा चुच्चा भएको मुख नभएको पानी खाएर घाममा सुत्ने वस्तुको रूपमा रुमाललाई दर्शाइएको छ ।

यसैगरी २०५ को कथामा झुम्रे चिलको रूपमा एक कपडालाई भनिएको छ । भने सग्लो मान्छे सुलुक्कै निल्ने कपडा भनेको मेक्सी हो भनिएको छ । २०६ को गाउँखाने कथा हात,जिउ र गर्दन भएको तर खुट्टा, आँखा, र टाउको नभएको वस्तु कमिज हो । भनि भनिइएको छ । २०७ मा हुम्ला गएर जुम्लालाई तन्काउने वस्तु लँगौटी हो भने २०८ को कथामा खोला तरेकी राती गाईको रूपमा पोत जो चुली पुगी भञ्ज्याङ आइ भनि पोते लगाइएको अवस्थालाई दर्शाइएको छ। २०९ को गाउँखाने कथामा सानी नानी जसको शरीरभरि काँडैकाँडा छ त्यस वस्तुको नाम काँइयो हो भनि बताइएको पाइन्छ ।

## ४.१० गाउँखाने कथामा खाद्यपदार्थको चित्रण

नेपाली लोक समुदायमा मानिसले खानपान गर्ने विभिन्न खाद्य वस्तुहरूलाई पनि गाउँखाने कथामा समाविष्ट गरिएको पाइन्छ । खानपानको रूपमा बनाइएको विभिन्नको परिकारहरू जसलाई विभिन्न उपनाम र उपमेयको रूपमा प्रयोग गर्दै गाउँखाने कथाको उत्तरभित्र समेट्ने जमर्को गरिएको पाइन्छ । अचार, कसार, गुड, घिउँ, गुन्द्रुक, भात चिउरा, दही माही, सेलरोटी आदि वस्तुहरूलाई पनि गाउँखाने कथाको उत्तरमा समावेश गरिएको पाइन्छ । यसका केही उदाहरणहरू यस प्रकार छन् ।

२१०) चुलबुले टारमा बुलबुले माटो, हातमा लुटुपुटु मुखमा गाँठो - कसार

२११) आमा झुम्री छोरी कुप्रि, नातिनी सलसलाउदी - गहत

२१२) रागको जरो भएपनि आठभित्र राख्छन्, रस तीतो भएपनि मिठो मानी चाख्छन्
- सुर्ती खैनी

२१३) संसार घुमे पनि आउँछ बस्न थुपुक्क गुन्द्रुकको झोल भेटे जान्छ सुलुक्क
- ढिंडो

२१४) दुई औलाले  समातेर मुखभित्र तानी भोक तिर्खा नमेटिए पनि मानिसले खानी
-चुरोट

२१५) चार जनाको घर हो त्यो पौष्ट्रिक तत्वको खानी दस भाई मिली खोस्छन् तानीतानी
-दूध दुहेको

२१६) हेर्दा पानी जस्तो रङ्ग सेतो हुन्छ स्वास्थ्य राख्न मद्दत गर्छ पोषिलो यो हुन्छ
- खरबुजा

२१७) रातो गुदी हरियो छाला घामा खाँदा शितल होला - दूध

२१८) तालमाथि उक्सदो माल, तल झाङ माथि झाल - पुरी पकाएको

२१९) सेतो हिउँ ताइमा राख्दा पग्लेर जाने - घिउ

२२०) बूढाबूढी कता गए कालथरी गाडेको तीन दिन भए - गुन्द्रुक गाडेको

२२१) बुढेसकालमा छोरो पायो बिरालो खायो थुक्क मट्याङ गाँठे बूढा दुःख मात्रै पायो
- केरा

२२२) बाल हुँदा हरियो बूढो हुँदा पहेंलो मरेपछि कलिलो - धान

२२३) फूल्दा चाँदी पाक्दा सुन - सुन्तला

२२४) कलिलोमा रमाई खान्थ्यो बूढो दार्दै मलाई

अहिले भन्छ छाँत छैन खान्छु सातु बनाई - मकै

२२५) जिरो हाल पिरो हाल मलाई नहाली मीठो हुँदैन - नुन

२२६) गोरु फुकाउन वन जाँदा गोब्रा गुइठाका दाना - मौरीको चाका

२२७) उल्टो पढ सुल्टो पढ अर्थ एकै हुन्छ

पकाई खाँदा मीठो लाग्छ तिहुन त्यसको हुन्छ - रहरको दाल

२२८) सेती गाई पानी खान गइ पानी खाइ आउँदा राती भइ -सेल रोटी पकाएको

२२९) बाहिर बोक्रो भित्र पानी त्यसलाई खान्छ मीठो मानी - पानीपुरी

२३०) फलेको कताकति नफलेको बाक्लै -चामल र बियाँ

यहाँ २१० को गाउँखाने कथामा चुलपुले टार भनेर हत्केला र बुलबुले माटो भनेर चामलको पीठो र खुदो मुछेर बनाइएको गिलो पीठो जसलाई सुकाएर कसार बनाइन्छ । यी सबै कुराले कसारलाई नै अर्थ्याएको छ । २११ को गाउँखाने कथामाा आमा झुप्री भनेर झाललाई भनिएको हो भने छोरी कुप्री भनेर कोसा र नातिनी भनेर त्यसभित्रको फल गहतलाई उल्लेख गरिएको छ । २१२ को गाउँखाने कथामा रोगको जरो मानिए पनि त्यसलाई मीठो मानी मानी ओठभित्र राख्ने गर्छ त्यो वस्तु सूर्ती र खैनी हो संसार घुमेपनि आएँछ बस्न थुपुक्क भनेको पिठो हालेर पकाए पछि थालमा थुपुक्क बस्ने र गुन्द्रुकको झोल भेटेपछि नचपाइकनै सुलुक्क निल्न सकिने वस्तु ढिँडो भनी २१३ को गाउँखाने कथामा बताइएको छ । यसै गरी २१४ को गाउँखाने कथामा दुइ औंलाले समातेर ओठेले चेपेर मीठो मानी मानी मानिसले खाने वस्तु चुरोट हो भनी उल्लेख गरिएको छ । चार जनाको घर भएको पौष्टिक तत्व पाइने तर दश भाई मिलेर खोस्ने वस्तु भनेर गाई भैंसीको दूध दुहेको भनेर २१५ को गाउँखाने कथामा उल्लेख छ भने २१६ को कथामा हेर्दा पानी जस्तै तर पदार्थ त्यसको रङ्ग चाँही सेतो भएको तर शरीर स्वास्थ्य राख्न मानिसले प्रयोग गर्ने वस्तु दूध हो । रातो गुदी भएको हरियो छाला भएको त्यसलाई घाममा खाँदा शितल हुने वस्तु खरबुजा हो भनी २१७ को कथामा व्यक्त गरिएको छ । २१८ को गाउँखाने कथामा ताल माथि उक्सँदो माल भनेर बेलेको रोटीलाई तातेको तेलमा राखेको अवस्थालाई दर्शाइएको छ भने तल झाङ र माथि झाल भनेर अनुप्रास मिलाई पुरी पकाएको भनी उल्लेख गरिएको छ । २१९ को गाउँखाने कथामा ताइमा राख्दा पग्लेर जाने सेतो हिउँको रूपमा घिऊलाई उल्लेख गरिएको छ । २२० को गाउँखाने कथामा का लथरीको रूपमा गुन्द्रुकलाई लिएको छ भने ३ दिनपछि झिक्ने अवस्था भनेको ओइलाएको सागलाई २ दिन गाडेर गुन्द्रुक बनाउने कुरालाई अर्थ्याउन खोजिएको छ । २२१ को गाउँखाने कथामा बुढेसकालमा छोरो पायो भनेको उमेर पूरा भएपछि भन्ने अर्थ र पाएको छोराछोरी सबै

बिरालोले खायो भन्ने अर्थ मानिसले खायो र पछि दुःख मात्रै पायो भनेर केराले एकै चोटीमा धेरै बच्चा जन्माउँछ र आफू मेरर जान्छ भनेर उल्लेख गरिएको छ । यसै गरी २२२ को गाउँखाने कथामा बालकमा हरियो बूढो हुँदा पहेंलो र मरेपछि कलिलो हुने बिरुवा धान हो भने फुल्दा चाँदी पाक्दा सुन भनेर सुन्तालालाई बताइएको कुरा २२३ मा उल्लेख गरिएको छ । २२४ को गाउँखाने कथामा कलिलोमा रमाइ खाने तार बूढो भएपछि दाँर्दै खाने र दाँत नभएको बेलामा सातु बनाई खाने वस्तु मकै भनी उल्लेख गरिएको छ । जिरो हाले पनि हाल पिरो हाले पनि हाल मलाई नहाली मीठो हुँदै भनी नुनलाई २२५ को गाउँखाने कथामा उल्लेख गरिएको छ । यसै गरी गोरु फुकाएर वन जाँदा गोब्रो गुइँठाका दाना भनी मौरीको चाका र उल्टो सुल्टो पढ्दा पनि एउटै शब्द हुने र पकाएर तिहुन खान मिल्ने वस्तु रहर हो भनी २२६ र २२७ मा उल्लेख छ । २२८, २२९ र २३० का सेती गाई भनेर लेदो पीठो र पानी भनेर तेल त्यसमा गएपछि रातै भएर आइ भनेर सेल पकाएको र बोक्रोभित्र पानी भएको वस्तु मानिसले मीठो मानी खाने गर्छन् त्यो वस्तु पानी पुरी हो अनी फलेको वस्तु कताकती नफलेको वस्तु चाही बाक्लै भनेर चामल र बियाँलाई उल्लेख गर्न खोजिएको पाइन्छ ।

यसरी गाउँखाने कथामा खाद्य पदार्थ सम्बन्धी विषय वस्तुहरू पनि उत्तरमा आउने गरी गाउँखाने कथा कथ्ने मेसो मिलाइएको पाइन्छ ।

### ४.११ गाउँखाने कथामा कार्य व्यपारको चित्रण

नेपाली लोक समुदायमा प्रचलित गाउँखाने कथाहरूमा मानिसले गर्ने हरेक कार्यलाई पनि समावेश गरिएको पाइन्छ । गाउँखाने कथामा यस्ता विषयलाई मानवीय र मानेवत्तर गरी दुई किसिमले व्यक्त गर्न सकिन्छ । मानवेत्तर वस्तुको प्रयोग गरिएतापनि ती सबै मानवीय कार्य व्यपार भित्र पर्दछन् । नेपाली गाउँखाने कथामा अक्षेता लगाएको, गोरु जोतेको, आगो बालेको, उखु खाएको उखु पेलेको, जुठो लोटाएको, पानी सारेको आदि विषय वस्तुहरू समावेश गरिएको पाइन्छ । यस्ता विषयवस्तुहरू समावेश गरिएको गाउँखाने कथा यस प्रकार छ ।

२३१) पुरुषले ठड्याउने महिलाले मुसार्ने -घर बनाएर लिपपोत गरेको

२३२) खटखट खटपाउँ तीन मुख दश पाउ - गोरु जोतेको

२३३) उठ्ने वित्तिकै दूलोभित्र हात हाल्नु - कपडा लगाउने

२३४) नौ दिनसम्म कोठाभित्र बस्छ
दश दिन हुनासाथ शिरमाथि चड्छ -जमरा

२३५) पानीभित्र रमाउँछिन जलपरी होइन,

सुन गेडी फलाउँछिन रुख भने होइन - धान

२३६) ठूलो भिरमा तारा जोडिएको -निधारमा टिका लगाउने

२३७) जति चिमोट्यो त्यति ठूलो - स्वीटर बुनेको

२३८) गैरावारी भुलभुले पानी झ्वाम्म खस्दा रूप फेर्ने बानी - जेरी पकाएको

२३९) किलो आयो डोब आएन - मूला उखलेको

२४०) टाउकोतिर आगो राखी गोडातिर पानी
पेटतिर प्वाल पारी मुखभित्र तानी - तमाखु खाएको

२४१) सम्धीज्युको पाहुनलाई कोची कोची खुवाउँला
अरु चिल्लो बनाउन धकेलेर पठाउँला - कोलमा तेल पेलेको

२४२) सानी नानी बुद्रुक बुद्रुक गर्दै भातका सिताले पेट भर्छे - जेठो लोटाएको

२४३) वारी धारो पारी धारो तिम्रो बाबुलाई दाँतले दार्‍यो,
जाऊँ जाऊँ हेर्न कस्तो पार्‍यो हेर्न जाँदा झण्डै मार्‍यो -काठ चिरेको

२४४) तँलाई लिन आएको म किन आएको तँ
छोड्दे बाटो मलाई लिन आएको तँलाई - वर्षामा पानी लिन आएको

२४५) अन्त पानी पेटमा थुनी बस्छ अग्नीमाथि आन्दोलन पेटमा हुँदा बजाउँछ सिटी
- प्रेसर कुकरमा खाना पकाएको

यहाँ २३१ को गाउँखाने कथामा पुरुषले घर बनाउँछ तर महिलाले घरलाई लिपपोत गर्छन् भनिएको छ । २३२ को गाउँखाने कथामा तीन मुख र दश पाउ भन्नाले गोरुको ५ खुट्टा र मानिस २ वटा गरी दश पाउ हल गोरुको २ मुख र हलीको १ मुख गरी ३ मुख हुँदा गोरु जोतेको अवस्थालाई दर्शाइएको पाइन्छ । नौ दिनसम्म कोठाभित्र बस्ने र दश दिनको दिन शिरमा बस्ने जमरा भनेर २३४ को गाउँखाने कथामा भनिएको छ भने उठ्ने बित्तिकै दूलाभित्र आत आल्नु भनी कपडा लगाउँनुलाई भनिएको पाइन्छ । यो २३३ को गाउँखाने कथामा छ । २३५ को कथामा पानीभित्र रमाउने सुनगेडी फल्ने त्यो रुख नभएर धान हो भनिएको छ । २३६ मा ठूलोभिर भनेर निधार त्यसमाथि तारा जोडिएको भनेर टिकालाई उल्लेख गरिएको छ । २३७ को गाउँखाने कथामा जति चिमोटियो त्यति ठूलो भनेर स्वीटर बुनेको अवस्थालाई उल्लेख गरिएको छ । २३८ मा भुलभुले पानी भनेर कराइमा तताइ राखेको तेल र झ्याम्म हामफल्दा रूप फेर्ने भनेर जेरी पकाउँदाको अवस्थालाई दर्शाइएको छ ।

त्यस्तै २३९ को गाउँखाने कथामा किलोको रूपमा मुलालाई र डोब भनेको मुला उखेलेको ठाउँको रूपमा हेर्दै मुला उखेलेको अवस्थालाई यसमा दर्शाइएको छ । २४० को कथामा टाउको तिर आगो राखी गोडातिर पानी पेटतिर प्वाल पारी मुखभित्र तानी भनेर तमाखु खाएको भनी उल्लेख गरिएको छ । २४१ मा सम्धीज्यूको पाहुनालाई कोची, कोची खुवाउने वस्तु तोरी हो र अरु चिल्लो बनाउन धकेलेर पठाउने वस्तु तेल हो । भनी उल्लेख गरिएको छ । २४२ सानी नानी बुद्रुक बुद्रुक गर्छे भातका सीताले पेट भर्दै भनी जुठो लोटाएको कुरा व्यक्त गरिएको छ । २४३ को गाउँखाने कथामा वारी र पारी धारो भएको वस्तु आरो हो र तिम्रो बाबुलाई भनेर काठलाई जनाइएको छ भने हेर्न जाँदा झन्डै मार्‍यो भन्दा काठ चिरेको अवस्था दर्शाइएको छ । यसैगरी २४४ तँलाई लिन आएको किन आएको त छोड्दे बाटो मलाई लिन आएको तँलाई भनेर पानी लिन गएको बेला आएको वर्षाको पानीलाई बताइएको पाइन्छ । २४५ को गाउँखाने कथामा अन्नपानी पेटमा राखी आग्नी माथि बस्छ भनेर पकाउने कुरा सबै मिलाएर आगो बसाल्न राखिएको प्रेसर कुकरलाई नै अंकित गरिएको पाइन्छ ।

यसरी मानिसले दैनिक जीवनमा गर्ने कार्य व्यापारलाई पनि गाउँखाने कथामा समावेश गरिएको पाइन्छ ।

## ४.१२ गाउँखाने कथामासमाज र सँस्कृतिको चित्रण

नेपाली लोक समाजमा चलन चल्तीमा आएका सामाजिक मूल्य र मान्यता तथा साँस्कृतिक मूल्य मान्यता र सन्दर्भ परिस्थितिलाई पनि गाउँखाने कथाको विषयवस्तु भित्र उनिएको पाइन्छ । नेपाली समाजको रीतिस्थिति चालचलन परम्परा सँस्कृतिका विषयवस्तु हरू गाउँखाने कथाको उत्तरमा समावेश गर्ने मेसो मिलाइएको पाइन्छ । पूजापाठ गर्नु, शिव गणेश, देवीदेवता, बलिदिनु, अक्षताको टिको, लगाउनु, जमरा लगाउनु, औँठी लगाएर घर माइत गर्नु जस्ता विषयवस्तुलाई गाउँखाने कथामा समावेश गरिएको छ ।  यसका केही उदहारण यस प्रकार छ :

२४६) हिड्-पहँली माइत जाम के हो -औँठी

२४७) अग्लो पहरामा गुराँस फूलेको - अक्षेताको टिको

२४८) आयो नाठो छिरायो गाँठो मलाई भइहाल्यो ऊ गइहाल्यो के हो ? - चुरा लगाएको

२४९) नौ दिनसम्म कुना बस्छ, १० दिनमा टाउको चढ्छ - जमरा

२५०) बोकेको मेरो भाई हो यसको बाउ मेरो पोइ हो ? - पुसाजु

२५१)  जाने जाँन नजाने नजान दुई जना सुत्दा वाइसवटा कान के हो - रावण र मन्दोदरी

२५२)  जाँदाखेरी सँगै हिड्थ्यो आउँदाखेरी फर्कदैन के हो  -बलि चढाएको बोको

२५३)  सुड छ हात्ती होइन, हात खुट्टा छ मान्छे होइन  -गणेश

२५४)  काँधमा छिराएर कम्मरतिर झार्नु, पहिलोपल्ट लगाउन कपाल जम्मै फाल्नु के हो -जनै

२५५)  टाटे पहरामा त्रिशुल के हो ?  - वैष्णवको टिको

२५६)  आदेश यसको मान्नै पर्छ, प्रशासन त्यो होइन,

घुमीघुमी उधुम गर्छ, रूप देखिदैन के हो  -यमराज

२५७)  पवित्र घरको धूरीमा सोली घोप्ट्याएको के हो ? -मन्दिरको गजुर

२५८)  एकदिन सबैले भोग्नै पर्ने मार्दा नमर्ने  - काल र मृत्यु

२५९)  सातै लोक तलमाथि अन्त कहीँ हुन्न

नेपालमा मात्र हुने यो के अचम्म के हो  - शालिग्राम

२६०)  राजाकी छोरीराम्रो छ, नाउँ शिरमा चढाई माइत जाउँ के हो ? –कलश

२६१)  मुखमा सुपारी ओठमा पान दुइवटा मान्छेका वाइसवटा कान के हो ?

- रावण र मन्दोदरी

२६२)  फूलैफूल नहोस पात झुल्छ यही पात

पूजा आजामा खुब चल्छ के हो ?  - बर/पिपल

यहाँ २४६ को गाउँखाने कथामा पहैँलो भनेर सूनलाई वा विशेष औँठीलाई भनिएको छ । किनभने घर माइती गर्दा महिलाले औँठी लगाउने गर्छिन् । त्यसैले यहाँ महिलालाई नै संकेत गरिएको हो किन कि माइत जाम भन्ने पदावली समेत प्रयोग भएकाले महिलाले लगाउँने औँठीलाई अंकित गर्न खोजिएको छ । २४७ को गाउँखाने कथामा अग्लो पहरा भनेर निधार र गुराँस सबै समय फुल्दैन एक समय मात्र फुल्छ त्यसैले अक्षताको टिको पनि कहिले काहिँ लगाइन्छ । त्यसलाई अंकित गरी अक्षताको टिको भन्न खोजिएको छ । २४८ आयो नाठो छिरायो गाँठो मलाई भइहाल्यो ऊ गहाल्यो भनेर चुरा बेच्ने मानिसले लगाई दिएको चुरालाई उल्लेख गरिएको छ । २४९ को गाउँखाने कथामा नौ दिनसम्म कोठामा बस्ने र दशौँ दिनमा टाउकामा चढ्ने वस्तु भनेर हामीले दशैँमा घटस्थापनाको दिन दशैँघरभित्र राखेको जमरा दशमीको दिन विधिवत रूपमा पूजा गरी प्रसाद स्वरूप  लगाउँछन् त्यही जमरालाई चिनाउँन खोजिएको हो । २५० को गाउँखाने कथामा बोकेको मेरो भाइ हो त्यस्को बाउ मेरो पोइ हो भनी पुसाजुलाई उल्लेख गरिएको छ । २५१ र २६१ कोगाउँखाने कथाले दुईजना मान्छेको वाइसवटा कान भनेको अरु कोही हाइन ती दुई जन ारावण र मन्ददरी हुन् । भनी उल्लेख

गरिएको छ २५२ को कथामा जाँदा सँगै लिएर गएको तर फर्किंदा त्यो फर्कन भनेर बलि चढाउने बोकालाई भनिएको हो किनभने जाँदासँगै लगिन्छ । तर फर्किंदा रित्तै आइन्छ । यसै अवस्थालाई दर्शाउन खोजिएको हो । २५३ को गाउँखाने कथामा सुड भएको हात्ती नभएर खुट्टा मानिस नभएर त्यो गणेश हो जसको हात्तीको जस्तै सुड छ त्यसैले यसले गणेशलाई नै भन्न खोजिएको हो । २५४ को गाउँखाने कथामा काँधमा छिराएर कम्मरतिर झार्ने तर, त्यो पहिलो चोटी लगाउनु पुरै कपाल फाल्नु पर्ने भनेर ब्रतवन्ध र चूँडा नगरिकन जनै लगाउन नमिल्ने भएकोले यो जनैलाई नै भनिएको हो । २५५ को गाउँखाने कथामा टाटे पहरामा त्रिशुल भनेर वैष्णवहरूले निधारमा चन्दन लगाउँदा अंग्रेजीको यु आकारमा लगाउँछ त्यसैलाई संकेत गर्न खोजिएको हो । २५६ को कथामा प्रशासन नभएपनि आदेश मान्नै पर्नेत्यस्तो आदेश गर्ने व्यक्ति अरु कोही नभएर यमराज हो। भनिएको छ । २५७ को कथामा पवित्र घर भनेर मन्दिरलाई भनिएको छ भने धुरीमा सोली घोप्ट्याएको भनेर मन्दिरको गजुरलाई चिनाउन खोजिएको हो । २५८ को कथामा एकदिन सबैले भोग्नुपर्ने टारेर नटर्ने वस्तु के हो भन्ने सन्दर्भमा काल र मृत्युलाई नै उल्लेख गरिएको छ । २५९ को गाउँखाने कथामा सातै लोकमा कही पनि नहुने तर नेपालमा मात्र पाइने वस्तु शालिग्राम हो भनी उल्लेख गरिएको छ । २६० को गाउँखाने कथामा राजीकी छोरी राम्री छिन् । नाउँ शिरमा राखी माइत जाउँ भनी शिरमा राख्ने वस्तुको रूपमा कलशलाई उल्लेख गरिएको छ । २६२ को गाउँखाने कथामा फूल भएपनि पात झुल्ने र त्यही पात पूजा आजामा काम लाग्ने वस्तु वरपिपल र वेलपत्र हो भनी उल्लेख गरिएको छ ।

यसरी रीतिरिवाज, धर्म, परम्परा, सामाजिक मूल्य र मान्यतालाई गाउँखाने कथाको विषयवस्तु बनाइएको पाइन्छ ।

### ४.१३ निष्कर्ष

धादिङ जिल्लाको ग्रामीण वस्तीमा रहेको समुदायबाट संकलन गरिएको गाउँखाने कथाहरूको अध्ययनमा नेपाली गाउँखाने कथाले विभिन्न विषय क्षेत्रलाई स्थान दिइएको पाइन्छ । विश्व ब्रह्माण्डमा पाइने र मानिसले देखेका भोगेका विषयवस्तुहरूलाई मानिस आफैंले कथेर कथा हाल्ने गरेकाले नेपाली समुदायमा यसको लेख्य भन्दा कथ्य रूप नै बढी पाइन्छ । विश्व ब्रह्माण्डका स्थूल वस्तुहरू आकाश सूर्य, तरालाई, थाल, रोटी, चकटी, कनिका, चउर, फूलौरा, दिदी बहिनीसँग दाँजिएको पाइन्छ । ठूला साना वस्तुको रूपमा हेरेर वास्तविक जीवनसँग दाँजिएको पाइन्छ । ठूला, साना, वस्तुको रूपमा हेरेर वास्तविक जीवन र जगतलाई हेर्ने र बुझ्ने गरिएको छ । नेपाली गाउँखाने खाने कथामा विश्व ब्रह्माण्डका आकाश, तारा, सूर्य,

चन्द्र, इन्द्रेणी, असिना, तुसारो, भुईचालो, बादल, हावा, आगो, पानी, डढेलो, पहिरो हिउँ, हिमाल, जस्ता प्राकृतिक वस्तुलाई पनि गाउँखाने कथाभित्र समेटिएको छ । यस्तै प्रकृतिमा पाइने विभिन्न किराफट्याङ्गाहरू जस्तैः अजिङ्गर, अरिङ्गाल, उपियाँ, कछुवा, काग, कुकुर, खजुरो, गँगटो, गाई, भैंसी, हात्ती, गैडाँ, घुन, चमेरो, बाँदर, चिप्लेकिरा, भ्यागुता, मयुर, आदि प्रकतिमा पाइने विभिन्न किरा फट्याङ्गा जीवजन्तु पशुपन्क्षीहरूलाई पनि गाउँखाने कथामा समेटिएको पाइन्छ ।

यसैगरी गाउँखाने कथामा मानव र मानव शरीरका अङ्ग प्रत्यङ्ग, प्राकृतिक र कृषिजन्य, वनस्पति परम्परागत र नवीन मानव निर्मित वस्तु मान्छेका आजिविका वा बन्दव्यवसाय भेषभूषा र आभुषण खानपान, जस्ता विषयवस्तु प्राणीलाई समेत नेपाली गाउँखाने कथामा कथ्य विषय बनाइएको पाइन्छ । खासगरी आग्लो लगाएको, आगो बालेको, उखु खाएको, उखु पेलेको, ऐसेलु खाएको, बनाएको, कपडा सिएको, कपाल काटेको, कपाल कोरेको, कपास फुटेको काठ चिरेको, कुकुर भुकेको, कुचो लगाएको, जुत्ता लगाएको, जुम्रा मारेको, जुम्रा हेरेको, जोतेको, तमाखु खाएको, तोरी पेलेको, टपरी खुटेको, टोपी लगाएको, डढैंलो लगाएको, डोको बुनेको, दाउरा चिरेको, दिसा गरेको, बन्दुक पड्काएको, मकै भुटेको, रोटी पकाएको, सूर्ती माडेको जस्ता कार्य व्यापारलाई नेपाली गाउँखाने कथामा कथ्य विषय बनाइएको पाइन्छ ।

नेपाली गाउँखाने कथामा ढिँकी, जाँतो, आँसी, चस्मा, प्रेसर कुकर, हुलाक टिकट, हवाइजहाज, मोटरगाडी, कम्प्युटर जस्ता वैज्ञानिक आविष्कारका वस्तुहरू क्यामारा, ट्युवलाइट लगायतका प्राविधिक वस्तुहरूलाई पनि गाउँखाने कथाको कथ्य विषय बनाइएको छ भने गाउँखाने कथामा मानिसले निर्माण गरेका वा उतपादन गरेका वस्तुहरूलाई पनि समावेश गरिएको छ । कनिगुजि, लाही, सिंगान, जस्ता अखाद्य वस्तुलाई खुदो कटहर, दही जस्ता खाद्य वस्तुको रूपमा हेरिएको पाइनछ । यसैगरी हलेदो, निबुवाको बोक्रालाई सुन, निबुवाको भित्री भाग र मूला तथा अदुवालाई चाँदी फापरलाई फलाम, मसुरोलाई तामाका रूमा दाँजिएको छ । आगोलाई बोक्सीको घोडाको रूपमा, बाँसलाई बेहुलीको रूपमा हात्तीलाई नेपाले भैसींको रूपमा हेरिएको पाइन्छ ।

यसरी गाउँखाने कथालाई केलाउँदै जाँदा विश्व ब्रह्माण्डका ठूला साना वस्तु विषय प्राणी र मानव मानवेत्तर प्राणीका हरेक क्रियाकलापहरू गाउँखाने कथाभित्र राखिएको छ । यस्तो दृष्टिकोण सामाजिक र साँस्कृतिक सन्दर्भबाट विकास भएको हो, त्यसैले यसलाई जान्न बुझ्न नेपाली सामाजिक साँस्कृतिक सन्दर्भ र परिस्थितिलाई बुझ्नु पर्ने हुन्छ । नेपाली गाउँखाने कथा सामाजिक रीतिरिवाज चालचलन परम्परा तथा साँस्कृतिक पर्व विशेषका क्रियाकलापहरू समेटिएको विशेष कथ्य विषयको रूपमा हेरिएको पाइन्छ ।

## परिच्छेद : पाँच

## उपसंहार

### ५.१ धादिङ जिल्लमा गाउाखाने कथाको प्राप्ती

मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने वाग्मती अञ्चलका आठ जिल्ला मध्ये धादिङ जिल्ला पनि प्राकृतिक सौदर्न्यले भरिपूर्ण जिल्ला हो । यस जिल्लाको बनोटमा हिमाली प्रदेश, डाँडा पाखा र जंगल एवं विभिन्न टार रहेका छन् । यो जिल्ला धार्मिक, ऐतिहासिक सामाजिक एवं सांस्कृतिक दृष्टिकोणले पनि महत्वपूर्ण स्थानको रूपमा रहेको छ । शैक्षिक क्षेत्रलाई नियाल्दा यस जिल्लामा ५६ वटा माध्यमिक विद्यालयहरू १० वटा नीजि तथा आवासीय विद्यालयहरू १५ वटा उच्च माध्यमिक विद्यालयहरू संचालनमा आएका छन् भने ४ वटा स्नातक तहको पढाई हुने क्याम्पस पनि संचालन हुनुका साथै जिल्लामा २ वटा स्नातकोत्तर तहको पढाइ हुने क्याम्पस पनि संचालन भएको छ । धादिङ जिल्ला प्राकृतिक दृष्टिकोणले पनि सुन्दर र रमणीय मानिनुका साथै मध्यामाञ्चल क्षेत्रको एउटा महत्वपूर्ण स्थलको रूपमा रहेको छ । काठमाडौं पोखरा पृथ्वी राजमार्गको झण्डै १०० कि.मि. बाटोले यस जिल्लालाई छोएको छ । राजधानीबाट लगभग ८५ कि.मि. उत्तरपूर्वी सिमानामा धादिङ जिल्लाको सदरमुकाम धादिङबेंसी रहेको छ । यस जिल्लमा हिमाली र पहाडी भेगमा हुने विभिन्न थरीका पशु पन्छीहरू पाइन्छन् । जातिय विविधता रहेको यस जिल्लामा सभ्यता लोकसंस्कृतिका क्षेत्रमा केही भिन्नता भने पाइन्छ । यही लोकसंस्कृतिको सेरोफेरोमा हुर्किएको लोकजीवनमा सुनिने र भनिने गाउँखाने कथाहरू नै धादिङ जिल्लाको गाउँखाने कथाको रूपमा रहेकाछन् ।

धादिङ जिल्लाका गाउँखाने कथाहरूमा मानवीय जनजीवनमा दैनिक प्रयोगमा आउने प्रकृति विश्व ब्रमाण्डका विभिन्न वस्तुहरू खाद्यान्न, लत्ताकपडा, आदि समसामयिक र प्रविधिसंग सम्बन्धित बस्तुहरूलाई प्रतीक र बिम्बको प्रयोगले छपक्क छोपेको पाइन्छ । यसरी गाउँखाने कथाहरू एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै सर्दै परिस्कृत परिमार्जित हुँदै विकास भएको हो । गाउँखाने कथामा विषयहरू परम्परागत खालका मात्र नभइ आधुनिक विज्ञान र प्राविधिसंग मेल खाने विषयहरू पनि समेटिएको छन् । घरायसी काम गर्दा दिक्क भई फुर्सदको समयलाई सदुपयोग गर्न र साना बालबालिकाहरूमा बौद्धिक चिन्तन सीपको विकास गराउन समेत यहाँ गाउँखाने कथाको प्रयोग भएको छ । मानिसले दैनिक रूपमा प्रयोग गर्ने विभन्न वस्तुहरू उत्तर आउने गरी बिम्ब र प्रतीकहरूको प्रयोग गरेर गाउँखाने कथाहरू भन्ने गर्दछन् । जसले उत्तर भन्न नसकोस् केही समय सोच्न परोस् भन्ने गरी गाउँखाने कथा कथ्ने र भन्ने गरिन्छ ।

धादिङ जिल्लामा प्रचलित गाउँखाने कथाहरूमा पश्चिमी भेग तिरका जस्तै केही गाउँखाने कथाहरू गीति लयमा आधारित वा कवितात्मक शैलीमा रहेको यसले प्रश्नकर्ता र

उत्तरकर्ताहरूलाई कथा भनूँ भनूँ उत्तर छिटो छिटो दिइहालूँ जस्तै बनाउँछ । कतिपय गाउँखाने कथाले यस्ता वस्तुहरूलाई उत्तरमा समेटेको छ । विज्ञान प्रविधि र वर्तमान समय सापेक्षमा प्रयोग हुने विभिन्न वस्तुहरू गाउँखाने कथामा आउने गर्दछन् । बीचको अवस्थामा झण्डै झण्डै लोप हुन लागेको गाउँ खाने कथाहरू आजभोलि विभिन्न विद्यालय संघ संस्थाहरूमा विभिन्न समूह बनाई प्रतिस्पर्धात्मक रूपमा पनि कार्यक्रमहरू सञ्चालन गरी गाउँखाने कथालाई विशेष स्थान दिन थालेको पाइन्छ । धादिङ जिल्लाको सदरमुकाम धादिङबेसीमा क्रियाशील तीनवटा रेडियोहरूले पनि गाउँखाने कथा भन्ने र त्यसको उत्तर फोन मार्फत स्रोतावर्गबाट माग्ने गरी कार्यक्रम संचालन भइरहेको पाइन्छ । यसले गर्दा विद्यार्थी वर्गमा र साना-साना बालबालिकामा पनि गाउँखाने कथाप्रति विशेष अभिरुचि बढेको पाइन्छ ।

यस जिल्लामा गाउँखाने कथामा प्रयोग भएको भाषाशैली झण्डै हाम्रो लेख्य भाषा जस्तै परिस्कृत र परिमार्जित स्वरूपको छ तापनि यी सबै भाषाहरूलाई कथ्य रूपमा नै बोलिन्छ । कहिँ कहिँ पश्चिमी क्षेत्रमा प्रचलित हुने भाषलाई पनि प्रयोग गर्ने गर्दछन् । यहाँका अधिकांश गाउँखाने कथाहरूमा स्थानीयताको प्रभाव यथेष्ट परेको पाइन्छ ।

## ५.२ निष्कर्ष

निष्कर्षमा के भन्न सकिन्छ भने धादिङ जिल्लामा प्रचलित गाउँखाने कथाहरूमा सामान्य भाषिक अभिव्यक्ति नभएर विशष्ट भाषिक अभिव्यक्तिको प्रयोग भएको छ भने त्यसलाई विशष्ट तुल्याउने कारकतत्वका रूपमा लक्षणा आलङ्करिकता र लयात्मकता पनि रहेका छन् । गाउँखाने कथाको यस काव्यात्मक स्वरूपले गर्दा गाउँखाने कथाहरु झनै प्रभावकारी र रोचक बनेका पाइन्छन् ।

धादिङ जिल्लामा संकलित गाउँखाने कथामा स्थानीय भाषिक कथालाई विभिन्न वाक्यात्मक संरचनामा ढालिएका छन् । सम्बोधनार्थ प्रयुक्त शब्द, थेगो, जस्ता पूर्वेली वर्गको पर्वती भाषिकागत वैशिष्ट्यलाई प्रकट गरेका छन् । उच्चारण गत रूपमा भाषा सरल र वोधगम्य देखिएका छन् । क्रिया भएका र नभएका गाउँखाने कथाहरूमा कथाले पनि खासै भिन्नता देखिँदैन क्रियापद नभएका गाउँखाने कथाले पनि क्रियापद भएका सरह अर्थबोध गराएका छन् । संकलित गाउँखाने कथामा कवितात्मकता लयात्मक अभिलक्षण रहेका छन् ।

संकलित गाउँखाने कथामा वाक्य परम्परा सरल वाक्यात्तमक संयुक्त र मिश्र वाक्यात्मक रहेका छन् भने अर्थका दृष्टिले सामान्यार्थ, आज्ञार्थ, इच्छार्थ, सम्भावानार्थ र प्रश्नार्थ रहेका छन्

। समान्तरताले गर्दा संकलित गाउँखाने कथाहरूमा भाषिक वैशिष्ट्यमा अभिवृद्धि भएको छ । वाक्यात्मक संरचनाका दृष्टिले संकलित गाउँखाने कथामा विरोधी र अविरोधी एकल वर्णनात्मक र बहुवर्णनात्मक समीकरणमुखी र परिचयात्मक उपस्थित विषयक संरचना रहेका छन् ।

धादिङ जिल्लमा प्रचलनमा रहेका केही गाउँखाने कथाहरू धेरै ठाउँमा प्रचलनमा रहेका छन् । जसलाई बहु प्रचलन भनिएको छ । भने कतिपय एउटै विषयवस्तु र कार्यव्यापारका बारेमा अनेक रूपका गाउँखाने कथा देखा परेका छन् । जसलाई यहाँ विविधता भनिएको छ । त्यसैले गाउँखाने कथामा बहुप्रचलन पनि छ र विविधता पनि छ । समयको परिवर्तनसँगै नेपाली लोक समुदायले नयाँनयाँ बस्तु र विषयलाई उपयोग गर्दै आएको छ । भने समयक्रममा त्यस्ता वस्तु र विषयलाई हेर्ने दृष्टिकोणको विकास गरी नयाँ नयाँ गाउँखाने कथा समेत देखा परेका छन् ।

धादिङ जिल्लामा प्रचलित गाउँखाने कथामा नेपाली लोक समुदायको जीवन र जगत् तथा तिनका वस्तु र विषयलाई हेर्ने विश्वदृष्टि व्यापक रूपमा प्रकट भएको छ । नेपाली लोक समुदायको परम्परागत मूल पेशा कृषि भएकोले कृषि जन्य वस्तु विषय र वनस्पतिका बारेमा सघन रूपमा विश्व दृष्टि प्रकट भएको छ । भने विश्व ब्रहाण्डका ठूलासाना तमाम वस्तु विषय र कार्यवयापारका बारेमा पनि नेपाली लोकसमुदायको विश्वदृष्टि प्रकट भएको छ। यस्तो दृष्टिकोण सामाजिक सांस्कृतिक सन्दर्भमा विकसित हुने भएकाले यसलाई बुझ्नुपर्ने हुन्छ ।

नेपाली लोकसमुदायबाट श्रृजित तथा श्रुतिपरम्परामा परिस्कृत परिमार्जित हुँदै एक व्यक्तिबाट अर्को व्यक्तिमा र एक पुस्ताबाट अर्को पुस्तामा सर्दै निरन्तर जीवन्त रहँदै आएको नेपाली गाउँखाने कथाको सम्बृद्ध परम्परा रहेको छ । गाउँखाने कथा लामो समयदेखि मौखिक परम्परामा प्रवाहित भइ आएको नेपाली जातिको बौद्धिक र सांस्कृतिक सम्पदा हो । आफ्नै विशिष्ट कथन ढाँचा भएको नेपाली गाउँखाने कथा विभिन्न वर्ग र लोक समुदायको बीच सम्पादन भई आएको छ । स्थानीय काथ्य भाषा र भाषिकमा अभिव्यक्त भए पनि गाउँखाने कथा विशिष्ट र आलङ्कारिक रहेको छ र यसको आफ्नै वाक्यात्मक संरचना छ । यसमा लोक समुदायको मान्यता र विश्वदृष्टि प्रकट भएका छन् । पुराना गाउँखाने कथाहरू हराएर जाने सम्भावना देखिए पनि नयाँनयाँ गाउँ खाने कथाहरू प्रयोग र प्रचलनमा आइरहेबाट धादिङ जिल्लाको गाउँखाने कथा पछिसम्म नेपाली लोकसमुदायका बीच रहिरहने विश्वास गर्न सकिन्छ ।

## सन्दर्भ सामाग्री


अधिकारी, हेमङ्गराज : ***प्रयोगात्मक नेपाली शब्द कोश*** , विद्यार्थी प्रकाशन ।

आ.दि,. राममणि (२०२७) ***उखान संग्रह*** , जगदम्बा प्रकाशन : ललितपुर ।

कर्मा, लिला सिंह (२०२०) ***हाम्रो उखान र पूर्खाको बखान,*** काठमाडौं: रोयल नेपाल एकेडेमी ।

गिरी, जीवेन्द्रदेव २०५८ ***नेपाली लोक साहित्यको अवलोकन*** , काठमाडौं : एकता प्रकाशन ।

घिमिरे, माधव (२०५२) ***बाला लहरी*** , ललितपुर : साझा प्रकाशन ।

घिमिरे, माधव (२०५३) ***सुनपङ्खी चरी,*** काठमाडौं : एकता बुक्स डिस्र्टिब्युटर्स ।

तमोट, रत्न बहादुर (२०३३) ***गाउँखाने कथा*** , बुढानीलकण्ठ स्कुल ।

देवकोटा, रत्नाकर (२०५८) ***केन्द्रीय नेपाली भाषिका उखान र गाउँखाने कथा,*** काठमाडौं : साझा प्रकाशन ।

थापा, धर्मराज (२०१४) ***गाउँखाने कथा डाँफेचरी फूल ३ रुख ४ शिशिर*** ।

नेपाल, यात्री पूर्णप्रकाश (२०४१) ***भेरी लोक साहित्य*** , काठमाडौं : ने.रा.प्र.प्र. ।

नेपाल, अर्जुन (२०५८) ***गाउँखाने कथा,*** काठमाडौं धरान : एन.वि.डी प्रकाशन ।

न्यौपाने, दैवज्ञराज ***गाउँ खाने कविता*** , चौथो संस्करण ललितपुर ।

पराजुली, कृष्ण प्रसाद ( ***२०५७) नेपाली लोक गीतको आलोक,*** काठमाडौं : वीणा प्रकाशन

पराजुली, मोतिलाल (२५५) ***नेपाली लोककथाका अभिप्रायहरूको,*** अध्ययन त्रि.वि. विद्यावारिधि शोध प्रबन्ध ।

पाण्डे, रामकुमार (२०२६) ***गाउँखाने कथा,*** काठमाडौं : अमृतमान खाक्टी ।

पोखरेल, बालकृष्ण र अन्य (२०४०) ***नेपाली बृहत शब्दकोश,*** काठमाडौं : नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान ।

पराजुली, कृष्णप्रसाद (२०३९) ***नेपाली उखान र गाउँखाने कथा,*** काठमाडौं : रत्न पुस्तक भण्डार ।

पराजुली, कृष्णप्रसाद (२०४०) ***नेपाली अध्ययन तथा अभिव्यक्ति,*** दोस्रो संस्करण काठमाडौं : लालीगुराँस प्रकाशन

पौड्याल, शिवप्रसाद (२०६१) ***नेपाली गाउँखाने कथा कोश,*** सुशील पौड्याल र श्रद्धा पौड्याल हर्दिनेहा ४ गुल्मी ।

प्रसाई, भरतकुमार (२०५५) ***हाम्रा गाउँखाने कथा ।***

बन्धू, चुडामणी (२०६६) ***नेपाली लोक साहित्य*** , दोस्रो संस्करण एकता बुक्स ।

भट्ट, देवदत्त (२०५५) ***बैतडेली गाउँखाने कथाको अध्ययन,*** त्रि.वि. नेपाली स्नातकोत्तर शोधपत्र-अप्रकाशित) ।

भट्टराई, शेरचन्द्र शर्मा (२०५३) ***माध्यमिक नेपाली गद्याख्यान*** , काठमाडौँ : ने.रा. प्र.प्र. ।

भट्टराई, गोविन्द प्रसाद (२०३१) ***पूर्विय काव्य सिद्धान्त*** , तेस्रो संस्करण ने.रा. प्र.प्र. ।

भट्टराई, होमनाथ शर्मा (२०२३) ***नेपाली उखान टुक्का,*** काठमाडौं : शर्मा पुस्तक भण्डार ।

मिश्र, श्रीधर सन् (१९८४) ***भोजपुरी पहेलियो की विवेचना, परिभाषा एवं परम्परागत फोकलोर*** अप्रिल १-८ ।

योगी, नरहरि नाथ (सम्पा) (२०२१) ***हिमाली लोक साहित्य काठमाडौं*** : आर्यवीर कलाकार समिति ।

रिजाल, लोकनाथ (२०६८) ***धादिङ जिल्लामा प्रचलित लोककथाको संकलन वर्गीकरण र विश्लेषण,*** त्रि.वि. मानवीकि तथा समाजशास्त्र संकायको शोधपत्रको प्रयोगको लागि ।

लामिछाने, कपिलदेव (२०६१)***रमाइला गाउँखाने कथा*** , काठमाडौँः विवेक सिर्जनशिल प्रकाशन ।

लामिछाने, कपिल (२०६४) ***नेपाली लोकगाथाको अध्ययन,*** ललितपुर : साझा प्रकाशन ।

लामिछाने, मनोहर (२०६४) ***लोक साहित्य र संस्कृतिका केही पाटाहरू,*** ललितपुर : साझा प्रकाशन ।

लामिछाने, डा.कपिलदेव (२०६८) ***नेपाली गाउँखाने कथाको अध्ययन*** प्रथम संस्करण, काठमाडौँः विवेक सिर्जनशिल प्रकाशन ।

वनवासी, देवीप्रसाद (२०५५) ***आधीँखोले लोक संस्कृति*** , स्याङजा : चित्रलेखा प्रकाशन ।

सुवेदी, तिर्थराज (हंसपरे सुवेदी) (२०५८) ***नेपाली कुटरचनाको परिचय र विवेचना*** विश्वविद्यालय अनुदान आयोगमा प्रस्तुत लघु अनुसन्धान प्रतिवेदन -अप्र.)

श्रेष्ठ, किरणलक्ष्मी (२०४३) ***गाउँखाने कथाको संगालो*** , धरान : शंकर ।

श्रेष्ठ, तेजप्रकाश (२०४४) ***अछामी लोक साहित्य,*** काठमाडौँ : रत्न पुस्तक भण्डार ।